# मनाङ ङिस्याङ गाउँपालिकाको शिक्षा क्षेत्र योजना

## (२०८१/०८२-२०८५/०८६)






**मनाङ ङिस्याङ गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

**हुम्डे, मनाङ**

**गण्डकी प्रदेश**

**नेपाल**



Scanned with CamScanner

लेखन तथा तयारी समुह
श्री छिउदा गुरूङ गाउँ कार्यपालिका सदस्य
श्री मञ्जु सुवेदी शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख
श्री शिव प्रसाद अधिकारी प्रधानाध्यापक भ्राका आधारभुत विद्यालय, भ्राका
श्री धनपती सुवेदी शिक्षक अन्नपुर्ण माध्यमिक विद्यालय, मनाङ
श्री सुशिल अर्याल सूचना तथा प्रविधि अधिकृत
श्री अनिता चुदाली सहायक महिला विकास निरिक्षक
श्री राम बहादुर रावत स्थानीय शिक्षा इकाइ संयोजक (मनाङ) प्रारम्भिक सिकाइ कार्यक्रम
श्री मनोज सुबेदी संकल्प अध्ययन केन्द्र


प्रकाशकः मनाङ ङिस्याङ गाउँपालिका शिक्षा, खेलकुद तथा युवा शाखा
प्रकाशन प्रतिः
सर्वाधिकारः मनाङ ङिस्याङ गाउँपालिका, हुम्डे मनाङ
मुद्रणः
प्रमाणित मितीः
प्रकाशन मितिः

प्राविधिक परामर्श सेवा सहयोगः प्राविधिक परामर्श संकल्प अध्ययन केन्द्र काठमाण्डौ

## अध्यक्षको भनाई



बि.सं. २०७२ को गणतान्त्रिक नेपालको संविधानले तीन तहको सरकारको व्यवस्था गरी सङ्घीयतालाई कार्यान्वयनमा ल्याएसँगै वि.सं २०७३ मा स्थानीय तह निर्माण भयो । वि.सं २०७४ पहिलो र २०७९ मा दोस्रो स्थानीय तहको निर्वाचन पश्चात् तीन तहको सरकार मध्ये तल्लो तहको स्थानीय सरकार स्थानीय तहको विकास र समृद्धिका लागि अहोरात्र क्रियाशील रहेको छ । स्थानीय आवश्यकतामा आधारित योजना निमार्णमा स्थानीय तहका सरोकारवालाहरूको बढी भन्दा बढी सहभागिता गराई तयार गर्ने र कार्यान्वयनमा उनीहरूकै जिम्मेवारी रहने व्यवस्था गरी विकेन्द्रीकरण सैद्धान्तिक पक्षलाई जोड दिँदै मनाङ डिस्याङ गाउँपालिको शिक्षा क्षेत्रको योजना शिक्षा योजना निमार्ण तथा कार्यन्वयनमा सरोकारवालाहरूलाई संलग्नता गराउनु यस शिक्षा योजना को उद्देश्य हो । शिक्षा योजना यस मनाङ डिस्याङ गाउँपालिकाको शैक्षिक अवस्था निर्धारित लक्ष्यमा पुग्नको लागी आवश्यक एक रोड म्याप सहितको दस्तावेज भएकाले समय र स्थानीय आवश्यकता अनुसार तयार पारिन्छ । यस योजना कार्यान्वियनका क्रममा आएका समस्या तथा कमीकमजोरीलाई कार्यन्वयन पश्चात मूल्याङ्कनका आधारमा संसोधन गरिने छ । यस पाठ्यक्रम निर्माणका क्रममा महत्त्वपूर्ण सुझाव दिनुहुने उपाध्यक्ष छिरिङ गुरुङ, नि. प्रमुख प्रशासकीय अधिकृत नविन क्षेत्री, शिक्षा अधिकृत मञ्जु सुवेदी र लेखन तथा तयारी समुहप्रति कृतज्ञता व्यक्त गर्दछु । शैक्षिक अवस्थालाई सुधारका लागी आवश्यकतामा आधारित योजना निमार्णमा गर्दै युगानुकूल शिक्षा प्राप्त गर्न पाउने हरेक बालबालिकाको अधिकारलाई साकार पार्न शिक्षा क्षेत्रको योजना शिक्षा योजना तयारीमा खटिनुहुने शिक्षा शाखा प्रमुख, लेखन तथा तयारी समुह, विद्यालयका प्रधानाध्यापकहरू, अभिभावक, शिक्षक, विद्यार्थी, शिक्षाप्रेमी सबैमा धन्यवाद । यस शिक्षा योजना राखेको लक्ष्य र उद्देश्यहरू पूरा गर्न कार्यान्वयनमा सबै पक्षको सक्रिय सहभागिताको लागि शुभकामना ।

कान्छा घले
गाउँपालिका अध्यक्ष
**कान्छा घले**
**अध्यक्ष**



Scanned with CamScanner

## उपाध्यक्षको भनाई




मनाङ डिस्याङ गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा र छिउँदा गुरुङ गाउँ कार्यपालिका सदस्य संयोजकका रहेको लेखन तथा तयारी समुहले सम्पादन गरी पञ्चवर्षीय गाउँ शिक्षा योजना निर्माण गरेकोमा अत्यन्त खुशी लागेको छ । शैक्षिक योजनाले अहिले हामी कहाँ छौं र कहाँ जान चाहन्छौं भन्ने कुराका बीच पुलको काम गर्दछ । आजको शिक्षालाई निश्चित समायवधि भित्र कस्तो बनाउने शैक्षिक गतिविधिहरुलाई कुन दिशा दिने र व्यक्ति र समाजको मागलाई कसरी सम्बोधन गर्ने भन्ने विषयहरु शिक्षा योजनामा समेटिन्छन् । हामीले विभिन्न शैक्षिक गतिविधिहरु सञ्चालन गर्दै आएतापनि योजनावद्ध र व्यवस्थित रुपमा सञ्चालन नभैरहेको परिप्रेक्षमा यस मनाङ डिस्याङ गाउँपालिकाको शिक्षालाई निश्चित दिशा तय गर्नका लागि यो अत्यन्त महत्वपूर्ण दस्तावेज बन्न पुगेको छ । बौद्धिक व्यक्तित्वहरुको नेतृत्व सल्लाह र सुझाब बाट बनेको हुनाले यो थप मौलिक यथार्थपरक र व्यवहारिक छ भन्ने ठानेको छु । यसमा उल्लेख गरिएका परिमाणात्मक सूचकहरु पुरा गर्नका सबै पक्षको सहयोग रहनेछ ।

अन्तमा शिक्षा क्षेत्रको समग्र पक्ष समेटीएको शिक्षा योजना पालिकाको शैक्षिक विकासको मूल मार्गदर्शक दस्तावेजको रुपमा हामी सबैका लागि कोशेढुङ्गा सावित होस् भन्ने शुभकामना व्यक्त गर्दछु

छिरिङ गुरुङ
गाउँपालिका उपाध्यक्ष

**छिरिङ गुरुङ**
**उपाध्यक्ष**



Scanned with CamScanner



## प्रमुख प्रशासकीय अधिकृतको भनाई

शिक्षाका निति नियम, शिक्षण कला प्रकृया र मुल्यांकन प्रणाली, विद्यालय प्रशासन, अनुगमन तथा निरिक्षण जस्ता पक्षहरुले शिक्षण सिकाइमा व्यापक प्रभाव पार्दछ । यस शिक्षा क्षेत्रको योजना शिक्षा योजनाले कक्षाकोठामा शिक्षण कलाको प्रयोग र विकास गर्न प्रेरित गर्ने छ । यसका लागि आवश्यक पर्ने विद्यालयको भौतिक सुधार, शिक्षक तालिमको व्यबस्थापन, शिक्षकहरुमा उत्प्रेरणा र आत्मवल विकास, शिक्षण सामाग्रीको उपलब्धता, विद्यालय प्रशासन तथा व्यवस्थापन सुधार, अभिभावक क्षमता विकास र समुदाय परिचालन जस्ता अन्य शैक्षिक क्षेत्रको विकासमा पनि सहयोग पुग्ने छ भन्ने आशा लिएको छु । गुणस्तरिय शिक्षाका लागि सबै बालबालिकाहरुलाई विद्यालयको पहुँचमा लिएर, उनीहरुलाई नियमित गराउँदै विद्यालय तहहरु पार गराउनु पर्ने चुनौती पनि हाम्रा सामु रहेको छ । यस चुनौतीलाई समुदाय परिचालन र अभिभावक सचेतनाका माध्यमबाट समाधान गर्ने प्रयत्नमा यस योजनाले सहयोग पुर्याउने छ । योजनाको सफल कार्यान्वियनका लागि शिक्षक बर्ग, विद्यालय व्यबस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरु, शिक्षाप्रेमी बुद्धिजिवी व्यक्तित्वहरु, समाजसेवीहरु, राजनैतिक दलका पदाधिकारीहरु, सामाजिक संघ संस्थाका पदाधिकारीहरु र शिक्षा एकाईका राष्ट्रसेवक कर्मचारीहरुको परिश्रम र लगनशिलताले महत्वपुर्णभूमिका खेल्ने नै छ । हाम्रो गाउँपालिका क्षेत्र भित्रको विद्यालयको शैक्षिक विकासमा यस योजनाले महत्वपुर्ण सहयोग पुर्याउनुका साथै सामाजिक आर्थिक विकासमा समेत सकारात्मक प्रभाव पार्ने छ भन्ने आशा लिएको छु ।

गाउँ शिक्षा योजना तयारी कार्यको लागि विज्ञ सहितको टोलीबाट गाउँ शिक्षा योजना तर्जुमाको कार्य लगनशिलतापूर्वक भएकोमा शिक्षा योजना लेखन तथा तयारी समितिलाई धन्यवाद दिन चाहन्छु । यस गाउँपालिका अन्तर्गतका विद्यालयको शैक्षिक, भौतिक, व्यवस्थापकीय र प्रशासनिक पक्षको सुधार गर्दै बालबालिकाको अनिवार्य, निशुल्क तथा गुणस्थरिय शिक्षा प्राप्त गर्ने अधिकारलाइ सुनिश्चित गर्न शिक्षा योजना कोशेढुंगा साबित हुनेछ भन्ने अपेक्षा लिएको छु । साथै शिक्षा योजनाका सबै आधारहरुलाई एकिकृत रुपमा हेर्ने दृष्टिकोणको विकास र त्यसको कार्यान्वयनमा शिक्षा योजना सफल होस् भन्ने शुभेच्छा प्रकट गर्न चाहन्छु ।

नविन क्षेत्री
नि. प्रमुख प्रशासकिय अधिकृत

**नि. प्रमुख प्रशासकीय अधिकृत**



Scanned with CamScanner

## हाम्रो भनाई

शिक्षा सभ्यताको आधारशिला र समृद्धिको मुख्य स्रोत हो। कुनै पनि समाजको रूपान्तरणको लागि चेतना र जागरण अपरिहार्य छ। दक्ष र ऊर्जाशील जनशक्ति नै सामाजिक विकासको मेरुदण्ड हो, र यसलाई शिक्षा मार्फत मात्र हासिल गर्न सकिन्छ। शिक्षामा गरिएको लगानी दीर्घकालीन लाभदायक हुन्छ। एउटा भनाइ छ, "एक वर्षको योजना बनाउनु छ भने धान रोप्नुस्, २० वर्षको योजना बनाउनु छ भने रुख रोप्नुस्, तर १०० वर्षको योजना हो भने बालबालिकालाई शिक्षित बनाउनुहोस्" यसले देखाउँछ कि आजका बालबालिका भविष्यका कर्णधार हुन्, जो देशलाई विकासको नयाँ उचाइमा पुर्याउनेछन्। त्यसैले, बालबालिकाको विकास र शिक्षामा पर्याप्त लगानी गर्नु अत्यावश्यक छ .

आज विश्वमा ती देशहरू विकासको शिखरमा छन् जसले शिक्षामा ठुलो मात्रामा लगानी गरेका छन्। शिक्षाले नै न्यून, मध्यम र उच्च स्तरका दक्ष जनशक्ति उत्पादन गर्न मद्दत गर्छ। त्यसैले, शिक्षाको योजनाबद्ध विकासले मात्र राष्ट्रलाई सही दिशा दिन सक्छ। यसले सभ्यताको आधार खडा गर्छ, साथै भाषा, संस्कृति, र पहिचानको संरक्षण पनि सुनिश्चित गर्छ। यससँगै सामाजिक र आर्थिक विकासको प्रक्रियालाई पनि गति दिन्छ। सारमा, योजनाबद्ध र गुणस्तरीय शिक्षा नै देशको विकासको मुख्य आधार हो।

योजना भनेको वर्तमान र भविष्यबिचको पुल हो। मनाङ डिस्याङ गाउँपालिकाको शिक्षा क्षेत्रलाई एक सुनिश्चित दिशा दिन र गन्तव्य पहिल्याउन यो दस्तावेज तयार गरिएको छ, जुन सबैका लागि एक महत्त्वपूर्ण कदम हो। यो पञ्चवर्षीय गाउँ शिक्षा योजना निर्माण गर्दा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी गरिएका शिक्षा क्षेत्र योजना, विद्यालय क्षेत्र विकास योजना, र शैक्षिक योजना निर्माण ढाँचालाई आधार मानिएको छ।

यो योजना बाह्य संस्था वा व्यक्ति भन्दा पनि यहाँका सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा तयार भएको छ, जसले यसलाई थप अपनत्वको भावना दिन्छ। गाउँ कार्यपालिकाद्वारा शिक्षा योजना निर्माण समिति गठन गरी, सो समितिको सहकार्यमा योजना तयार गरिएको हो।

योजना निर्माण प्रक्रियामा, जनअपेक्षा र सामाजिक आवश्यकताहरूलाई सम्बोधन गर्दै सरोकारवालाहरूबाट गोष्ठी, अन्तरक्रिया, र छलफलमार्फत विभिन्न सुझावहरू प्राप्त गरिएका छन्। योजनाका उद्देश्य, लक्ष्य र रणनीतिहरूलाई राष्ट्रिय शिक्षा योजनासँग समन्वयमा राखेर तयार गरिएको छ, जसले राष्ट्रिय लक्ष्यहरू पूरा गर्न मद्दत पुर्याउँछ। स्रोत व्यवस्थापनमा सङ्घीय, प्रदेश, र स्थानीय तहबाट उपलब्ध स्रोतहरूलाई ध्यानमा राख्दै शिक्षामा लाग्ने खर्चको प्रक्षेपण गरिएको छ।

हामीलाई विश्वास छ कि यस योजनाका लक्ष्य र कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सबै पक्षबाट सहयोग र सहकार्य प्राप्त हुनेछ।

गाउँ शिक्षा योजना निर्माण कार्यदल
मनाङ डिस्याङ गाउँपालिका
मितिः २०८२ बैशाख ३० गते

## कार्यकारी सारांश

मनाङ ङिस्याङ गाउँपालिकाले पहिलो पटक आफ्नो गाउँ शिक्षा योजना निर्माण गरेको छ। आर्थिक वर्ष २०८१/०८२ देखि २०८५/०८६ सम्मका लागि तयार गरिएको यो पञ्चवर्षीय योजनाले मनाङ ङिस्याङको शिक्षा क्षेत्रलाई आगामी पाँच वर्षमा कस्तो बनाउने भन्ने बारेमा स्पष्ट दिशा निर्देशन दिएको छ। यस योजनाका लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम र स्रोत व्यवस्थापनको विश्लेषण गर्दा योजना निम्न विशेषताहरूमा आधारित रहेको छः

- गाउँ शिक्षा योजना नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन (*२०७९, परिमार्जित र अद्यावधिक संस्करण २०८१*) अनुसार निर्माण गरिएको छ।
- माध्यमिक तहसम्मको शिक्षा संवैधानिक रूपमा स्थानीय तहमा हस्तान्तरण गरिए अनुसार यस योजनाको जिम्मेवारी गाउँ शिक्षा समितिबाट गठित योजना निर्माण कार्यदलले सम्हालेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ र आन्तरिक कार्यविधिअनुसार योजना स्वीकृत गरी कार्यान्वयनमा ल्याइनेछ।
- यो योजना कुनै व्यक्तिगत वा संस्थागत प्रयास नभई मनाङ ङिस्याङ गाउँपालिकाका सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा निर्माण भएको छ, जसले सबैलाई अपनत्व र कार्यान्वयनमा जिम्मेवारी बोध गराएको छ।
- योजना निर्माण गर्दा शिक्षा मन्त्रालयको कार्य ढाँचा र विद्यालय क्षेत्र विकास योजनालाई स्थानीय आवश्यकतासँग जोडेर प्रस्तुत गरिएको छ।
- आगामी पाँच वर्षका लागि प्रत्येक कार्यक्रमको लक्ष्य र बजेटको अनुमान गरिएको छ, जबकि भौतिक लक्ष्य आगामी १० वर्षसम्मको लागि निर्धारण गरिएको छ। यसले दीर्घकालीन रूपमा मनाङ ङिस्याङको शैक्षिक क्षेत्रमा सुधार ल्याउने अपेक्षा गरिएको छ।
- यो योजना राष्ट्रिय शिक्षा योजनासँग समायोजन गरी राष्ट्रिय शैक्षिक लक्ष्यहरू पूरा गर्ने दिशामा निर्माण गरिएको छ।
- योजना निर्माणको आधारशिला शैक्षिक तथ्याङ्क र विवरणहरूको मुख्य स्रोत एकीकृत शैक्षिक सूचना प्रणाली (**IEMIS**)रहेको छ। साथै, विद्यालयहरूले प्रस्तुत गरेका तथ्याङ्क, राष्ट्रिय जनगणना २०७८, विद्यालयको स्थलगत अनुगमन प्रतिवेदन र कार्यालयको अभिलेखलाई पनि आधार मानेर योजना तयार गरिएको छ।
- यो गाउँ शिक्षा योजना तयार गर्दा प्रारम्भिक कक्षा सिकाइ कार्यक्रमले प्राविधिक सहयोग र शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शिक्षा विकास तथा समन्वय इकाई र अन्य संस्थाहरूले कार्यशालाहरू र सामग्रीहरू मार्फत योजना निर्माणमा सहजीकरण गरेका छन्।
- योजना निर्माणको लागि बजेट गाउँपालिकाको आन्तरिक स्रोतबाट व्यवस्थापन गरिएको छ, र यसलाई व्यवहारिक, यथार्थपरक र सरल बनाउने प्रयास गरिएको छ।
- सङ्घीय तहबाट प्राप्त हुने सशर्त कार्यक्रम र अनुदानलाई पनि योजनाको हिस्सा बनाइएको छ, साथै सङ्घीय सरकारको मापदण्ड अनुसार बजेट अनुमान गरिएको छ।
- पाँच वर्षीय योजनाको कुल बजेट रु. ३६६,३३३,०००.०० प्रक्षेपण गरिएको छ। यसमा सङ्घीय तहबाट रु. २१४,०८०,०००.००, प्रदेश तहबाट रु. ५७,०२२,५००.००, स्थानीय तहबाट रु. ७८,२६५,५००.००, र विद्यालय तथा अन्य क्षेत्रबाट रु. १६,५७५,०००.०० लगानी हुने अनुमान छ।
- हरेक शैक्षिक उपक्षेत्रको सूक्ष्म विश्लेषण गरी लक्ष्य, उद्देश्य, रणनीति, र स्रोत व्यवस्थापनको स्पष्ट विवरण प्रस्तुत गरिएको छ।
- विद्यालय सुधार गर्न प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (**PMEC**)पुरा गराउने, शिक्षकहरूको पेसागत विकास गर्ने, सूचना प्रविधिको प्रयोग बढाउने, विपन्न, अशक्त, र सुविधाविहीन बालबालिकाको समतामूलक पहुँच सुनिश्चित गर्ने लक्ष्य राखिएको छ। साथै, स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्दै मनाङ ङिस्याङको सांस्कृतिक, ऐतिहासिक, र आर्थिक पक्षलाई सम्बोधन गर्ने योजना बनाइएको छ।
- योजना कार्यान्वयनमा गाउँपालिकाले पूर्ण जिम्मेवारी लिने प्रतिबद्धता जनाएको छ। यस गाउँपालिकाको शिक्षाको संरचनालाई थप बलियो बनाउनको लागि संस्थागत विकास, सुशासन कायम गर्न गाउँ शिक्षा समिति र अनुगमन

समिति मार्फत कार्यक्रमहरूको निरन्तर निरीक्षण, अनुगमन र सुपरिवेक्षण गरिनेछ, जसले नतिजा केन्द्रित कार्यान्वयन सुनिश्चित गर्नेछ।

- यो योजनाको प्रभावकारी कार्यान्वयन गर्नको लागि गाउँपालिका अन्तरगतका शिक्षासँग सम्बन्धित विभिन्न संरचनाहरूको प्रभावकारी परिचालन गर्न आवश्यक देखिन्छ । जसको लागि शिक्षाका संस्थागत विकास गर्न ती संरचनाहरूको क्षमता विकास गर्नु पर्ने आवश्यकता छ । शिक्षा योजना कार्यान्वयन गर्नको लागि आवश्यक पर्ने नीति, ऐन, नियमावली, कानुन, निर्देशिका, कार्यविधि र अन्य योजना तयार गर्नु पर्ने छ ।
- योजना सम्बन्धी विषयवस्तु, स्रोत, व्याख्यात्मक प्रस्तुति र विश्वसनीयताका लागि अन्तमा सो सम्बन्धी अनुसूची र सन्दर्भ सामग्री राखिएको छ ।

यो गाउँ शिक्षा योजनाले मनाङ डिस्याङ गाउँपालिकाको शिक्षा विकासमा दिशा तय गर्ने मात्र नभई सबै सरोकारवालाहरूको जिम्मेवारी र अपनत्व बढाउने आशा गरिएको छ। योजना कार्यान्वयनका लागि सबै पक्षको समन्वय, सहयोग, र सहकार्य आवश्यक हुनेछ भन्ने विश्वास लिइएको छ।

# विषय सूची

अध्यक्षको भनाई.................................................................**Error! Bookmark not defined.**
उपाअध्यक्षको भनाई ..........................................................**Error! Bookmark not defined.**

प्रमुख प्रशासकिय अधिकृतको भनाई............................................Error! Bookmark not defined.
हाम्रो भनाई ........................................................................................................I
कार्यकारी सारांश ..................................................................................................II
क) विषय प्रवेश................................................................................................... १
ख) शिक्षा योजना निर्माणको आवश्यकता..................................................................... १
ग) स्थानीय तहमा योजना निर्माणको औचित्य.............................................................. १
घ) शिक्षा योजना निर्माणका आधार .......................................................................... १
ङ) शिक्षा योजना निर्माण प्रक्रिया ............................................................................ २
च) योजनाको लेखाजोखा......................................................................................... २
परिच्छेद १- परिचय.............................................................................................. ३
१.१ पृष्ठभूमि.......................................................................................................... ३
१.२ मनाङ ङिस्याङ गाउँपालिकाको परिचय.................................................................. ४
१.२.१ मनाङ ङिस्याङ गाउँपालिकाको भौगोलिक अवस्थिति ............................................ ४
१.२.२ मनाङ ङिस्याङ गाउँपालिकाको राजनैतिक तथा प्रशासनिक विभाजन.............................. ४
१.२.३ मनाङ ङिस्याङ गाउँपालिकाको जनसंख्या अवस्था..................................................... ४
१.२.४ मनाङ ङिस्याङको समाजिक तथा सांस्कृतिक अवस्थाः................................................ ५
१.२.५ मनाङ ङिस्याङ गाउँपालिकाको आर्थिक अवस्थाः...................................................... ५
१.२.६ मनाङ ङिस्याङ्गको शैक्षिक सन्दर्भ ....................................................................... ६
१.३ मुख्य समस्या तथा चुनौतीको विश्लेषण..................................................................११
१.३.१ शिक्षा क्षेत्रका मुख्य चुनौतीहरूः..........................................................................११
१.३.२ शिक्षा क्षेत्रका समस्याहरूः..................................................................................११
१.४ शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण..............................................................१२
१.५ विद्यालय शिक्षा क्षेत्रका अवसरहरू........................................................................१२
१.६ यस शिक्षा योजनाले समेट्का पक्षहरू ....................................................................१३
परिच्छेद २- दुरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण.......................................१६
२.१ योजना निर्माणका आधार ......................................................................................१६
२.२ दीर्घकालीन सोच..................................................................................................१६
२.३ ध्येय...................................................................................................................१६
२.४ उद्देश्यहरू............................................................................................................१६
२.५ रणनीतिहरु .........................................................................................................१७
२.६ कार्यनीति ...........................................................................................................१८
२.७ अपेक्षित मुख्य उपलब्धिहरू.....................................................................................१९
२.८ मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य .................................................१९
परिच्छेद ३- विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू........................................................... २१
पृष्ठभुमि...............................................................................................................२१

३.२ प्रारम्भिक वाल विकास र शिक्षा ........ २१
३.१.१ परिचय ........ २१
३.१.२ वर्तमान अवस्था ........ २१
३.१.३ उद्देश्य ........ २२
३.१.४ रणनीति ........ २२
३.१.५ प्रमुख उपलब्धी तथा नतिजा ........ २३
३.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ २५
३.१.७ लगानी र स्रोत व्यवस्थापन ........ २६
३.२ आधारभूत शिक्षा ........ २८
३.२.१ परिचय ........ २८
३.२.२ वर्तमान अवस्था ........ २८
३.२.३ उद्देश्य ........ २९
३.२.४ रणनीति ........ ३०
३.२.५ प्रमुख उपलब्धी तथा नतिजा ........ ३१
३.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ३२
३.२.७ लगानी र स्रोत व्यवस्थापन ........ ३३
३.३ माद्यामिक शिक्षा ........ ३६
३.३.१ परिचय ........ ३६
३.३.२ वर्तमान अवस्था ........ ३६
३.३.३ उद्देश्य ........ ३७
३.३.४ रणनीति ........ ३७
३.३.५ प्रमुख उपलब्धी तथा नतिजा ........ ३८
३.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ४०
३.३.७ लगानी र स्रोत व्यवस्थापन ........ ४१
३.४ प्राविधिक तथा व्यवसायिक तालिम ........ ४४
३.४.१ परिचय ........ ४४
३.४.२ वर्तमान अवस्था ........ ४४
३.४.३ उद्देश्य ........ ४४
३.४.४ रणनीति ........ ४४
३.४.५ प्रमुख उपलब्धी तथा नतिजा ........ ४५

३.४.६ लगानी र स्रोत व्यवस्थापन ........ ४६
३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ........ ४७
३.५.१ परिचय ........ ४७
३.५.२ वर्तमान अवस्था ........ ४७
३.५.३ उद्देश्य ........ ४७
३.५.४ रणनीति ........ ४७
३.५.५ प्रमुख उपलब्धी तथा नतिजा ........ ४८
३.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ४९
३.५.७ लगानी र स्रोत व्यवस्थापन ........ ४९
परिच्छेद ४- अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू........ ५१
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ........ ५१
४.१.१ परिचय ........ ५१
४.१.२ वर्तमान अवस्था ........ ५१
४.१.३ उद्देश्य ........ ५३
४.१.४ रणनीति ........ ५३
४.१.५ प्रमुख उपलब्धी तथा नतिजा ........ ५४
४.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ५५
४.१.७ लगानी र स्रोत व्यवस्थापन ........ ५६
४.२ शिक्षक व्यवस्थापन र विकास........ ५८
४.२.१ परिचय ........ ५८
४.२.२ वर्तमान अवस्था ........ ५८
४.२.३ उद्देश्य ........ ५९
४.२.४ रणनीति ........ ५९
४.२.५ प्रमुख उपलब्धी तथा नतिजा ........ ६०
४.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ६१
४.२.७ लगानी र स्रोत व्यवस्थापन ........ ६२
४.३ शिक्षामा समता र समावेशीकरण ........ ६४
४.३.१ परिचय ........ ६४
४.३.२ वर्तमान अवस्था ........ ६४
४.३.३ उद्देश्य ........ ६५

४.३.४ रणनीति ............................................................................................................................................................६५
४.३.५ प्रमुख उपलब्धी तथा नतिजा ............................................................................................................................६६
४.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........................................................................................................६७
४.३.७ लगानी र स्रोत व्यवस्थापन ..............................................................................................................................६७
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ................................................................................................................६९
४.४.१ परिचय ..............................................................................................................................................................६९
४.४.२ वर्तमान अवस्था .................................................................................................................................................६९
४.४.३ उद्देश्य ...............................................................................................................................................................७०
४.४.४ रणनीति ............................................................................................................................................................७०
४.४.५ प्रमुख उपलब्धी तथा नतिजा ............................................................................................................................७०
४.४.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........................................................................................................७२
४.४.७ लगानी र स्रोत व्यवस्थापन ..............................................................................................................................७३
४.५ विद्यालय सुरक्षा, विपत् न्यनीकरण तथा उत्थानशीलता .........................................................................................७५
४.५.१ परिचय ..............................................................................................................................................................७५
४.५.२ वर्तमान अवस्था .................................................................................................................................................७५
४.५.३ उद्देश्य ...............................................................................................................................................................७६
४.५.४ रणनीति ............................................................................................................................................................७६
४.५.५ प्रमुख उपलब्धी तथा नतिजा ............................................................................................................................७६
४.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........................................................................................................७८
४.५.७ लगानी र स्रोत व्यवस्थापन ..............................................................................................................................७८
४.६ विद्यालय भौतिक पूर्वाधार विकास .........................................................................................................................८०
४.६.१ परिचय ..............................................................................................................................................................८०
४.६.२ वर्तमान अवस्था .................................................................................................................................................८०
४.६.३ उद्देश्य ...............................................................................................................................................................८१
४.६.४ रणनीति ............................................................................................................................................................८१
४.६.५ प्रमुख उपलब्धी तथा नतिजा ............................................................................................................................८२
४.६.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........................................................................................................८३
४.६.७ लगानी र स्रोत व्यवस्थापन ..............................................................................................................................८४
४.७ शिक्षामा सूचाना तथा प्रविधि ..................................................................................................................................८५
४.७.१ परिचय ..............................................................................................................................................................८५

४.७.२ वर्तमान अवस्था ....................................................................................................८५

४.७.३ उद्देश्य ....................................................................................................८६

४.७.४ रणनीति ....................................................................................................८६

४.७.५ प्रमुख उपलब्धी तथा नतिजा ....................................................................................................८६

४.७.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ....................................................................................................८८

४.७.७ लगानी र स्रोत व्यवस्थापन ....................................................................................................८८

परिच्छेद ५- सुशासन तथा व्यवस्थापन.................................................................................................... ९०

५.१ संस्थागत संरचना तथा क्षमता विकास.................................................................................................... ९०

५.१.१ परिचय ....................................................................................................९०

५.२.२ वर्तमान अवस्था ....................................................................................................९१

५.२.३ उद्देश्य ....................................................................................................९२

५.२.४ रणनीति ....................................................................................................९२

५.२.५ प्रमुख उपलब्धी तथा नतिजा ....................................................................................................९३

५.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ....................................................................................................९४

५.२.७ लगानी र स्रोत व्यवस्थापन ....................................................................................................९५

५.२ शिक्षा योजना कार्यान्वयनको प्रबन्ध .................................................................................................... ९६

५.२.१ परिचय ....................................................................................................९६

५.२.२ वर्तमान अवस्था ....................................................................................................९६

५.२.३ वर्तमान अवस्था ....................................................................................................९६

५.२.४ रणनीति ....................................................................................................९७

५.२.५ प्रमुख उपलब्धी तथा नतिजा ....................................................................................................९७

५.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ....................................................................................................९८

५.२.७ लगानी र स्रोत व्यवस्थापन ....................................................................................................९८

परिच्छेद ६- लगानी र स्रोत व्यवस्थापन....................................................................................................१००

६.१ परिचय ....................................................................................................१००

६.२ वर्तमान अवस्था....................................................................................................१००

६.३ उद्देश्य....................................................................................................१०२

६.४ रणनीतिहरू....................................................................................................१०२

६.५ स्रोत अनुमान र विश्लेषण ....................................................................................................१०२

परिच्छेद सातः अनुगमन तथा मुल्याङ्कन....................................................................................................१०५

७.१ परिचय.................................................................................................... १०५

७.२ वर्तमान अवस्था................................................................................................................ १०५

७.३ उद्देश्य....................................................................................................................... १०५

७.४ रणनीति...................................................................................................................... १०६

७.५ प्रमुख उपलब्धी तथा नतिजा ........................................................................................ १०६

७.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य......................................................................... १०७

७.६ लगानी र स्रोत व्यवस्थापन............................................................................................. १०७

परिच्छेद ८- योजना नतिजा खाका....................................................................................१०९

८.१ परिचय .......................................................................................................................१०९

८.२ योजनाको तत्कालिन उपलब्धि .......................................................................................१०९

८.३ योजनाको मध्यकालिन उपलब्धि......................................................................................११०

८.४ योजनाको दीर्घाकालिन उपनब्धि .....................................................................................११०

८.५ प्रमुख कार्यसम्पादन सूचक तथा कार्यक्रम नतिजा खाका........................................................१११

अनुसूचीहरू.......................................................................................................................११७

अनुसूची-१ विद्यालगत विद्यार्थी विवरण ........................................................................... ११७

अनुसूची-२ गाउँ शिक्षा समितिका पदाधिकारीको विवरण.......................................................... ११७

अनुसूची-३ गाउँ शिक्षा योजाना निर्माण समितिको विवरण ........................................................ ११७

अनुसूची-४ गाउँ शिक्षा योजना लेखन समितिको विवरण.......................................................... ११७

अनुसूची-५ विद्यालयहरूकोन विवरण ................................................................................. ११७

सन्दर्भ सामग्रीहरू..............................................................................................................११८

तालिका सूची

तालिका १ :उमेरगत जनसङ्ख्या विवरण------------------------------------------------------- ४

तालिका २: वडागत जनसङ्ख्या विवरण--------------------------------------------------------- ५

तालिका ३ : शैक्षिक संस्थाहरूको विवरण------------------------------------------------------ ६

तालिका ४ : साक्षरताको विवरण---------------------------------------------------------------- ६

तालिका ५: शैक्षिक योग्यता सम्बन्धी विवरण -------------------------------------------------- ७

तालिका ६: विद्यार्थीको विवरण----------------------------------------------------------------- ७

तालिका ७: अपाङ्गता भएका विद्यार्थी विवरण -------------------------------------------------- ८

तालिका ८ : विद्यालयहरूमा कार्यरत शिक्षकहरूको विवरण------------------------------------- ८

तालिका ९ : शैक्षिक सूचकहरूको वर्तमान अवस्था -------------------------------------------- ८

## क) विषय प्रवेश

शैक्षिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पहुँच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा रहेको छ । त्यसै गरी प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भई कार्यान्वयनमा छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन भइरहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तह स्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ । विभिन्न स्थानीय तहले शिक्षा योजना तयार गर्ने कार्य प्रारम्भ गरेको सन्दर्भमा स्थानीय शिक्षा योजना निर्माण गरिएको छ ।

## ख) शिक्षा योजना निर्माणको आवश्यकता

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य सोह्रौं पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षासम्वन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय संरचनाअनुरूप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न सङ्घीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ ।

## ग) स्थानीय तहमा योजना निर्माणको औचित्य

- तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थपित गर्न
- सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न
- कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न
- साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन
- शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुर्‍याउन

## घ) शिक्षा योजना निर्माणका आधार

मनाङ ङिस्याङ गाउँपालिकाले शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्ताबेजहरूमा शिक्षा सम्बन्धी व्यवस्था भए अनुसार मूल आधार बनाई शिक्षा योजना निर्माण गरिएको छः

क) नेपालको संविधान
ख) सोह्रौं आवधिक योजना
ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४
घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन २०७७
ङ) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
च) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना
छ) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
ज) विद्यालय शिक्षामा समता रणनीति
झ) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
ञ) स्थानीय तथा प्रदेशको तहको आवधिक योजना
ट) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना
ठ) स्थानीय तहको मध्यमकालिन खर्च संरचना
ड) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८
ढ) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि
ण) मनाङ ङिस्याङ गाउँपालिकाका विभिन्न नीति तथा कार्यक्रमहरू

स्थानीय शिक्षा योजना निर्माण गर्दा स्थानीय तहले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनालाई कार्यान्वयन सहजीकरण गर्ने अभिप्रायले योजनाले परिलक्षित गरेका मुख्य मुख्य कार्यक्रमलाई आधार मानि विभिन्न योजनाबिचको अन्तर्सम्बन्ध कायम हुने गरी योजना तर्जुमा गर्नका लागि लागि स्थानीय तहअन्तर्गतका विभिन्न विभाग/शाखाहरूसँग पनि समन्वय गर्नुपर्छ।शिक्षा योजना निर्माण गर्दा गाउँपालिकाले बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गमैत्री, विभिन्न प्रकोप तथा जलवायु परिवर्तनप्रति उत्थानशील, सफा तथा स्वच्छ भौतिक पूर्वाधार र हरित विद्यालय निर्माण गरी अनुकूल सिकाइ वातावरणको प्रबन्ध तथा त्यसको सबलीकरण गर्न आवश्यक देखिन्छ ।गाउँपालिकाले शिक्षा यो शिक्षा योजना निर्माण गर्दा राष्ट्रिय ऐन नियम, निति, योजनाका साथै अन्तराष्ट्रिय प्रतिवद्धतालाई समेत आधार लिईएको छ ।

## ङ) शिक्षा योजना निर्माण प्रक्रिया

कुनै पनि कार्य सम्पन्न गर्न गरिने परिकल्पनाको स्वरूपलाई कार्यान्वयन तहसम्म पुऱ्याउन प्रतिफल दिने प्रक्रियाहरूको सम्मिश्रण योजना हो । योजना आफैंमा निर्मित हुने होइन ,यसलाई निर्माण गर्नुपर्छ ।त्यसैले योजना निर्माण गर्नु जटिल र चुनौतीपूर्ण कार्य पनि हो । विगतको अनुभव वर्तमानको कार्यशैली र भविष्यको दृष्टिकोण नै योजना भएकाले सबै तथ्यगत वस्तुको आधारमा मनाङ ङिस्याङ गाउँपालिकाको शिक्षा योजना निर्माण गर्न र यसलाई विश्लेषणात्मक रूपमा कार्यान्वयन तहसम्म पुऱ्याई अपेक्षित प्रतिफल दिने अपेक्षाका साथ सहभागितामूलक ढङ्गले योजना निर्माण कार्य गरिएको छ।यो गाउँ शिक्षा योजना निर्माण गर्न तपसिलका चरण र प्रक्रियाहरूलाई गम्भीरतापूर्वक अवलम्बन र अनुसरण गरिएको छ ।

क) शिक्षा योजना निर्माणको आवश्यकता पहिचान,
ख) शिक्षा योजना निर्माणका लागि गाउँकार्यपालिका मार्फत निर्णय,
ग) शिक्षा योजना निर्माणका लागि गाउँसभाबाट बजेट विनियोजन,
घ) अनुसुची १ अनुसारको २०८१ साउन २८ गते २९ गते शिक्षा योजना निर्माण समिती गठन,
ङ) शिक्षा योजान निर्माण समितीको बैठक मार्फत मिति २०८१ साउन ३१ गते शिक्षा योजना लेखन कार्यदल गठन तथा कार्ययोजना तयारी,
च) शिक्षा योजना निर्माणका लागि वडा स्तरीय सरोकारवालाहरूको सुझाव संकलनको गर्न अन्तरक्रिया कार्यक्रम सञ्चाल गरिएको थियो,
छ) मिति २०८१ माघ १२ गते पालिका स्तरीय सरोकारवालाहरूको सुझाव संकलन कार्यशाला सम्पन्न,
ज) मिति २०८२ चैत्र २५ गते शिक्षा योजना प्राबिधिक परामर्श कर्ता संस्थाको नेतृत्व तथा लेखन कार्यदल मार्फत शिक्षा योजनाको प्रारम्भिक मस्यौदा तयारी,
झ) बिभिन्न मितिमा गते शिक्षा योजनाको पहिलो मस्यौदा माथी सरोकारवालाहरूको सुझाव तथा पृष्ठपोषण कार्याशाला आयोजना मार्फत सरोकारवालाको सुझाव तथा पृष्ठपोषण संकलन,
ञ) मिति २०८२ बैशाख १५ गते सरोकारवालाहरूको सुझाव तथा पृष्ठपोषण समावेश गरी प्राबिधिक परामर्श कर्ता संस्था बाट शिक्षा योजनाको अन्तिमिकरण,
ट) शिक्षा योजनाको अन्तिम मस्यौदालाई बाह्य विज्ञ मार्फत लेखाजोखा तथा मुल्याङ्कन,
ठ) मिती २०८२ जेष्ठ .... गते गाउँ कार्यपालिका मार्फत शिक्षा योजनाको स्वीकृत गरी कार्यान्वयनमा ल्याउने निर्णय,

## च) योजनाको लेखाजोखा

स्थानीय तहको शिक्षा योजना निर्माण गरिसकेपछि सो योजना विश्वसनीय, वस्तुनिष्ठ दिगो र लगानीयोग्य छ कि छैन भन्नका लागि योजनाको विविध पक्ष समेटेर लेखाजोखा गरिनुपर्छ, जुन योजना कार्यान्वयन गर्नुपूर्व गरिने महत्त्वपूर्ण कार्य तथा योजनाको अभिन्न अङ्ग हो । निर्माण भएको योजनाको लेखालोखा कार्यलाई समबन्धित स्थानीय तहले आन्तरिक र बाहिरका विभिन्न विषय क्षेत्रका विज्ञहरूको समिति निर्माण गरी तोकिएका आधारमा योजनाको लेखाजोखा गरिएको छ ।

# परिच्छेद १- परिचय

## १.१ पृष्ठभूमि

शिक्षालाई कुनैपनि देशको सामाजिक तथा आर्थिक रुपान्तरणको मूल विषय क्षेत्र मानिदै आएको पाइन्छ । नेपालको संविधानले समाजवाद उन्मुख राज्य प्रणालीमा आधारित भई प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । यसका अतिरिक्त अपाङ्गता भएका र आर्थिक रुपमा विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क शिक्षा पाउने र मातृभाषामा शिक्षा पाउने हक समेतको व्यवस्था गरेको छ । राज्यको आर्थिक समृद्धि र सामाजिक न्याय सहितको समतामूलक समाज निर्माणका लागि गुणस्तरीय शिक्षाको सुनिश्चितता र सबैका लागि जीवनपर्यन्त शिक्षाको समान अवसरले दिगो शान्ति असल संस्कृति सामाजिक सहिष्णुता तथा साझा मूल्यको प्रवर्द्धन गरी राष्ट्र निर्माणमा आवश्यक मानव संसाधनको विकासका लागि शिक्षाको अहम भूमिका रहने कुरामा दुई मत छैन । मानव संसाधनको विकासबाट मुलुकमा उपलब्ध प्राकृतिक स्रोत साधन र अवसरहरुको समुचित परिचालन हुन गई नेपाल सरकारले राखेको २५ वर्षे दीर्घकालीन सोच "समृद्ध नेपाल सुखी नेपाली" सहितको समुन्नत राष्ट्र निर्माणमा शिक्षाको माध्यमबाट योगदान पुऱ्याउन सकिन्छ । यहि वृहत्तर उद्देश्य प्राप्तिका लगि राष्ट्रिय रुपमा नै शैक्षिक कार्यक्रमहरु बीच तादात्म्यता सहित राष्ट्रिय शैक्षिक योजनाको खाका भित्र रही प्रदेश र स्थानीय तहको शैक्षिक योजनामा यस्ता पक्षहरु समाविष्ट हुनुपर्छ भन्ने मान्यतालाई आत्मसात गर्दै योजना निर्माण गरिएको छ ।

नेपालको संविधान विद्यमान कानून राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता तथा प्रोटोकलहरू देशको आवश्यकता तथा देशमा सिर्जित आकस्मिक तथा आपतकालीन अवस्थामा पनि शिक्षा क्षेत्रलाई सुचारु गर्ने उद्देश्य सहित निर्माण भएको राष्ट्रिय शिक्षा योजनाको कार्यढाँचा भित्र रही राष्ट्रिय शैक्षिक लक्ष्यलाई परिलक्षित गरी सोको परिपूर्तिका लागि सहयोग पुग्ने गरी स्थानीय शिक्षा योजनाका नीति कार्यक्रम लक्ष्य उद्देश्य तथा रणनीतिहरु तय गर्नुपर्ने मार्गदर्शनलाई आत्मसात गर्दै यस गाउँ शिक्षा योजना निर्माण भएको हो ।

नेपालमा वि.सं. २०१० को नेपालमा शिक्षा नामक योजना कार्यान्वयन भएसँगै शिक्षामा आम नागरिकको चासो बढ्न गएको र राष्ट्रिय माग तथा विश्व परिस्थितिबाट सिर्जित ज्ञानको विकासमा नेपालको शिक्षा नीति योजना कार्यक्रम तथा परियोजनाहरु कार्यान्वयन हुँदै आइरहेका छन् । प्राथमिक शिक्षा परियोजना आधारभूत तथा प्राथमिक शिक्षा परियोजना प्राथमिक शिक्षा विकास परियोजना सबैका लागि शिक्षा कार्यक्रम माध्यमिक शिक्षा सहयोग कार्यक्रम शिक्षक शिक्षा परियोजना प्राविधिक तथा व्यवसायिक तालिम परियोजना सहस्राव्दी विकास लक्ष्य उच्च शिक्षा परियोजना विद्यालय क्षेत्र सुधार योजना तथा विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयनमा आए । यी योजनाहरुले राखेका शैक्षिक लक्ष्य उद्देश्य तथा रणनीतिहरुलाई पुरा गर्न परिपूरकको रुपमा प्रदेश र स्थानीय तहका शैक्षिक योजनाहरु निर्माण भैरहेका छन् ।

देशमा संघीय स्वरुपको राज्य व्यवस्था स्थापना भई तीनै तहका सरकारहरु क्रियाशील रहेका छन् । राज्यको यस बदलिँदो शासकीय स्वरुप लगायत स्थानीय, राष्ट्रिय र विश्वव्यापी परिस्थितिमा धेरै परिवर्तनहरु भइसकेका छन् । अब निर्माण हुने शिक्षा योजनाका विषयवस्तुहरुलाई फरक ढंगबाट सम्बोधन गर्नुपर्ने अवस्था सिर्जना भएको छ । राष्ट्रिय आधार मापदण्ड र स्तर निर्धारण गर्ने जिम्मेवारी संघीय सरकारकै हुने संवैधानिक प्रावधान भएको सन्दर्भमा संघीय सरकारले बनाउने शिक्षा योजनाले मुलुकलाई शिक्षा विकासको मार्गदर्शन गर्नुपर्ने र तीनै तहका सरकारले बनाएका योजनाका मूल मर्म र गन्तव्यहरुलाई प्रतिविम्बित गर्नुपर्ने हुन्छ । यी मान्यतालाई आत्मसात् गरी तीनै तहका योजना निर्माणमा आपसी सहकार्य हुनुपर्ने देखिन्छ । तीनै तहका शिक्षा योजनाहरु सँगसँगै विकास गर्न सकेमा योजनाको अन्तरसम्बन्ध स्थापित गरी अपेक्षित उद्देश्य व्यवहारिक र कार्यान्वयनयोग्य हुन सक्छ । संविधानको मर्मअनुसार समन्वय सहअस्तित्व सहकार्य र सहकारिताको सिद्धान्तमा आधारित शिक्षा योजना संगै निर्माण तथा कार्यान्वयन गर्न आवश्यक देखिएको छ । यसो हुन सकेमा स्रोत र साधनको उच्चतम प्रयोग हुनेछ भने समस्या पहिचान र प्राथमिकीकरणमा समेत तादात्म्यता आइ समग्रमा योजनामा गुणात्मकता आउनेछ ।

विद्यालय शिक्षा सुधारका लागि दीर्घकालीन योजना निर्माण गर्दा गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्ने शिक्षाको सान्दर्भिकतामा सुधार गर्ने सेवा प्रवाहमा कुशलता र प्रभावकारिता अभिवृद्धि गर्ने र नतिजामा आधारित समता प्रवर्द्धन गर्ने विषयलाई राष्ट्रिय शिक्षा योजनाले जोड दिएको सन्दर्भमा स्थानीय योजनले पनि स्थानीय स्तरमा यही विषयलाई अगाडि बढाउनुपर्ने हुन्छ । यसैगरी योजना निर्माण प्रक्रियाका दृष्टिले सरोकारवालाको सहभागिता र अपनत्व ( Participation and ownership of the stakeholder) ले उत्तिकै महत्व पाउनुपर्ने देखिन्छ । स्थानीय सरकार साधन र स्रोत प्राविधिक क्षमता लगायत जनशक्ति व्यवस्थापन र अनुभवको हिसाबले पनि स्रोत सम्पन्न नभएको र योजनामा परिलक्षित गरिएका अधिकाँश कार्यक्रमहरु संघीय सरकारले स्थानीय तहमा प्रदान गर्ने अनुदानहरु जस्तै समानीकरण (equalization), समपूरक (complementary) सशर्त (conditional) र विशेष (special) अनुदान नै भएकोले संघीय सरकारको मार्गदर्शनमा रहेर काम गर्नुपर्ने

र सोहि बमोजिम बजेटको आँकलन र प्रक्षेपण गर्नुपर्ने बाध्यता पनि विद्यमान रहेको छ । सामान्यतया योजना निर्माणका तीन चरणहरु पूर्व तयारी, योजना निर्माण र कार्यान्वयनलाई अवलम्बन गर्दै योजना निर्माण तथा कार्यान्वयन गर्ने दिशामा अघि बढेको छ ।

## १.२ मनाङ डिस्याङ गाउँपालिकाको परिचय

मनाङ गाउँपालिका नेपालको संविधानको धारा २९५ उपधारा ३ बमोजिम नेपाल सरकारबाट २०७३ साल फाल्गुण २७ गते गठित स्थानीय तहहरू मध्येको एक हो । हिमाल पारिको जिल्ला अति सुन्दर प्राकृतिक सौन्दर्यले भरिपूर्ण पर्यटकीय स्थलको रुपमा चिनिने मनाङ जिल्लामा रहेका ४ गाउँपालिका मध्ये मनाङ डिस्याङ गाउँपालिका पनि एक हो । समुन्द्री सतहदेखि ३५४० मिटरको उचाईमा रहेको मनाङमा यस मनाङ डिस्याङ गाउँपालिका ६९४.६३ वर्ग कि.मी मा फैलिएको छ । भौगोलिक रुपमा पुर्वमा चामे र नार्फू गाउँपालिका, पश्चिममा मुस्ताङ र म्याग्दी जिल्ला, उत्तरमा नार्फू गाउँपालिका र तिब्बत र दक्षिणमा कास्की र लमजुङ जिल्ला रहेको मनाङ जिल्लाको यस मनाङ डिस्याङ गाउँपालिकाको घरधुरी संख्या जम्मा ५६१ र कुल जनसंख्या १५९५ रहेको जसमध्ये महिला ७७१ र पुरुष ८२४ रहेको छ ।

विकासको गतिमा फट्को मार्न नसके पनि लमजुङ, बेसीशहर, चामे हुँदै खाङसार सडकले यस गाउँपालिकामा सडक संजाल पुगेको छ भने लघु जलविद्युतको माध्यमबाट विद्युत सेवा उपलब्ध छ । यस गाउँपालिकाको सबै वडामा टेलिफोन तथा इन्टरनेट सेवा प्रभावकारी रहेको छ । यस गाउँपालिकामा धेरैजसो जमिन कडा हिमाली चट्टानले ढाकेको केहि क्षेत्रमा सल्ला लगायत घाँसे मैदान रहेको यस क्षेत्रमा विभिन्न प्रजातिका जंगली च्याउ लोथ्रे सल्ला, पाँचऔले, वनलसुन, यार्सागुम्बा, जिम्बु, निरमसी जस्ता अन्य विभिन्न किसिमको जडीवुटीहरु पाईन्छ । साथै विभिन्न प्रजातीका चराचुरुङ्गी तथा वन्य जन्तुहरु पाइन्छ ।

### १.२.१ मनाङ डिस्याङ गाउँपालिकाको भौगोलिक अवस्थिति

समन्द्री सतहदेखि ३५४० मिटरको उचाईमा रहेको मनाङमा यस मनाङ डिस्याङ गाउँपालिका ६९४.६३ वर्ग कि.मी मा फैलिएको छ । भौगोलिक रुपमा पुर्वमा चामे र नार्फू गाउँपालिका, पश्चिममा मुस्ताङ र म्याग्दी जिल्ला, उत्तरमा नार्फू गाउँपालिका र तिब्बत र दक्षिणमा कास्की र लमजुङ जिल्ला रहेको छ ।

### १.२.२ मनाङ डिस्याङ गाउँपालिकाको राजनैतिक तथा प्रशासनिक विभाजन

नेपामा संघीय व्यवस्था लागु भएपछि नेपाललाई ७ प्रदेश र ७५३ स्थानीय तहमा विभाजन गरिएको छ । गण्डकी प्रदेश अन्तरगत मनाङ जिल्लामा रहेको मनाङ डिस्याङ गाउँपालिकालाई ९ वटा वडामा विभाजन गरिएको छ ।

### १.२.३ मनाङ डिस्याङ गाउँपालिकाको जनसंख्या अवस्था

वि.सं. २०७८ सालको राष्ट्रिय जनगणना अनुसार मानाङ डिस्याङ गाउँपालिकाको कुल जनसंख्या १५९५रहेको छ । त्यस मध्ये महिला ७७१ र पुरूष ८२४ रहेका छन् । जनसंख्या वृद्धिदर -१.०७ प्रतिशत रहेको छ । कुल परिवार संख्या ५६१ रहेको छ । उमेरगत जनसंख्या विवरण निम्न तालिकामा उल्लेख गरिएको छ ।

तालिका १ :उमेरगत जनसङ्ख्या विवरण

| क्रस | उमेर समुह | महिला | पुरूष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ५ बर्ष भन्दा मुनि | ४१ | ४२ | ८३ | ५.२०% |
| २ | ५-९ बर्ष सम्म | ३५ | ३४ | ६९ | ४.३३% |
| ३ | १०-१४ बर्ष सम्म | ३८ | ३५ | ७३ | ४.४८% |
| ४ | १५-१९ बर्ष सम्म | ४१ | ६५ | १०६ | ६.६५% |
| ५ | २०-२४ बर्ष सम्म | ४६ | ५० | ९६ | ६.०२% |
| ६ | २५-४४ बर्ष सम्म | २५८ | ३२२ | ५८० | ३६.३६% |
| ७ | ४५-५९ बर्ष सम्म | १४५ | १५८ | ३०३ | १९.००% |
| ८ | ६०-६९ बर्ष सम्म | ८२ | ६७ | १४९ | ९.३४% |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | ७० बर्ष भन्दा माथी | ८५ | ५१ | १३६ | ८.५३% |
| | जम्मा | ७७१ | ८२४ | १५९५ | १००.००% |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

यसै गरी यस गाउँपालिका भित्रका विभिन्न ९ वटा वडामा रहेको जनसंख्या विवरण देहाय अनुसार रहेको छ ।जसअनुसार सबैभन्दा धैरे जनसंख्या वडा नम्बर१ मा ३१३ र सबै भन्दा कम जनसंख्या वडा नम्बर २ मा ६० रहेको छ , वडागत जनसंख्या विवरण निम्न तालिकामा उल्लेख गरिएको छ ।

तालिका २:वडागत जनसङ्ख्या विवरण

| वडा नम्बर | महिला | पुरूष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| १ | १५६ | १५७ | ३१३ | १९.६२% |
| २ | ३२ | २८ | ६० | ३.७६% |
| ३ | ६५ | ८९ | १५४ | ९.६६% |
| ४ | ११६ | १३३ | २४९ | १५.६१% |
| ५ | १०५ | १०९ | २१४ | १३.४२% |
| ६ | ८५ | ८८ | १७३ | १०.८५% |
| ७ | ३६ | ३५ | ७१ | ४.४५% |
| ८ | १०१ | ९३ | १९४ | १२.१६% |
| ९ | ७५ | ९२ | १६७ | १०.४७% |
| जम्मा | ७७१ | ८२४ | १५९५ | १००.००% |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

*नोट;- गाउँपालिकाको वेबसाईटमा रहेको जनसंख्याको विवरण र राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदनमा जनसंख्या फरक देखिन्छ । यहाँ राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार जनसंख्याको विश्लेषण गरिएको छ।*

### १.२.४ मनाङ डिस्याङको समाजिक तथा सांस्कृतिक अवस्थाः

यस गाउँपालिकामा अधिकांश मानिसहरु बौद्ध धर्म मान्दछन् ।वि. स. २०७८ को जनगणना अनुसार यस गाउँपालिकामा बौद्ध ८१.१४%, हिन्दु १७.२४%, क्रिस्चियन ०.७९% र वोन ०.१३% धर्म मान्ने गर्दछन् । यस गाउँपालिकामा गुरुङ जातीको बाहुल्यता रहेको छ भने अन्य जात जाती पनि रहने गरेका छन् ।वि. स. २०७८ को जनगणना अनुसार यस गाउँपालिकामा गुरूङ ५४.८६%, घले ६.०८%, भोटे ६.२१%, विश्वकर्मा ६.३३%, क्षेत्री २.८८ प्रतिशत, बाहुन २.६३%, मगर १.८८%, तामाङ ५.३३% जातजातीहरू रहेका छन् ।यस गाउँपालिकामा अधिकांस मानिसले मनाङ्गे भाषा बोल्ने गर्दछन । यस गाउँपालिकामा मनाङ्गे ५६.९३%, गुरूङ १४.७३%, नेपाली १२.३५%, तामाङ ४.२६%, टिबटियन ४.२०%, राई १.५०% र घले १.१९% भाषा मातृभाषाको रुपमा बोलिने गर्दछन्। यस गाउँपालिकामा धार्मिक ऐतिहासिक पुरातात्विक एवं पर्यटकीय स्थलहरु जस्तै तिलिचो ताल, गंगापुर्ण ताल, आइस लेक, मम्छो ताल, ग्रीन लेक, घले राजाको दरवार, याकखर्क, थोराङपास, काङलापास, मेसोकान्तपास, ने गुफा, मिलेरेपा गुम्बा, मनाङ गुम्बा, भ्राका गुम्बा, तारे गुम्बा, पोचो गुम्बा, पिसाङ गुम्बा, पोतोंचे गुम्बा, ध्यारु गुम्बा, डावल गुम्बा, टंकी गुम्बा, खाङसार गुम्बा, कर्की गुम्बा र शेर गुम्बा जस्ता धार्मिक तथा ऐतिहासिक स्थल रहेका छन् ।

### १.२.५ मनाङ डिस्याङ गाउँपालिकाको आर्थिक अवस्थाः

कुल क्षेत्रफल मध्ये ५ प्रतिशत खेतियोग्य जमिन, जंगल १० प्रतिशत, चौरी खर्क र चरण क्षेत्र ५० प्रतिशत र डाँडाकाँडा र हिमाली क्षेत्रले ३५ प्रतिशत ओगटेको छ । यहाँको जनताको मुख्य पेशा कृषि, पशुपालन र होटेल व्यवसाय रहेको छ । हिमाली हावापानी पाइने भएको यस मनाङ डिस्याङ गाउँपालिकामा एक सिजनमा मात्र गहुँ, करु, फापर, आलु लगाएत तरकारी खेतिवाली हुन्छ । बाँकी खाद्यान्नको जोहो खाद्य संस्थान बाट वितरण हुने गरेको साथै हाल सडक सञ्जालको पहुँच पुगाको हुँदा व्यक्तिगत तवरबाट पनि व्यवस्था मिलाउने गरिन्छ ।

अन्नपुर्ण सरक्षण क्षेत्रभित्र पर्ने यस गाउँपालिकामा वर्षेनि हजारौं स्वदेशी तथा विदेशी पर्यटकहरु भित्रिने भएकाले यहाँको बासिन्दाको प्रमुख आय आर्जनको माध्यम होटल व्यवसाय नै हो । त्यस्तै कतिपय युवाहरु वैदेशिक रोजगारमा रहेका छन् भने कतिपयले स्थानीय सिकर्मी डकर्मी पेशा अंगालका छन् ।

*नोट :- मनाङ डिस्याङ गाउँपालिकाको अध्यावधि गरिएको एकिन आर्थिक अवस्थाको तथ्याङ्क भेटाउन नसकेकाले यसको बारेमा गाउँपालिका उपलब्ध तथ्याङ्क विश्लेषण गरेर समावेस गर्न सकिने ।*

## १.२.६ मनाङ डिस्याङ्गको शैक्षिक सन्दर्भ

यस पालिकामा पूर्व प्राथमिक कक्षा देखि माध्यमिक शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरु सञ्चालनमा रहेका छन् । साधारण माध्यमिक विद्यालय शिक्षा प्रदान गर्ने विद्यालयहरु संचालनमा रहेका छन् ।

### १.२.६.१ विद्यालयगत विवरण

मनाङ डिस्याङ गाउँपालिकामा जम्मा १० वटा विद्यालयहरू रहेका छन् जस मध्ये ९ वटा सामुदायिक र र १ संस्थागत विद्यालयहरू छन । त्यसै गरी २ वटा सामुदायिक अध्ययन केन्द्रहरू रहेका छन् । कक्षा ९-१० सञ्चालित विद्यालय सामुदायिक १, कक्षा १-८ सञ्चालित विद्यालयहरु ३ वटा रहेका छन् भने कक्षा १-५ सञ्चालित विद्यालयहरु ७ वटा रहेका छन् ।यस मनाङ डिस्याङ गाउँपालिकामा १० वटा बाल विकास केन्द्रहरू रहेका छन् । यस गाउँपालिकामा रहेका शैक्षिक संस्थाहरूको विवरण निम्नानुसार रहेको छ ।

तालिका ३ :शैक्षिक संस्थाहरूको विवरण

| क सं | विद्यालय शिक्षण संस्थाको प्रकार | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| १ | बालविकास केन्द्र | ९ | १ | १० |
| २ | आधारभूत विद्यालय (कक्षा १-३) | ० | ० | ० |
| ३ | आधारभूत विद्यालय (कक्षा १-५) | ६ | १ | ७ |
| ४ | आधारभूत विद्यालय (कक्षा १-८) | ३ | ० | ३ |
| ५ | माध्यमिक विद्यालय (कक्षा ९-१०) | १ | ० | १ |
| | जम्मा | १९ | २ | २१ |

*स्रोतः मनाङ डिस्याङ गाउँपालिका शिक्षा शाखा EMIS २०८१*

### १.२.६.२ साक्षरताको अवस्था

राष्ट्रिय जनगणाना २०७८ को प्रतिवेदन अनुसार मनाङ डिस्याङ गाउँपालिकाको कूल जनसंख्याको ६७.९ प्रतिशत साक्षर रहेको छ । जस मध्ये ७७.७ प्रतिशत पुरूष र ५७.७ प्रतिशत महिलाको रहेको छ । यस सम्बन्धी थप विवरण यसप्रकार छ ।

तालिका ४ :साक्षरताको विवरण

| क सं | क्षमता | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | पढ्न र लेख्न सक्ने | ६०६ | ४२१ | १०२७ |
| २ | पढ्न मात्र सक्ने | ५४ | ६२ | ११६ |
| ३ | पढ्न र लेख्न नसक्ने | ११२ | २४७ | ३५९ |
| ४ | साक्षरता नखुलेको | ० | ० | ० |
| ५ | ५ वर्ष भन्दा माथिको जनसंख्या | ७८२ | ७३० | १५१२ |
| ६ | साक्षरता दर | ७७.५ | ५७.७ | ६७.९ |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग राष्ट्रिय जनगणना २०७८*

## १.२.६.३ मनाङ डिस्याङ गाउँपालिकाको शैक्षिक योग्यता सम्बन्धी विवरण

राष्ट्रिय जनगणना २०७८ को अनुसार यस गाउँपालिकामा ३० जना नव प्रवेश, ३२९ प्राथमिक, १८५ जना निम्न माध्यमिक, ९५ जना माध्यमिक, ८१ जना एस एल सि वा सो सरह, १७७ प्रवीणता प्रमाणपत्र तह, ४२ जना स्नातक, २० जना स्नातकोत्तर सम्मको शैक्षिक योग्यता भएका मानिसहरू रहेको देखाउँछ ।

तालिका ५: शैक्षिक योग्यता सम्बन्धी विवरण

| क सं | पुरा गरेको शैक्षिक योग्यता/तह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | नवप्रवेश /Beginner | १५ | १५ | ३० |
| २ | प्राथमिक कक्षा १-५ | १९१ | १३८ | ३२९ |
| ३ | निम्न माध्यमिक कक्षा ६-८ | १०७ | ७८ | १८५ |
| ४ | माध्यमिक कक्षा ९-१० | ६५ | ३० | ९५ |
| ५ | एस एल सी वा सो सरह | ५८ | २३ | ८१ |
| ६ | प्रवीणता प्रमाणपत्र तह वा सो सरह | ८३ | ९४ | १७७ |
| ७ | स्नातक वा सो सरह | ३३ | ९ | ४२ |
| ८ | स्नातकोत्तर वा सो सरह | १४ | ६ | २० |
| ९ | तह नखुलेको | १ | ० | १ |

*स्रोत: केन्द्रीय तथ्याङ्क विभाग राष्ट्रिय जनगणना २०७८*

## १.२.६.४ विद्यार्थी विवरण

यस गाउँपालिका अन्तर्गतका विद्यायमा जम्मा २९४ जना विद्यार्थीहरु अध्ययनरत रहेका छन् । उक्त विद्यार्थीमध्ये तहगत तथा लिंग, जातजातिअनुसारको विद्यार्थी विवरण देहाय अनुसार रहेको छ ।

तालिका ६: विद्यार्थीको विवरण

| कक्षा/तह | जम्मा विद्यार्थी | | | दलित | | | जनजाति | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| पूर्व प्राथमिक | ४१ | ३२ | ७३ | ४ | २ | ६ | ३५ | ३० | ६५ |
| कक्षा १-३ | ३० | २९ | ५९ | १ | १ | २ | २६ | २८ | ५४ |
| कक्षा ४-५ | १२ | १२ | २४ | ० | ० | ० | १२ | १० | २२ |
| कक्षा ६-८ | ८ | १४ | २२ | ३ | २ | ५ | ५ | ९ | १४ |
| आधारभूत तह १-८ | ५० | ५५ | १०५ | ४ | ३ | ७ | ४३ | ४७ | ९० |
| कक्षा ९-१० | ८ | ३ | ११ | ० | ० | ० | ८ | ३ | ११ |
| जम्मा | १४९ | १४५ | २९४ | १२ | ८ | २० | १२९ | १२७ | २५६ |

*स्रोत: मनाङ डिस्याङ गाउँपालिका शिक्षा शाखा, EMIS २०८१*

माथिको तालिका तालिका अनुसार यस गाउँपालिका अन्तर्गत अध्ययनरत विद्यार्थीमध्ये दलित विद्यार्थीको संख्या ६.८० प्रतिशत रहेको, जनजाति विद्यार्थीको ८७.०७ प्रतिशत रहेको छ । यस पालिकामा अध्ययनरत विद्यार्थीमध्ये २० विद्यार्थीहरु दलित तथा २५६ जनजाति समूदायबाट रहेका छन् । कूल विद्यार्थीमध्ये अपाङ्गता भएका विद्यार्थी समेत अध्ययनरत रहेका छन् । अपाङ्गता भएका विद्यार्थीको विवरण देहाय अनुसार रहेको छ ।

तालिका ७: अपाङ्गता भएका विद्यार्थी विवरण

| कक्षा/तह | विद्यार्थी संख्या | | |
|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा |
| पूर्व प्राथमिक | ० | ० | ० |
| कक्षा १-३ | १ | ० | १ |
| कक्षा ४-५ | १ | ० | १ |
| कक्षा ५-८ | ० | ० | ० |
| आधारभूत तह १-८ | ० | १ | १ |
| कक्षा ९-१० | ० | ० | ० |
| जम्मा | २ | १ | ३ |

*स्रोतः मनाङ डिस्याङ गाउँपालिका शिक्षा शाखा, EMIS २०८१*

यस गाउँपालिकामा रहेका विद्यालयहरूमा ३ जना मात्र अपाङ्गता भएका बालबालिकाहरू विद्यालयमा अध्ययन गरिरहेका छ ।

### १.२.६.५ तहगत शिक्षक दरबन्दी विवरण

मनाङ डिस्याङ गाउँपालिकामा स्वीकृत दरवन्दी, राहत अनुदान कोटा तथा शिक्षण सिकाइ अनुदानमा शिक्षककोटाको व्यवस्था रहेको छ । यी शिक्षक पदका लागि संघीय सरकारबाट बजेट उपलब्ध हुने गरेको छ । हाल पालिकामा आधारभूत तह कक्षा १-५ मा शिक्षक विद्यार्थी अनुपात २.९६ रहेको, कक्षा ६-८ मा शिक्षक विद्यार्थी अनुपात २.७५ रहेको र कक्षा ९-१० मा शिक्षक विद्यार्थी अनुपात २.७५ रहेको छ । हालसम्म आधारभूत तह कक्षा ६-८ र माध्यमिक तह कक्षा ९-१० मा सबै विद्यालयमा आवश्यकता अनुसार विषयगत शिक्षक व्यवस्था हुन सकेको छैन । यस गाउँपालिकामा देहाय अनुसारको शिक्षक संख्या रहेको छ ।

तालिका ८ :विद्यालयहरूमा कार्यरत शिक्षकहरूको विवरण

| क्र.सं. | तह | अस्थायी/ करार | स्थायी | राहत | स्थानीय तहबाट थप | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | बालविकास केन्द्र | ९ | ० | ० | १ | १० | |
| २ | प्राथमिक | ३ | २५ | ० | ० | २८ | |
| ३ | निम्न माध्यमिक | १ | ७ | ० | ० | ८ | |
| ४ | माध्यमिक | १ | ३ | ० | ० | ४ | |
| | जम्मा | १४ | ३५ | ० | १ | ५० | |

*स्रोतः मनाङ डिस्याङ गाउँपालिका शिक्षा शाखा, EMIS २०८१*

माथिको तालिका अनुसार यस पालिकामा शिक्षक दरवन्दि संघीय सरकारबाट उपलब्ध रहेका छन् ।

### १.२.६.६ पालिकाको शैक्षिक सूचक र वर्तमान अवस्था

यस मनाङ डिस्याङ गाउँपालिकाका प्रमूख शैक्षिक सूचकहरु देहाय अनुसार रहेका छन् ।

तालिका ९ :शैक्षिक सूचकहरूको वर्तमान अवस्था

| क्र.सं. | सूचक | तह | आधार वर्ष २०८१ | सूचकको स्रोत | का.स. सूचनाको स्रोत |
|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बाल विकास र शिक्षा | | | | |
| १.१ | प्रारम्भिक बाल विकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | ११५.२ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्ल्यास प्रतिवदन |

| क्र.सं. | सूचक | तह | आधार वर्ष २०८१ | सूचकको स्रोत | का.स. सूचनाको स्रोत |
|---|---|---|---|---|---|
| | | प्रदेश | १००.७ | फ्ल्यास प्रतिवेदन | फ्ल्यास प्रतिवदन |
| | | राष्ट्रिय | ९९.९ | फ्ल्यास प्रतिवेदन २०८० | फ्ल्यास प्रतिवदन |
| १.२ | प्रारम्भिक बाल विकास र शिक्षामा खुद भर्ना दर* (%) | स्थानीय | ८१.८ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्ल्यास प्रतिवदन |
| | | प्रदेश | ७९.० | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| | | राष्ट्रिय | ७०.६ | | फ्ल्यास प्रतिवदन |
| १.२ | प्रारम्भिक बाल विकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ६६.७ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्ल्यास प्रतिवदन |
| | | प्रदेश | ८२.२ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| | | राष्ट्रिय | ७६.९ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| २.३ | प्रारम्भिक बाल विकास र शिक्षामा कुल भर्नादरमा लैङ्गिक समता सुचाङ्क | स्थानीय | ०.९ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्ल्यास प्रतिवदन |
| | | प्रदेश | ०.८ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| | | राष्ट्रिय | ०.८ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| २. | आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | स्थानीय | ६४.३ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्यास प्रतिवेदन |
| | | प्रदेश | ९४.९ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| | | राष्ट्रिय | ९५.७ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | ११३.१ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्यास प्रतिवेदन |
| | | प्रदेश | ११३.१ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| | | राष्ट्रिय | ११५.९ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९५.५ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्यास प्रतिवेदन |
| | | प्रदेश | ९५.४ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| | | राष्ट्रिय | ९५.६ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | १०४.५ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्यास प्रतिवेदन |
| | | प्रदेश | ११७.९ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| | | राष्ट्रिय | १२४.८ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| २.५ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | | | |
| | | प्रदेश | ८७.३ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| | | राष्ट्रिय | ८८.४ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| २.८ | आधारभूत तह (कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क* | स्थानीय | १.२३ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्यास प्रतिवेदन |
| | | प्रदेश | ०.८९ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| | | राष्ट्रिय | ०.८८ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| २.९ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ९०.३ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्यास प्रतिवेदन |
| | | प्रदेश | ९५.१ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| | | राष्ट्रिय | ९५.२ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| २.१० | आधारभूत तह (कक्षा १-८) मा | स्थानीय | १०१.१ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली | फ्यास प्रतिवेदन |

| क्र.सं. | सूचक | तह | आधार वर्ष २०८१ | सूचकको स्रोत | का.स. सूचनाको स्रोत |
|---|---|---|---|---|---|
| | कूल भर्ना दर (%) | | | २०८० | |
| | | प्रदेश | ११९.० | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| | | राष्ट्रिय | १२१.६ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| २.११ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | ५०.०१ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्यास प्रतिवेदन |
| | | प्रदेश | ८६.५ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| | | राष्ट्रिय | ८६.३ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| २.१२ | आधारभूत तहको कक्षा १मा भर्ना भई कक्षा ८ पुरा गर्ने दर*(%) | स्थानीय | ५०.०१ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्यास प्रतिवेदन |
| | | प्रदेश | ८४.९ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| | | राष्ट्रिय | ८६.३ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| २.१३ | आधारभूत तह( कक्षा१-८) कुल भर्ना दरमा लैङ्गिक समता सूचक* | स्थानीय | १.०९ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्यास प्रतिवेदन |
| | | प्रदेश | ०.८८ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्यास प्रतिवेदन |
| | | राष्ट्रिय | ०.९३ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्यास प्रतिवेदन |
| २.१३ | विद्यालय बाहिर रहेका बालबालिका*(%) — आधारभूत तह( कक्षा१-५) | स्थानीय | ४.५ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्यास प्रतिवेदन |
| | | प्रदेश | ५.१ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| | | राष्ट्रिय | ४.३ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| | आधारभूत तह( कक्षा१-८) | स्थानीय | ७.७ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्यास प्रतिवेदन |
| | | प्रदेश | ४.९ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| | | राष्ट्रिय | ४.८ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| २.१४ | आधारभूत तह (कक्षा १-८) अध्ययनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | स्थानीय | २७.७८ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्यास प्रतिवेदन |
| | | प्रदेश | | | |
| | | राष्ट्रिय | | | |
| ३. | माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | स्थानीय | १३.६ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्यास प्रतिवेदन |
| | | प्रदेश | ५८.८ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| | | राष्ट्रिय | ५६.८ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | स्थानीय | २२.७ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्यास प्रतिवेदन |
| | | प्रदेश | ८६.० | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| | | राष्ट्रिय | ८३.८ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | स्थानीय | ४.० | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्यास प्रतिवेदन |
| | | प्रदेश | ०.९६ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| | | राष्ट्रिय | ०.९६ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |

## १.३ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

सबैका लागि गुणस्तरीय शिक्षामा पहुँच  सुनिश्चित गर्न नसकिनु, विद्यालय भर्ना भएका विद्यार्थीको निरन्तरता कायम गर्दै अपेक्षारूपमा सिकाइ उपलब्धि हासिल हुन नसक्नु,  तहगत र विषयगत रूपमा सबै विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसकिनु, प्राविधिक धारलाई विद्यालय शिक्षाको मुल धारको रूपमा विकास गर्न नसकिनु, शिक्षा सम्बन्धी अधिकार कार्यान्वयनको लागि प्रयाप्त स्रोतको व्यवस्था हुन नसक्नु, तोकिएको शैक्षिक सत्रमा तह पार गर्नेको सङ्ख्या कम हुनु, पठन संस्कृतिको विकास तथा जीवनपर्यन्त सिकाइका लागि सार्वजनिक पुस्तकालय प्रणालीको विकास नहुनु, शिक्षा क्षेत्रका सबै तहमा सुशासनको प्रत्याभूति हुन नसक्नु जस्ता विषयहरू विद्यालय शिक्षाका प्रमुख समस्याका रूपमा रहेका छन्। विद्यालय शिक्षाका उपलब्धि र अन्तरका आधारमा देखिएका समस्याहरू निम्नानुसार पहिचान गरिएको छ :

### १.३.१ शिक्षा क्षेत्रका मुख्य चुनौतीहरूः

- यस गाउँपालिकामा दिनानुदिन बालबालिकाहरूको संख्या घट्दै गईरहेकोले बालबालिकाहरूको संख्या वुद्धि गर्न ।
- यस गाउँपालिकामा रहेका बालविकास केन्द्रहरूको न्यनतम मापदण्ड पुरा गर्न ।
- पाठ्यक्रमले निर्धारण गरे अनुसार बालबालिकारूको सिकाइ उपलब्धि वृद्धि गर्न।
- यस गाउँपालिकामा हिउँदको समयमा भारी हिमपात हुने भएकाले चिसोको समयमा बालबालिकाहरूको सिकाइलाई निरन्तरता गर्न।
- विद्यालय शिक्षामा सबै बालबालिकाहरूको पहुँच र गुणस्तरको सुनिश्चतता गर्नु ।
- भर्ना भएका सबै बालबालिकाहरूलाई निरन्तरता गर्नु र कक्षा तथा तह पुरा गर्ने दर वृद्धि गर्न ।
- विद्यालयमा बालमैत्री निर्माण गरि सिकाइ वातावरण सिर्जना गर्न।
- शिक्षामा सुचना तथा प्रविधिको पहुँच वृद्धि गर्न ।

### १.३.२ शिक्षा क्षेत्रका समस्याहरूः

- धेरै प्रारम्भिक बाल विकास केन्द्रले न्यूनतम मापदण्ड पुरा हुन नसक्नु
- आधारभूत तहका विद्यालयले न्यूनतम भौतिक आवश्यकताहरू पुरा गरेको देखिँदैन ।
- आधारभूत तथा माध्यमिक तहमा आवासीय कार्यक्रममा निःशुल्क तथा अनिवार्य शिक्षा प्रभावकारी रूपमा कार्यान्वयन भएको छैन ।
- विद्यालय छोड्ने, कक्षा दोहोर्याउने दर देखिन्छ ।
- सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री तथा सिकाई वातावरणको कमी हुनु ।
- आधारभूत तहमा बालबालिकाको सिकाई उपलब्धि अत्यन्त न्यून हुनु ।
- माध्यमिक तहको शिक्षा पुरा गर्ने बालबालिकाको सङ्ख्या न्यून हुनु ।
- सबै विद्यालयमा सूचना, प्रविधि तथा सञ्चारको पहुँच छैन ।
- माध्यमिक तहमा प्राविधिक धार तर्फको अध्यापन अध्यापन सुरुवात भएको छैन ।
- माध्यमिक तहमा प्राविधिक शिक्षाको पहुँच, विस्तार तथा गुणस्तरमा अभिवृद्धि गरी प्राविधिक तथा व्यावसायिक शिक्षालाई सर्वसुलभ बनाउन नसक्नु ।
- माध्यमिक तहमा बालबालिकाको कुल भर्ना दर तथा खुद भर्ना दर कमी हुनु ।
- सञ्चालित आवासीय विद्यालयमा उपयुक्त न्यानो कोठाको व्यवस्था हुन नसक्नु ।
- गाउँपालिकाको शिक्षा शाखामा जनशक्ति कम भएकाले नियमित अनुगमन लक्ष्य अनुसार हुन नसकेको ।
- परीक्षा प्रणालीमा अपेक्षित सुधार हुन नसक्नु
- माध्यमिक तहमा विषय शिक्षकहरूको व्यवस्थापन गर्न नसक्नु ।
- विद्यालयमा बालबालिकाहरूलाई खेलकुद र मनोरञ्जनका क्रियाकलापहरू सञ्चालन गर्न नसक्नु । विद्यालय शिक्षामा अभिभावकहरूको विश्वास घट्दै जानु,
- शिक्षकको पेसागत विकासमा सहयोग पुर्‍याउन विषयगत विज्ञ शिक्षकको व्यवस्थापन गर्न नसक्नु कमजोर अनुगमन प्रणाली हुनु,
- नियमित प्रभावकारी अनुगमन प्रणालीको विकास गर्न नसक्नु ।
- विद्यालयमा राजनीतिक दलको प्रभाव बढ्दै जानाले विद्यालयको गुणस्तरमा कमी आउनु ।
- शैक्षिक संस्थामा प्राथमिक उपचारको उचित व्यवस्थापन हुन नसक्नु ।
- प्रारम्भिक बाल विकास र शिक्षा शिक्षकहरूलाई आधारभूत तालिमको व्यवस्था गर्न नसक्नु ।

## १.४ शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण

- **सबल पक्षहरू**

  शिक्षा ऐन तथा नियमावलीको निर्माण, बाल विकास केन्द्रको स्थापना, र दरबन्दी व्यवस्थापन मार्फत शिक्षकको आपूर्ति प्रमुख सबल पक्षहरू हुन् । विद्यालयमा पर्याप्त भौतिक पूर्वाधार, इन्टरनेट र यातायातको सुविधा, साथै स्थानीय पाठ्यक्रमको कार्यान्वयनले शिक्षामा सुधारका लागि बलियो आधार प्रदान गरेको छ ।

  शिक्षा ऐन तथा नियमावली निर्माण, आवश्यकता अनुसार बाल विकास केन्द्र र शिक्षकहरूको व्यवस्था, स्थानीय स्रोत र स्वयंसेवक शिक्षकमार्फत दरबन्दीको व्यवस्थापन, विद्यालयमा पर्याप्त भौतिक सेवाहरू, जस्तै बिजुली, इन्टरनेट, खानेपानी, आधारभूत तहको शिक्षा निःशुल्क बनाउने र स्थानीय पाठ्यक्रम लागू गर्ने, स्थानीय तहबाट केही विद्यालयलाई नमूना विद्यालयकोरूपमा विकासका कार्य अघि बढेका छन जसलाई यस पालिकाको सबल पक्षको रूपमा लिन सकिन्छ ।

- **कम्जोर पक्षहरु**

  बालविकास केन्द्रमा उमेर समूहअनुसार बालबालिका भर्ना गराउन कठिनाई, विद्यालय भर्ना अभियानको प्रभावकारीता अभाव, र शैक्षिक कार्यक्रमहरूको नियमित अनुगमनको संयन्त्रको अभाव कमजोरीका रूपमा देखिएका छन्। कक्षा १ मा अझैपनि बालबालिका बालविकासको अनुभव विना नै विद्यालय भर्ना हुने गरेका छन् । बालविकासमा भर्ना भएका बालबालिका मध्ये केही बालबालिका सम्बन्धित उमेर समूहभन्दा फरक उमेर समूहका (धेरै जसो कम उमेरका) छन् । विद्यालय भर्ना अभियान कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न नसक्नु, शैक्षिक कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि प्रभावकारी अनुगमन संयन्त्र नहुनु, विद्यालय समायोजन तथा दरबन्दी मिलान र पुनर्वितरण गर्न नसक्नु कमजोरीका रूपमा रहेका छन् ।

  समग्रमा विद्यालय भर्ना अभियान प्रभावकारी रूपमा सञ्चालन गर्न नसक्नु, बालविकास केन्द्रमा उमेर समूह अनुसार बालबालिका भर्ना गराउन कठिनाई, प्रभावकारी अनुगमन संयन्त्रको अभाव, विद्यालय समायोजन र दरबन्दी पुनर्वितरण हुन नसक्नु कमजोरीका रूपमा रहेको छ ।

- **चुनौतीहरू**

  लैङ्गिक, भाषिक, भौगोलिक, आर्थिक, शारीरिक अपाङ्गता, जात÷जाति, आदिको विविधताका कारण सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न कठिन, जनसाङ्खिकीय प्रवृत्ति (विशेषतः जन्म र बसाँई सराई), बनौट तथा बसोबास साथै भौगोलिक विकटता कारण व्यवहारिक विद्यालय नक्साङ्कन तथा समायोजन कार्यले पूर्णता पाउन कठिन, विपतको अवस्थाको व्यवस्थापन र त्यस्ता समयमा वैकल्पिक माध्यमबाट सिकाई अवसर प्रदान गर्न आपतकालीन स्रोतसाधनको कमी, जलवायु परिवर्तन र त्यसको असर कम गर्ने उपायहरु अवलम्बन गर्न सिमित जनशक्ति र स्रोतका कारण अपेक्षित उपलब्धि प्राप्त गर्न चुनौती रहेको छ ।

  यसरी, शिक्षामा सबल पक्षको उपयोग गर्दै कमजोरीहरू सुधार गर्ने र अवसरहरूको सदुपयोग गर्दै चुनौतीहरूको सामना गर्न रणनीतिक योजना आवश्यक देखिन्छ, सोहि अनुसार अन्य पालिकाहरुको अभ्यास बाट सिकाइ गर्दै यस पालिकाले आफ्नो क्षेत्रको शिक्षाको गुणस्तर बलियो बनाउनको लागि हरसम्भव प्रयासरत रहने छ ।

- **अवसरहरू**

  विकास साझेदारहरुले गुणस्तरिय शिक्षाको कार्यक्रमका लागि प्राविधिक सहयोग, स्रोत व्यवस्थापन, तथा जनशक्ति व्यवस्थापन संयुक्त रुपमा संचालन गर्न सकिने, प्रदेश तथा संघले निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयनका लागि साझेदारीमा कार्यक्रम संचालन गर्ने, साथै संघ, प्रदेशबाट शैक्षिक योजना कार्यान्वयनका लागि आर्थिक तथा प्राविधिक सहयोग उपलब्धत हुने अवसरहरु रहेका छन् । विकास साझेदारहरूको आर्थिक तथा प्राविधिक सहयोग, संघ र प्रदेश सरकारसँग साझेदारी कार्यक्रमको सम्भावना, संघीय, प्रदेशीय, र स्थानीय तहबाट आर्थिक सहयोग उपलब्ध हुने अवसर रहेका छन् ।

## १.५ विद्यालय शिक्षा क्षेत्रका अवसरहरू

- विद्यालय शिक्षाका लागि संवैधानिक तथा कानुनी आधार प्राप्त हुनु,
- स्थानीय सरकार ऐन २०७५ले स्थानीय तहलाई शिक्षाका अधिकारहरू निर्धारण गरि प्रदान गर्नु ।
- स्थानीय पाठ्यक्रम निर्माण भैइ कार्यान्वयन हुनु ।
- आधारभुत तहको शिक्षा अनिवार्य निःशुल्क र माध्यामिक तह सम्मको शिक्षा निःशुल्क शिक्षा संवैधानिक र कानूनी आधार हुनु ।
- शिक्षक र विद्यार्थीको अनुपात राम्रो हुनु ,
- संघीय, प्रदेश र स्थानीय सरकारबाट शिक्षामा लगानी, समन्वय, र सहकार्य हुनु ।
- विभिन्न प्रकोपबाट सिकाइ क्षति भएका बालबालिकाहरूको सिकाइ आपुर्ण गर्नको लागि दुर्त सिकाई मापदण्ड तयार भई कार्यान्वयन हुनु ।
- बालबालिकाहरूको अनुपातमा भौतिक आधारभुत भौतिक पुर्वाधारको परिपुर्ती हुनु ।
- शिक्षामा सुचना र प्रविधिको प्रयोगमा विस्तार हुनु ।

## १.६ यस शिक्षा योजनाले समेट्का पक्षहरू

| क्र.सं. | शिक्षा योजनाले समेटेका पक्ष | विश्लेषण |
|---|---|---|
| १. | पहुँच | • अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, नियमावली २०७८ लाई प्रभावकारी कार्याव्यिन भई सबै नागरिकलाई आधारभूत तह सम्मको शिक्षा अनिवार्य गर्न गाउँपालिकाले विभिन्न गतिविधीहरू गरेको हुने छ ।<br>• प्रारम्भिक बाल विकास र शिक्षामा ४ बर्ष उमेर पुगेका सबै बालबालिकाहरू सबै प्रारम्भिक बालविकास र शिक्षामा पहुँच सुनिश्चित भएको हुने छ ।<br>• विद्यालय उमेरका सबै बालबालिकाहरूलाई विद्यालयको सहभागितामुलक पहुँच सुनिश्चित गर्न विद्यालय तथा गाउँपालिकाको थप संस्थागत विकास भएको हुनेछ ।<br>• यो योजनाको अन्तसम्म आधारभुत तह(कक्षा १-५) ९८ प्रतिशत, आधारभूत तह ( कक्षा १-८) ९५.५ प्रतिशत, माध्यमिक तह (कक्षा ९-१०) ८० प्रतिशत खुद भर्दा दर पुगेको हुनेछ । भने सबै तहका विद्यार्थीहरूको टिकाउदर १०० प्रतिशत पुगेको हुने छ।<br>• सबै तहमा बालबालिकाहरूको पहुँच सुनिश्चित गर्नका लागि गाउँपालिका अन्तरगतका प्रारम्भिक बालविकास केन्द्रहरूको राष्ट्रिय न्यूनतम मापदण्ड अनुसार व्यवस्थापन गरिने छ, भने विद्यालयहरूको प्राथमिक न्यूनतम सक्षमता मापदण्ड (PMEC) को व्यवस्थापन गरि सबै शिक्षालयहरूमा सिकाइ मैत्री वातावरणको विकास गरिनेछ ।<br>• सिमान्तकृत समुदाय, अपाङ्गता भएका बालबालिका, र बालिकाहरूको शिक्षामा पहुँच सुनिश्चितता गर्नको लागि सो अनुसार विभिन्न व्यवस्थापकिय कार्यहरू गरिनेछ, भने शिक्षालयहरूमा संरचनात्मक विकास गरिनेछ ।<br>• साक्षर नेपाल अभियानलाई सफल पार्न यस गाउँपालिकामा भएका वयस्कहरूको साक्षरता गर वृद्धि गर्न अनौपचारिक शिक्षा तथा जिवनपर्यन्त सिकाइलाई अभियानका रुपमा बढाईने छ ।<br>• विभिन्न विपद् तथा आपतकालिन अवस्थामा पनि बालबालिकाहरूको सिकाइलाई निरन्तरता दिन प्रतिकार्य योजना तयार गरि सो अनुसार कार्यान्वयन गर्ने प्रबन्ध गरिनुका साथै, सरकारी, निजी तथा गैरसरकारी संघसस्थाहरूसँग सहकार्य गर्ने वातावरण सिर्जना गरिने छ। |
| २. | गुणस्तर | • कक्षा १ मा नयाँ भर्नादर हुने सबै बालबालिकाहरू प्रारम्भिक बाल विकासको अनुभव सहित कक्षा १ मा भर्ना भएको सुनिश्चित गर्न प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित गरिने छ ।<br>• प्रारम्भिक बाल विकास र शिक्षालाई राष्ट्रिय न्यूनतम मापदण्ड अनुसार विकास गरि हरेक बालबालिकाहरूको सर्वाङ्गिण विकास गर्न आवश्यक प्रबन्ध गरिने छ ।<br>• विद्यालयमा बालमैत्री, अपाङ्गता मैत्री, लैङ्गिकमैत्री सिकाइ वातावरण सिर्जना गर्दै बालबालिकाको सिकाइ अभिवृद्धि गर्ने सिकाइ पद्धतीलाई प्रभावकारी गरिने छ ।<br>• स्थानीय स्तरमा एकिकृत पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरिने छ ।<br>• स्थानीय ज्ञान, सीप र प्रविधी पुस्तान्तरण गर्न स्थानीय पाठ्यक्रम, पाठ्यसामग्री र आवश्यक सन्दर्भ सामग्री विकस गरी प्रभावकारी कार्यान्वयन गर्ने ।<br>• सिकाइलाई बालबालिकाको दैनिक जिवनसंग सम्बन्धित गरिने शिक्षण विधी र पद्धतीको अवलम्बन गराउने ।<br>• सबै तहमा शिक्षक विद्यार्थीको अनुपात समान गर्दै विषयगत, र कक्षागत रूपमा शिक्षक व्यवस्थापन गर्ने । शिक्षक तथा विद्यार्थीहरुको क्षमता विकास, विद्यालय तहको दरबन्दी मिलान, प्रधानाध्यापकहरुको क्षमता विकास, मूल्याङ्कन पद्धतिमा सुधार, शिक्षणमा सूचना प्रविधिको प्रयोग, भौतिक सुधार आदिमा सुधार तथा विकास भएको हुनेछ ।<br>• विद्यार्थीको सिकाइ सुधार गर्नको लागि हरेक शिक्षकको शिक्षण सुधार कार्ययोजना |

| क.सं. | शिक्षा योजनाले समेटेका पक्ष | विश्लेषण |
|---|---|---|
| | | तयार गरि कार्यान्वयन गर्ने । |
| ३ | व्यवस्थापन | • विद्यालय तहका भौतिक पूर्वाधारमा सुधार भईबालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री भौतिक पूर्वाधारको व्यवस्थान भएको हुने छ ।<br>• सबै बालबालिकाहरूको प्रारम्भिक पहिचान गरि प्रारम्भिक पहिचानको नतिजा अनुसार बालबालिकारूलाई आवश्यक सहयोग गर्ने वातावरण सिर्जना गर्ने ।<br>• गाउँ शिक्षा समितिको प्रभावकारी परिचान, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक समिति क्रियाशिल भैइ विद्यालयको गुणस्तर अभिवृद्धिमा सहभागितामा वृद्धि भएको हुने छ ।<br>• गाउँपालिका स्तरीय शैक्षिक क्यालेण्डर निर्माण भए सो अनुसार शैक्षिक गतिविधिहरू सञ्चालन भएक हुने छ ।<br>• सबै विद्यालयहरूले EMIS तथ्याङ्कका आधारमा विद्यालय सुधार योजना तयार गरि प्रभावकारी कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक सहयोग गरेको हुने छ ।<br>• सबै विद्यालयमा बाल समूह गठन भई क्रियाशिल भएका हुने छन् ।<br>• विद्यालय र वालविकस केन्द्रहरूमा आवश्यक आधुनिक सुचाना प्रविधिका उपकरणहरूको व्यवस्थापन भइ शिक्षण सिकाइ प्रक्रिया तथा प्रशासनिक कार्यम प्रयोग भएका हुने ।<br>• विद्यालयको सबै पक्षहरू(भौतिक, शैक्षिक, र व्यवस्थापकीय)को अनुगमन गर्ने संयन्त्र विकास गरी नियमित अनुगमन गर्ने ।<br>•<br>• शिक्षकको पेसागत विकास गर्न विषयगत शिक्षक समुह गठन गरी नियमित कक्षाकोठामा सहयोग गर्ने वातावरण सिर्जना गर्ने । |
| ४ | क्षमता विकास | • गाउँ शिक्षा समिति, विद्यालय व्ययस्तापन समिति, शिक्षक अभिभावक समितिहरूको आवश्यकताका आधारमा क्षमता विकास गर्ने ।<br>• गाउँका स्तरीय शिक्षक रोष्टर विकस गरी सबै शिक्षकहरूलाई एकिकृत पाठ्यक्रम कार्यान्वयन सम्बन्धि तालिम प्रदान गर्ने।<br>• नव प्रवेशी शिक्षकहरूलाई सेवा प्रवेश तालिम प्रदान गरेर मात्र शिक्षण सिकाइ प्रक्रियामा सहभागि गर्ने प्रणालीको विकास गरि कार्यान्वयन गर्ने ।<br>• कक्षाकोठाको अवलोलान पश्चात पृष्ठपोषण कार्यान्वयन गर्नको लागि आवश्यक कार्ययोजना तयार गरी कार्वान्वयन गर्न शिक्षकहरूलाई आवश्यक सहयोग गर्ने ।<br>• कार्यसंपादनको आधारमा उतकृष्ट शिक्षकहरूलाई प्रोत्साहनको व्स्था गर्ने ।<br>• शिक्षकहरूलाई मागमा आधारीत शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी विभिन्न किसिमका तामिम उपलब्ध गराउने । |
| ५ | मूल्याङ्कन | • प्रारम्भिक बालविकास र शिक्षामा प्रारम्भिक बालविकास र सिकाइ मापदण्ड ( Early Learning and Development Standards) अनुसार बालबालिकाहरूको विकासात्मक पक्षको लेखाजोखा गरि सो सो अनुसार प्रारम्भिक वालविकास र शिक्षाका गरिविधिहरू सञ्चालन गर्ने ।<br>• कक्षा १–३ मा सिकाइ उपलब्धिमा आधारित निरन्तर मूल्याङ्कन गराउने यसैलाई आवधिक मूल्याङ्कनको साधनका रूपमा प्रयोगमा ल्याउने ।<br>• माथिल्ला कक्षाहरूमा निरन्तर मूल्याङ्कन र आवधिक मूल्याङ्कन दुवै प्रकारका मूल्याङ्कन प्रयोगमा ल्याउने ।<br>• प्रयोगात्मक विषयहरूमा तोकिएबमोजिम मूल्याङ्कन गर्ने ।<br>• परियोजनाहरू लागु गर्दा आधार मूल्याङ्कन, मध्यावधि मूल्याङ्कन र अन्तिम मूल्याङ्कन गराउने । |

| क्र.सं. | शिक्षा योजनाले समेटेका पक्ष | विश्लेषण |
|---|---|---|
| | | • गाउँपालिका स्तरीय बार्षिक अनुगमन तथा मुल्याङ्कन योजना तयार गरी सो अनुसार मुल्याङ्कन गर्ने ।<br>• विद्यालयको मुल्याङ्कन गरने साधान विकस गरी प्रभावकारी कार्यन्वयन गर्ने ।<br>• हरेक चौमासिकरूपमा सर्वपक्षिक अनुगमनको आयोजना गरि अनुगमन प्रतिवेदनका आधारमा सुधार कार्ययोजना तयार गरि कार्यान्वयन गर्ने ।<br>• अनुगममन पश्चात सरोकारवालाहरूको सहभागितामा समिक्षा कार्यक्रम सञ्चालन गर्ने । |
| ६ | सुशासन | • सबै विद्यालयमा EMIS लाई समयमै अध्यावधी गर्ने व्यवस्था गर्ने<br>• EMIS तथ्याङ्को आधारमा विद्यालय सुधार योजना, शिक्षण सिकाइ सुधार योजना तथा विद्यालयका अन्य योजना तयार गर्नुका सथै गाउँपालिकामा तयार हुने योजनाहरू बने नबने सुनिश्चित गर्ने ।<br>• सबै विद्यालयमा सरोकारवालाहरूको सहभागितामा समयमै सामाजिक परिक्षण सपन्न गर्ने ।<br>• सबै विद्यालयमा समयमै लेखापरिक्षण गर्ने र लेखापरिक्षणले औंल्याएका विषयहरूलाई सुधार गर्न आवश्यक सहयोग गर्ने ।<br>• सबै विद्यालयमा गुनासो सुनुवाइ संयन्त्रको प्राभावकारीरूपमा कार्यान्वयन गर्ने ।<br>• बार्षिकरूपमा गाउँपालिकाको शैक्षिक प्रगति प्रतिवेदन तयार गरि नियमितरूपमा सार्वजनिक गर्ने ।<br>• सरोकारवाला निकायहरूको सहभागितामा चौमासिकरूपमा प्रगति समिक्षा कार्यक्रम नियमित सञ्चालन गर्ने । |

## परिच्छेद २- दुरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

### २.१ योजना निर्माणका आधार

यस परिच्छेदमा योजनाको दूरदृष्टि, ध्येय, उद्देश्यहरू, मुख्य रणनीति तथा नतिजाहरू र योजनाले अवलम्बन गरेको परिवर्तनको सिद्धान्त प्रस्तुत गरिएको छ। दूरदृष्टि, ध्येय तथा उद्देश्यहरू मूलतः नेपालको संविधानले गरेको मार्गदर्शन, नेपाल सरकारले निर्धारण गरेको विकासको दीर्घकालीन सोचको अनुकूलता र दिगो विकास लक्ष्य तथा सोह्रौ योजनाका प्राथमिकतासँगको सामञ्जस्यमा आधारित छन्। परिच्छेद १ मा उल्लेख गरिएको स्थानीय शैक्षिक परिवेशको समीक्षा तथा उठान गरिएका मुख्य चुनौती तथा अवसरहरूले यस गाउँपालिकाको विद्यालय शिक्षाको आगामी ५ वर्षको मार्गचित्र पहिचानका लागि आधार तयार गरेका छन्।

शिक्षा योजना निर्माण गर्दा राष्ट्रिय, प्रदेश तथा स्थानीयस्तरका शिक्षासँग सम्बन्धित नीति तथा योजनाहरुलाई प्रमूख आधार बनाइएको छ । यसका अतिरक्त स्थानीय तहको विशिष्ट अवस्थासमेतलाई अध्ययन गरी आधारको रूपमा लिइएको छ । देहायका विषयलाई योजना निर्माणका आधार बनाइएको छ ।

नेपालको संविधान, सोह्रौं पञ्चवर्षीय योजना २०८१/२०८२ - २०८५/८६, स्थानीय सरकार सञ्चालनसम्बन्धी ऐन, २०७४, सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन, २०७७, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली, विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना, राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९, विद्यालय शिक्षामा समता रणनीति, दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना, स्थानीय तहको मध्यमकालिन खर्च संरचना, राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८, विद्यालयहरुबाट तयार भएका विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम, आदि ।

### २.२ दीर्धकालीन सोच

"गुणस्तरीय, प्रविधियुक्त र सीपयुक्त शिक्षाः शिक्षित, सुसंस्कृत र सभ्य मनाङ ङिस्याङ निवासीको ईच्छा"

### २.३ ध्येय

गुणस्तरसहितको सान्दर्भिक शिक्षा प्राप्त गर्ने नागरिकको हक सुनिश्चित गर्न सुव्यवस्थित, सक्षम, उत्तरदायी र प्रतिस्पर्धी सार्वजनिक विद्यालय शिक्षा पद्धतिको विकास गर्ने।

### २.४ उद्देश्यहरू

गाउँ शिक्षा योजनाको समग्र उद्देश्य विद्यालय शिक्षालय बालबालिकाको अधिकारका रूपमा स्थापित गरी शिक्षामा समतामूलक पहुँच वृद्धि गरी गुणस्तरीय, जीवनोपयोगी व्यावसायिक, प्रतिस्पर्धी शिक्षा प्रदान गर्दै दक्ष, प्रतिस्पर्धी तथा स्वावलम्बी जनशक्ति उत्पादन गर्नु रहेको छ । यस योजनाको समग्र उद्देश्यलाई पुरा गर्न निम्नानुसारका उद्देश्यहरू निर्धारण गरिएको छः

१. सबै बालबालिकाहरूलाई विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।
२. आधारभूत तथा माध्यमिक तहको शिक्षामा गुणस्तर सुनिश्चित गर्नु ।
३. पाठ्यक्रमले तोके बोजिमका सिकाइ उपलब्धि हासिल गर्नु ।
४. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्रीको निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।

५. पाठ्यक्रमले तोके बमोजिमका सिकाइ सक्षमता हासिल गर्नु ।
६. बालमैत्री तथा अपाङ्गमैत्री भौतिक पूर्वाधार निर्माण गरी सिकाइ वातावरणमा सुधार ल्याउनु ।
७. विषयगत रूपमा र कक्षागत रूपमा शिक्षक दरबन्दीको व्यवस्थापन गर्नु ।
८. निरन्तर शिक्षक पेसागत सहयोग तथा विकासका लागि शिक्षकहरूलाई आवश्यकताका आधारमा तालिमको व्यवस्था गर्नु ।
९. सिकाइ सहरीकरणमा गुणस्तरीयता र सहजताका निमित्त पर्याप्त शैक्षणिक तथा सन्दर्भ सामग्रीहरूको विकास, निर्माण, उत्पादन र वितरणमा स्रोत व्यवस्थापन र परिचालन गर्नु ।
१०.निरन्तर सिकाइ अभिवृद्धिका लागि नियमित मूल्याङ्कन पद्धतिको विकास र प्रयोग गर्नु।
११.आधारभूत तहमा पठन सिप विकासका लागि स्थानीय निकाय, शिक्षा सरोकारवाला, समुदाय तथा अभिभावकहरूको क्षमतामा अभिबृद्धिगर्नु ।
१२.अनौपचारिक शिक्षा आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु ।
१३.शिक्षाका सबै निकाय तथा विद्यालयहरूमा सुशासन प्रवर्धन गरी बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास गर्नु ।
१४.शैक्षिक संस्थाहरूमा बालमैत्री, लैङ्गिक मैत्री र अपाङ्गमैत्री भौतिक पूर्वाधार निर्माण गरी सुरक्षित सिकाइ वातावरणमा सुधार गर्नु ।
१५.सबै प्रकारका विभेद तथा दुर्व्यवहारको अन्त्य गर्दै विविधतामा आधारित सिकाइ मैत्री वातावरणका निमित्त विद्यालयको शैक्षिक तथा भौतिक वातावरण निर्माण गर्नु ।
१६.आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित गर्दै वैकल्पिक सिकाइको व्यवस्था गर्नु ।
१७.शिक्षामा सुचना तथा सञ्चार प्रविधिको प्रभावकारीरूपमा कार्यन्वयन गर्नु ।
१८.विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न प्रभावकारी अनुगमन प्रणालीको विकास गर्नु ।
१९.शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन गरी बालबालिकाको सिकाइ प्रति उत्तरदायी हुने प्रणालीको विकास गर्नु ।

## २.५ रणनीतिहरु

यस शिक्षा योजनाको उद्देश्य पुरा गर्नको लागि तपसिल बमोजिमका रणनीतिहरू अवलम्बन गरिने छ ।

१. सबै बालबालिकालाई पहुँचयोग्य शैक्षिक सुविधा तथा समान अवसर प्रदान गर्न औचित्यपूर्ण रूपमा विद्यालयको वितरण सुनिश्चित गर्न विद्यालय नक्साङ्कन गरिनेछ ।

२. आवश्यकतामा आधारित प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमका विभिन्न नमुनाहरू समेत विकास गरी कठिन भौगोलिक रूपमा दुर्गम क्षेत्र, सङ्कटापन्न तथा सीमान्तकृत समुदायका बालबालिका र अपाङ्गता भएका बालबालिकालाई समेटिनेछ ।

३. प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रममा बालबालिकाहरू भर्ना भएको सुनिश्चित गर्न, केन्द्रमा हिंसा, दुर्व्यवहारबाट सुरक्षित राख्न पर्याप्त प्रबन्ध गर्ने र विपद् तथा आपतकालीन अवस्थामा समेत वैकल्पिक सिकाइ व्यवस्था गरी पूर्व प्राथमिक शिक्षालाई निरन्तरता दिईनेछ । ।

४. विद्यालयबाहिर रहेका सबै बालबालिकालाई आधारभूत शिक्षाको पहुँचमा ल्याउन स्थानीय तहले योजनाको निर्माण तथा कार्यान्वयन गरेको सुनिश्चित गरिनेछ ।

५. सबैका लागि निःशुल्क विद्यालय शिक्षा सुनिश्चित गर्न खास गरी विपन्न, सुविधाविहीन, विभिन्न कठिन परिस्थितिमा रहेका, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी हुन सहयोग हुने गरी छात्रवृत्ति प्रणालीको प्रभावकारी कार्यान्वयनमा सुधार ल्याउनईने छ । ।

६. बालबालिकामा रहेको विभिन्न प्रकारका अपाङ्गताको पहिचान गरी आवश्यकतानुसार आवासीय वा गैरआवासीय सुविधासहितको समावेशी वा विशेष सिकाइको प्रबन्ध गरिरिनेछ । ।

७. राष्ट्रिय योग्यता प्रारूपअनुसार अरीतिक, अनौपचारिक तथा औपचारिक शिक्षाबिच समकक्षताका लागि कानुनी प्रबन्ध गरी मापदण्ड विकास गरिनेछ ।

८. स्थानीय आवश्यकता, माग र स्रोतका आधारमा स्थानीय समुदायसँगको सहकार्यमा सामुदायिक सिकाइ केन्द्रहरूको आवश्यकतानुसार समायोजन, पुनर्संरचना तथा पुनर्वितरण गरी सामुदायिक सिकाइ केन्द्रलाई सुदृढ गरिनेछ ।
९. शिक्षक निर्देशिका, स्रोत सामग्री, सिकाइ सामग्री, स्वाध्ययन सामग्री, सन्दर्भ सामग्रीको विकास, परिमार्जन तथा समायोजन गर्ने एवम् तिनीहरूलाई विद्युतीय अनलाइन पोर्टलमार्फत सुलभ बनाईनेछ ।
१०. प्रत्येक सामुदायिक विद्यालयमा सूचना तथा प्रविधि प्रयोगशाला तथा सिकाइ सामग्रीसहितको पुस्तकालय र बुक कर्नर स्थापना गर्ने। प्रविधिको प्रयोगको अवसर बढाउन ज्ञान तथा सिपको विस्तार गरी खोजमूलक शिक्षण सिकाइका लागि अनुकूल वातावरण सुनिश्चित गरिनेछ ।
११. स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयनका लागि आवश्यक संरचनाको विकास गर्दै स्थानीय स्तरमा अनुगमन तथा पृष्ठपोषण क्रियाकलापलाई मूलप्रवाहीकरण गरिनेछ ।
१२. स्थानीय शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकहरूलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने। यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल तथा आवश्यकताअनुसार अनुभवी शिक्षकबाट सहयोग तथा मार्गदर्शन गर्ने पद्धतिको विकास गर्ने।शिक्षकको उपस्थिति, नियमितता तथा कार्यसम्पादनमा सुधार गरी नतिजाप्रति जबाफदेही हुने पद्धतिको विकासका लागि शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग जोडिनेछ ।
१३. विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक पूर्वाधारहरू पूरा गरी विद्यालयलाई बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री, वातावरणमैत्री बनाई प्रकोपबाट उत्थानशील बनाईनेछ । ।
१४. अपाङ्गताका प्रकार तथा स्वरूप पहिचान गरी उपयुक्त शैक्षिक विधिमार्फत अपाङ्गता भएका बालबालिकाहरूका लागि विद्यालय शिक्षाको प्रबन्ध गरिनेछ । ।
१५. विद्यालयहरूले आ-आफ्ना विद्यालयको सङ्कटापन्नताको मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत् योजना तयार गर्न हरेक स्थानीय सरकार र विद्यालयको क्षमता विकास गरिनेछ ।
१६. महामारीलगायत आपत्कालीन तथा सङ्कटापन्न अवस्थामा पनि विद्यालयहरू बालबालिकाहरूको शिक्षा पाउने अधिकार प्रत्याभूत भएको सुनिश्चित गर्न सक्षम बनाईने छ ।
१७. पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण, स्थानीय भूगोल र हावापानीका आधारमा मापदण्ड विकास गरिनेछ ।
१८. प्रत्येक विद्यालयमा पटक पटक नगरी एकै पटक पूर्वाधार विकासका सबै कार्य गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गरिनेछ ।
१९. विद्यालयमा शैक्षिक नेतृत्वलाई नतिजाप्रति उत्तरदायी बनाउन प्रधानाध्यापक छनोट गर्ने विद्यमान प्रणाली, तालिम र वृत्ति विकासमा सुधार गरिनेछ ।
२०. मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधि र सञ्जालको प्रयोग गर्न एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कनको विकास गर्ने र कार्यान्वयनका लागि आवश्यक पर्ने मार्गदर्शनको निर्माण गरिनेछ ।
२१. यस गाउँपालिकामा हिमपातका कारणले हिउदको समयमा विद्यालय सञ्चालन हुन नसक्ने भएका कारणले शैक्षिक सत्र फागुनबाट सुरूवात गर्ने आवश्यक प्रबन्ध गरिने छ ।

## २.६ कार्यनीति

यस योजनाको लक्ष्य, उद्देश्य, रणनीति हासिल गर्नको लागि देहाय बमोजिमका कार्यनीतिहरू अवलम्बन गरिनेछन।

१. सबै प्रारम्भिक बाल विकास कक्षामा न्यूनतम मापदण्ड बमोजिमका पूर्वाधारहरू तयार गरिने छ ।
२. प्रारम्भिक बाल विकास र शिक्षाका शिक्षकहरूको क्षमता विकास गर्न आधारभूत तालिम प्रदान गरिने छ ।
३. सबै प्रारम्भिक बाल विकास र शिक्षा कक्षामा बालबालिका अनुकूल बाह्य खेल सामग्री, सिकाइ र खेल सामग्रीको व्यवस्था गरिने छ ।
४. प्रारम्भिक सिकाइ र विकास मापदण्ड (Early Learning and Development standards) अनुसार सबै बालबालिकाहरूको प्रगति प्रतिवेदन तयार गरी सो अनुसार सिकाइका क्रियाकलापहरू सञ्चालन गरिने छ ।
५. प्रारम्भिक बाल विकास र शिक्षामा अभिभावकहरूको जबाफदेहिता बढाउन अभिभावकको सहभागितामा अभिभावक शिक्षा सञ्चालन गरिने छ ।

६. प्रारम्भिक बाल विकास र शिक्षामा भर्ना भएका बालबालिकाहरूको प्रारम्भिक पहिचान गरी कार्यगत सीमितताका आधारमा सिकाइ योजना तयार गरी सिकाइमा सहयोग गरिने छ ।
७. प्रारम्भिक बाल विकास केन्द्रहरूको नक्साङ्कन गरी पुन वितरण गरिने छ ।
८. विद्यालय भन्दा बाहिर रहेका बालबालिकाहरूको पहिचान गरी विद्यालयमा निरन्तरता गर्न आवश्यक सहयोग गरिने छ ।
९. लक्षित समुदायका बालबालिकाहरूलाई छात्रवृत्ति, स्टेश्नरी र आवश्यक सामग्रीको व्यवस्था गरिने छ ।
१०. दिवा खाजाको प्रभावकारी व्यवस्थापन गरिने छ ।
११. चिसो मौसममा बालबालिकाहरूको सिकाइलाई सहयोग पुऱ्याउनको लागि आवश्यकताका आधारमा न्यानो कक्षाकोठा तयार गर्न विद्यालयलाई आवश्यक सहयोग गरिनेछ ।
१२. आधारभूत तह सम्मको लागि स्थानीय पाठ्यक्रम तयार गरिने छ ।
१३. आधारभूत तहको स्थानीय पाठ्यक्रम अनुसार पाठ्यपुस्तक निर्माण गरी सबै बालबालिकालाई वितरण गरिने छ ।
१४. स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्न सबै विद्यालयहरूमा आवश्यक सन्दर्भ सामग्रीको व्यवस्था गरिनेछ ।
१५. सबै शिक्षकहरूलाई एकीकृत पाठ्यक्रमको तालिम प्रदान गरिनेछ ।
१६. विद्यालयका भौतिक पूर्वाधारलाई बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिक मैत्री र प्रविधि मैत्री अनुसार व्यवस्थापन गरिने छ ।
१७. विद्यालयमा अभिभावकको अनुगमनका लागि आवश्यक संयन्त्र निर्माण गरिने छ ।
१८. विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षक सङ्घका पदाधिकारीहरूको क्षमता विकास गर्ने क्रियाकलाप सञ्चालन गरिने छ ।

## २.७ अपेक्षित मुख्य उपलब्धिहरू

योजनाको अन्त्यसम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ ।

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने छन् । परिणामस्वरूप प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा भर्ना हुनेको प्रतिशत १०० पुगेको हुनेछ ।
२. सबै विद्यालयमा न्यूनतम शिक्षक दरबन्दीको व्यवस्था हुनेछ ।
३. माध्यमिक तहमा भर्नादर वृद्धि हुने र भर्ना भएका विद्यार्थीमध्ये उक्त तहको शिक्षाको चक्र पूरा गर्ने दरमा उल्लेख्य रूपमा सुधार भएको हुने।
४. माध्यमिक तहमा प्राविधिक शिक्षाको आवश्यकता, औचित्य र सम्भाव्यताको अध्ययन गरी प्राविधिक सिप हासिल गर्न चाहने विशेष रूपमा लक्षित विद्यार्थीहरूका लागि गुणस्तरीय, सान्दर्भिक, श्रम बजारअनुकूल र आवश्यकतामा आधारित प्राविधिक शिक्षा प्रदान गर्न सक्ने गरी क्षमता सुदृढ भएको हुने।
५. सबै युवा तथा प्रौढहरूले कार्यमूलक साक्षरता हासिल गरेका हुने
६. अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि हुने
७. सबै विद्यालयहरू व्यवहारकुशल/गैरसंज्ञानात्मक सिप, सामाजिक तथा नागरिक सक्षमतासहित सान्दर्भिक सिकाइ प्रदान गर्न सक्षम भएको तथा सूचना तथा सञ्चार प्रविधिमा विद्यार्थीहरूको पहुँच पुगेको हुने।
८. सबै विद्यालयमा पर्याप्त सङ्ख्यामा योग्य, तालिम प्राप्त, सक्षम, उत्साहित तथा पेसाप्रति प्रतिबद्ध तथा कार्यसम्पादनप्रति जिम्मेवार शिक्षकको व्यवस्था भएको हुने।
९. लैङ्गिकता, सामाजिक-आर्थिक अवस्था, अपाङ्गता, जातीय, प्रादेशिक, क्षेत्रीय, भाषिक पृष्ठभूमि आदिका आधारमा विद्यार्थी भर्ना, कक्षा सहभागिता तथा सिकाइ उपलब्धिजस्ता शैक्षिक सूचकमा हुने विद्यमान असमानताहरू घटेको हुने।
१०. सबै विद्यालयहरूमा बालमैत्री, अपाङ्गतामैत्री, प्रकोप उत्थानशील तथा सुरक्षित वातावरणसहित भौतिक पूर्वाधार भएको हुने।
११. विद्यार्थीको सिकाइप्रति प्रत्येक विद्यालयलाई उत्तरदायी बनाउने प्रणालीको व्यवस्था भएको हुने।
१२. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना मार्फत योजनाको कार्यान्वयनमा प्रभावकारिता तथा सक्षमता सुनिश्चित भएको हुने ।

## २.८ मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य

यस योजनामा उल्लेखित दुरदृष्टि, ध्येय तथा उद्देश्यहरूलाई परिपूर्ति गर्नका लागि निर्धारित अवधिमा प्राप्त हुने गरी देहायबमोजिमका मुख्य कार्यसम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य निर्धारण गरिएका छन् ।

## मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य

| सि.न. | सूचक | एकाइ | आधार वर्ष २०८०/८१ | लक्ष्य २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|
| १. प्रारम्भिक बाल विकास तथा शिक्षा | | | | | |
| १.१ | कूल भर्ना दर (GER) | प्रतिशत | ११५.२ | १०५.०० | |
| १.२ | खुद भर्ना दर (NER) | प्रतिशत | ८१.८ | ९५.०० | |
| १.३ | चार वर्षका बालबालिकाको भर्ना अनुपात | अनुपात | ३५.६२ | ९५.०० | |
| १.४ | न्यूनतम योग्यता पुगेका शिक्षकको प्रतिशत | प्रतिशत | १००.०० | १००.०० | |
| १.५ | आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | प्रतिशत | ०.०० | १००.०० | |
| १.६ | कक्षा १ को नवप्रवेशकी मध्ये प्रारम्भिक बाल विकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | प्रतिशत | ६६.७ | ८५.०० | |
| १.७ | प्रारम्भिक बाल विकास र शिक्षा राष्ट्रिय मापदण्ड अनुसार पुरा भएका बाल विकास केन्द्र | संख्या | ०.० | ८०.०० | |
| १.८ | प्रारम्भिक बाल विकास र शिक्षाको कुल भर्ना दरमा लैङ्गिक समता सुचाङ्क | अनुपात | ०.९ | १.०० | |
| २. आधारभूत शिक्षा | | | | | |
| २.१ | कक्षा १ मा कुल प्रवेश दर (GIR) | प्रतिशत | १०७.१ | १०२ | |
| २.२ | कक्षा १ मा खुद प्रवेश दर (NIR) | प्रतिशत | ६४.३ | ८५.०० | |
| २.३ | कक्षा १-५ मा कुल भर्ना दर (GER) | प्रतिशत | १०४.५ | १०१.५ | |
| २.४ | कक्षा १-५ मा खुद भर्ना दर (NER) | प्रतिशत | ९५.५ | ९८.०० | |
| २.५ | कक्षा १-५ को औसत सिकाइ उपलब्धि दर ( GPA) | प्रतिशत | ३.३ | ४.० | |
| २.६ | कक्षा १-८ को औसत सिकाइ उपलब्धि दर ( GPA) | प्रतिशत | ३.१ | ४.० | |
| २.७ | कक्षा १-५ को कक्षा दोहोऱ्याउने दर | प्रतिशत | १२.३ | ४.५ | |
| २.८ | कक्षा ६-८ को कक्षा दोहोऱ्याउने दर | प्रतिशत | १७.४ | ७.४ | |
| २.९ | कक्षा १-५ को कक्षा छाड्ने दर | प्रतिशत | ३.५ | ०.५ | |
| २.१० | कक्षा ६-८ को कक्षा छाड्ने दर | प्रतिशत | ० | ० | |
| २.११ | कक्षा १-८ मा कुल भर्ना दर (GER) | प्रतिशत | १०१.१ | १०१.० | |
| २.१२ | कक्षा १-८ मा खुद भर्ना दर (NER) | प्रतिशत | ८४.० | ९५.५ | |
| २.१३ | कक्षा १-८ मा खुद भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क (GPI) | प्रतिशत | १.०९ | १.०१ | |
| २.१४ | कक्षा १-५ को तह पुरा गर्ने दर | प्रतिशत | ९२.५ | ९५.५ | |
| २.१५ | कक्षा ८ मा टिकाउ दर (Survival Rate) | प्रतिशत | ५०.०१ | ८०.० | |
| २.१६ | आधारभूत शिक्षा (कक्षा १-८)को तह पुरा गर्ने दर | प्रतिशत | ५०.०१ | ८०.० | |
| ३ माध्यमिक शिक्षा | | | | | |
| ३.१ | कूल भर्ना दर कक्षा ९-१० (GER) | प्रतिशत | १००.०० | १००.०० | |
| ३.२ | खुद भर्ना दर कक्षा ९-१० (NER) | प्रतिशत | ६०.०० | ८०.०० | |
| ३.३ | कूल भर्ना दर कक्षा ९-१२ (GER) | प्रतिशत | २२.७ | ८०.० | |
| ३.४ | खुद भर्ना दर कक्षा ९-१२ (NER) | प्रतिशत | १३.६ | ५०.०० | |
| ३.७ | कक्षा १० सम्मको टिकाउ दर (Survival Rate) | प्रतिशत | १००.०० | १००.०० | |
| ३.९ | कक्षा ९-१२ मा खुद भर्ना दरका आधारमा लैङ्गिक समता सूचकाङ्क (GPI) | प्रतिशत | ४.० | १.२ | |
| ४. अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइप्रतिशत | | | | | |
| ४.१ | ५ वर्ष माथिको साक्षरता दर | प्रतिशत | ६७.९ | ९५.०० | |
| ४.२ | १५-२४ वर्षको साक्षरता दर | प्रतिशत | | | |
| ४.३ | १५ वर्ष माथिको साक्षरता दर | प्रतिशत | | | |
| ५. महिला शिक्षक प्रतिशत | | | | | |

| सि.न. | सूचक | एकाइ | आधार वर्ष २०८०/८१ | लक्ष्य २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|
| ५.१ | आधारभूत तह | प्रतिशत | २७.७८ | ४०.० | |
| ५.२ | माध्यमिक तह | प्रतिशत | ० | ४०.० | |
| ६. प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पुरा गरेका विद्यालय प्रतिशत | | | | | |
| ६.१ | प्रारम्भिक बाल विकास तथा शिक्षा केन्द्र | प्रतिशत | १००.०० | १००.० | |
| ६.२ | आधारभूत विद्यालय | प्रतिशत | १००.०० | १००.०० | |
| ६.३ | माध्यमिक विद्यालय | प्रतिशत | १००.०० | १००.०० | |
| ७. शिक्षा क्षेत्रमा विनियोजित बजेटको प्रतिशत | | प्रतिशत | | | |

# परिच्छेद ३- विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू

## पृष्ठभुमि

यस परिच्छेदमा विद्यालय शिक्षाका विभिन्न उपक्षेत्रहरूको स्थिति प्रस्तुत गरिएको छ। यसमा सम्बन्धित उपक्षेत्रबाट उपलब्ध हुने नतिजाका लागि तय गरिएको योजनाका उद्देश्य तथा रणनीतिहरू उल्लेख गरिएको छ। यस योजनामा समावेश गरिएका उपक्षेत्रहरूमा (क) प्रारम्भिक बाल शिक्षा तथा विकास[1] (ख) आधारभूत शिक्षा (ग) माध्यमिक शिक्षा (घ) अनौपचारिक शिक्षा तथा सिप विकास[2]। प्रत्येक उपक्षेत्रका लागि योजनाका अपेक्षित उपलब्धि, प्रतिफल, लक्ष्यहरू उल्लेख गरिएको छ।

## ३.२ प्रारम्भिक वाल विकास र शिक्षा

### ३.१.१ परिचय

प्रारम्भिक बाल शिक्षा तथा विकास ४ वर्ष (४८-६० महिना) का बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक विकासका साथै कक्षा १ का लागि आवश्यक आधारभूत सिकाइ सिपहरू विकासको तयारीको अवधि हो। नेपालमा प्रारम्भिक बाल शिक्षा तथा विकास उपक्षेत्रअन्तर्गत विभिन्न ढाँचा तथा अवधिमा कार्यक्रम सञ्चालन भईरहेका छन् जस्तै- प्रारम्भिक बाल विकास केन्द्र, विद्यालयमा आधारित पूर्व प्राथमिक शिक्षा तथा समुदाय/घरमा आधारित र अन्य। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, राष्ट्रिय शिक्षा नीति, २०७६ र पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) ले चार वर्षका बालबालिकाका लागि एक वर्षे प्रारम्भिक बाल शिक्षा तथा विकासका कार्यक्रमहरूको सुनिश्चितता गरेको छ। प्रारम्भिक बाल विकास राष्ट्रिय रणनीति (सन् २०२०-२०३०) ले ४-८ वर्षका बालबालिका लागि प्रारम्भिक बाल शिक्षादेखि कक्षा ३ सम्मका बालबालिकाको विकास तथा सिकाइका लागि मार्गचित्र प्रदान गरेको छ (रायोआ, २०७७)।माथि उल्लिखित नीतिगत व्यवस्थाबाट कक्षा १ मा भर्ना हुने बालबालिकाहरूले अनिवार्य रूपमा १ वर्षको पूर्व प्राथमिक शिक्षा पूरा गरेको हुनुपर्ने व्यवस्था कार्यान्वयनको विद्यालय शिक्षा क्षेत्र योजनामा आवद्ध गरिएको छ।

### ३.१.२ वर्तमान अवस्था

मनाङ डिस्याङ गाउँपालिका अन्तर्गत जम्मा १० वटा प्रारम्भिक बालविकास केन्द्रहरु सञ्चालनमा रहेका छन् । उक्त केन्द्रहरुमध्ये सामुदायिक विद्यालयमा आधारित १० र १ संस्थागत विद्यालयमा कक्षा रहेका छन् ।शैक्षिक तथ्याङ्क २०८० अनुसार प्रारम्भिक बालविकास केन्द्रमा विद्यार्थी खुद भर्ना दर ८१.८ प्रतिशत पुगेको छ । प्रारम्भिक बाल विकास र शिक्षाको कुल भर्नादर ११५.२ प्रतिशत र प्रारम्भिक बाल विकास र शिक्षामा कुल भर्नादरमा लैङ्गिक समता सुचाङ्क ०.९ रहेको छ । त्यसै गरी कक्षा १ मा खुद नयाँ भर्नादरमा ६६.७ प्रतिशत प्रारम्भिक बाल विकास र शिक्षाको अनुभव लिएर आउने गर्दछन् ।पहुँच तथा सहभागितामा प्रारम्भिक बाल शिक्षा तथा विकासमा प्रशंसनीय प्रगति भएको भए तापनि उल्लेख्य सङ्ख्याका, विशेष गरी विपन्न, ग्रामीण तथा सीमान्तकृत र सङ्कटापन्न समुदायका बालबालिका अझै शैक्षिक प्रणालीबाहिर नै छन् । प्रारम्भिक बालविकास तथा शिक्षाको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**प्रारम्भिक बाल विकाससम्बन्धी विवरण २०८१**

[1] शिक्षा ऐन तथा नियमावलीअनुसार प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा आधारभूत शिक्षाकै अंश हो। प्रारम्भिक सिकाइका लागि प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षाको आफ्नै रणनीति तथा क्रियाकलाप भएको हुनाले यसलाई योजनामा कार्यक्रमिक प्रक्रियाका रूपमा छुट्टै उपक्षेत्र मानी प्रस्तुत गरिएको छ।

[2] यसमा विद्यालय शिक्षा क्षेत्र योजनाको क्षेत्रभन्दा बाहिर पनि निरन्तर र जीवनपर्यन्त सिकाइका लागि प्रबन्ध र तयारी पक्ष समेटिन्छ।

| सि.नं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | प्रारम्भिक बाल विकास र शिक्षा केन्द्र सङ्ख्या | ११ | |
| २ | विद्यार्थी सङ्ख्या | ७३ | |
| ३ | केन्द्र र विद्यार्थी अनुपात | ७.३ | |
| ४ | कुल भर्नादर( प्रतिशत) | ११५.२ | |
| ५ | खुद भर्नादर (प्रतिशत) | ८१.८ | |
| ६ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना प्रतिशत | ६६.७ | |
| ७ | सरकारी अनुदानको प्रारम्भिक बालविकास केन्द्र नभएका विद्यालय सङ्ख्या | १० | |
| ८ | सहजकर्ताको योग्यता | ० | |
| | एस.इ.इ भन्दा कम | ० | |
| | एस.इ.इ | ० | |
| | एस.इ.इ भन्दा बढी | ९ | |
| ८ | न्यूनतम पूर्वाधार पूरा भएका प्रारम्भिक बाल विकास र शिक्षा केन्द्र सङ्ख्या | १० | |
| ९ | ३० दिनको तालिम सहजकर्ता सङ्ख्या | ० | |

माथिको तालिका अनुसार विद्यालय संख्याको आधारमा प्रारम्भिक बालविकास र शिक्षा केन्द्र सञ्चालनमा रहेको भएतापनि विद्यार्थी संख्या न्युन रहेको देखिन्छ । सबै प्रारम्भिक बालविकास र शिक्षा केन्द्रमा न्युनतम पुर्वाधार समेत पुगेको छैन । अधिकांश प्रारम्भिक बाल विकास केन्द्र शिक्षकहरुले आधारभूत तालिम प्राप्त गरेका छैनन् । यस गाउँपालिकाको वडागतरूपमा प्रारम्भिक बाल विकास र शिक्षा केन्द्रको वितरण अवस्था तलको तालिका दिइएको छ ।

**तालिकाः वडागत सामुदायिक बालविकास तथा शिक्षा केन्द्र वितरण**

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | २ | १ | १ | १ | १ | २ | १ | ० | १ | १० |

माथिका तालिकाबाट हेर्दा प्रारम्भिक बालविकास केन्द्रको वितरण सबै वडा भएको देखिएतापनि वितरणमा समानता देखिदैन ।

उल्लिखित विश्लेषणका आधारमा प्रारम्भिक बालविकास तथा शिक्षाको क्षेत्रमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छ ।

- सबै प्रारम्भिक वालविकास र शिक्षाका शिक्षकहरुले आधारभुत तालिम प्राप्त गर्न।
- सबै प्रारम्भिक बाल विकास र शिक्षा कक्षामा प्रयाप्त मात्रामा सिकाइ तथा खेल सामग्री उपलब्ध गराउन, ।
- प्रारम्भिक बाल विकास र शिक्षा मापदण्ड अनुसार सबै बाल विकास कक्षामा न्यूनतम मापदण्ड पुरा गर्न ।
- सबै प्रारम्भिक बाल विकास र शिक्षा केन्द्रमा छुट्टै व्यवस्थापन समिति गठन गर्न ।
- हिउदको समयमा अत्याधिक हिमपात हुने भएका प्रारम्भिक बाल विकास र शिक्षा कक्षाहरु नियमित सञ्चालन गर्न ।

### ३.१.३ उद्देश्य

यस योजनाले प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका निम्नलिखित उद्देश्यहरू लिएको छ :

१. गुणस्तरीय प्रारम्भिक बाल शिक्षा तथा विकासमा चार वर्ष उमेरका सबै बालबालिकाहरूको पहुँच तथा सहभागिता भएको तथा तह पूरा गरेको सुनिश्चित गर्नु।

२. प्रारम्भिक बाल शिक्षा तथा विकासमा सहभागी चार वर्षका सबै बालबालिकाहरूमा शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक विकास तथा विद्यालयका लागि तयारी सुनिश्चित गर्नु।

३. प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित सबै बालबालिकाहरूलाई कक्षा १ मा भर्ना गराउनु ।

### ३.१.४ रणनीति

योजनाका उद्देश्यहरू प्राप्त गर्न निम्नलिखित रणनीतिहरू अबलम्बन गरिने छ :

१. प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रममा बालबालिकाहरू भर्ना भएको सुनिश्चित गर्न, केन्द्रमा हिंसा, दुर्व्यवहारबाट सुरक्षित राख्न पर्याप्त प्रबन्ध गर्ने र विपद् तथा आपतकालीन अवस्थामा समेत वैकल्पिक सिकाइ व्यवस्था गरी पूर्व प्राथमिक शिक्षालाई निरन्तरता दिईनेछ ।
२. प्रारम्भिक बाल शिक्षा तथा विकास सेवाका न्यूनतम मापदण्डको कार्यान्वयन, अनुगमन तथा परिपालना गराउन स्थानीयस्तरमा स्रोत तथा मार्गदर्शन प्रदान गरिनेछ ।
३. सिकाइको लागि भौतिक तथा शैक्षिक वातावरणलाई बालमैत्री, समावेशी (लैङ्गिक/अपाङ्गतामैत्री) बनाउन प्रारम्भिक बाल विकास केन्द्र/कक्षालाई सहयोग गरिनेछ ।
४. बालबालिकाको पोषण तथा स्वास्थ्यसम्बन्धी आवश्यकता पूरा गर्न विद्यालयमा दिवा खाजाको प्रबन्धका साथै सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य र समन्वय गरी सुरक्षित पानी, सरसफाइ तथा स्वच्छता, जाँच परीक्षण तथा सिफारिस सेवा प्रदान गरिनेछ।
५. प्रारम्भिक बाल शिक्षा तथा विकासका बालबालिकाहरूमा व्यक्तिगत सरसफाइ तथा सामाजिक सिप जस्ता समूह सिकाइ अभ्यासको प्रवर्धन गरिनेछ ।
६. बालबलिकाहरूको आवश्यकताअनुसार भाषिक विकास तथा सञ्चारका लागि माध्यम भाषाका रूपमा परिचित भाषाको प्रयोगमा सहजीकरण गर्न मातृभाषा र/वा स्थानीय भाषामा स्रोतसामग्रीहरूको विकास गरिनेछ।
७. प्रारम्भिक बाल विकास र शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नका लागि निर्धारित न्यूनतम मापदण्ड, पाठ्यक्रम, प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड अनुसार प्रारम्भिक बाल विकास तथा शिक्षा सञ्चालन गरिनेछ ।
८. प्रारम्भिक बाल कक्षा शिक्षकहरूको पेसागत विकासका लागि विभिन्न तालिमका कार्यक्रम सञ्चालन गरिनेछ ।
९. प्रारम्भिक बाल विकास र शिक्षाका सबै शिक्षकहरूलाई आधारभूत तालिम प्रदान गरिनेछ ।
१०. प्रारम्भिक बाल विकास र शिक्षामा उपयुक्त सिकाइ तथा खेल सामग्रीको व्यवस्थापन गरी कक्षाकोठामा सिकाइको वातावरण तयार गरिनेछ ।
११. राष्ट्रिय पाठ्यक्रम प्रारूपमा आधारित भई प्रारम्भिक बाल विकास तथा शिक्षाका लागि न्यूनतम सिकाइ कार्य घण्टा सुनिश्चित गरिनेछ ।
१२. प्रारम्भिक बाल विकास र शिक्षा कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय र विद्यालयलाई जिम्मेवार बनाइनेछ ।

### ३.१.५ प्रमुख उपलब्धी तथा नतिजा

**क) उपलब्धी**

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने ।
२. पाँच वर्ष पुग्दा सबै बालबालिकाहरूले गुणस्तरीय प्रारम्भिक बाल शिक्षा तथा विकास सेवा पूरा गरी कक्षा १ का लागि तत्पर भएको हुने।

**ख) नतिजा र परिमाणात्मक लक्ष्य**

यस योजनाको कार्यान्वयनबाट प्रारम्भिक बाल विकास र शिक्षामा निम्नलिखित मुख्य नतिजा हासिल हुने छनः

| क्रस | सुचकहरू | आधार बर्ष २०८०/२०८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बाल विकास र शिक्षामा कुल भर्ना दर | ११५.२ | ११२.० | ११०.०० | १०८.०० | १०६.५ | १०५.०० |
| २ | प्रारम्भिक बाल विकास र शिक्षामा खुद भर्ना दर | ८१.८ | ८३.०० | ८५.०० | ९०.०० | ९२.०० | ९५.०० |
| ३ | प्रारम्भिक बाल विकास र शिक्षाको कुल भर्ना दरमा लैङ्गिक समता सुचाङ्क | ०.९ | ०.८ | ०.७ | ०.५ | ०.४ | १.०० |
| ४ | न्यूनतम मापदण्ड पुरा गरेका बाल विकास केन्द्रहरूको सङ्ख्या | ० | ० | ४ | ६ | ८ | १० |
| ५ | प्रारम्भिक बाल विकासको अनुभव सहित कक्षा १ मा भर्ना भएका | ६६.७ | ६८.०० | ७५.० | ७८.० | ८२.०० | ८५.०० |

| क्रस | सुचकहरू | आधार बर्ष २०८०/२०८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| | बालबालिकाको दर | | | | | | |
| ६ | आधारभूत तालिम प्राप्त शिक्षकको सङ्ख्या | ० | ० | १००.०० | १००.०० | १००.०० | १००.०० |
| ७ | बालबालिकाको कार्यगत सीमितता परीक्षण गर्ने प्रारम्भिक बाल विकासको सङ्ख्या | ० | ० | १० | १० | १० | १० |

### ३.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

यस योजनाको प्रमुख उपलब्धी तथा नतिजा प्राप्ति गर्नको लागि निम्नलिखित प्रमुख क्रियापलाक र वार्षिक लक्ष्य अनुसार योजना कार्यान्वयन हुनेछ ।

| क्र सं | कार्यक्रमहरू | एकाइ | भौतिक लक्ष्य ( ५ वर्षको ) | | | | | | १० बर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ वर्षको जम्मा | |
| १ | बाल विकास शिक्षकहारूलाई आधारभू त तालिम | जना | ० | ११ | ० | ० | ० | ११ | २२ |
| २ | बाल विकास शिक्षकहरूको तलब भत्ता | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ३ | बाल विकास शिक्षकलाई कार्य सम्पादनका आधारमा पुरस्कार | पटक | ० | १ | १ | १ | १ | ४ | ९ |
| ४ | बाल विकास केन्द्रलाई सिकाइ सामग्री व्यवस्थापन | केन्द्र | ० | ३ | ३ | ३ | १ | १० | १० |
| ५ | बाल विकास केन्द्रलाई बाह्य खेल सामग्री | केन्द्र | ० | ३ | ३ | ३ | १ | १० | १० |
| ६ | बाल विकास केन्द्रमा न्यानो कपडा सहित बसाई व्यवस्थापन | केन्द्र | | ३ | ३ | ३ | १ | १० | १० |
| ७ | पोषण सहितको दिवा खाजा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ८ | उमेर अनुसारको फर्निचर व्यवस्थापन | केन्द्र | ० | ३ | ३ | ३ | १ | १० | १० |
| ९ | भान्छाकोठा सामग्री व्यवस्थापन | केन्द्र | ० | ३ | ३ | ३ | १ | १० | १० |
| १० | बालबालिकालाई न्यानो पोषाक व्यवस्थापन | पटक | ० | १ | १ | १ | १ | ४ | १० |
| ११ | बालबालिकाको अभिलेखीकरण तथा पोर्टफोलियो व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १२ | कार्यगत सीमितता भएका बालबालिकाहरू पहिचान गरी सिकाइमा सहयोग ( प्रारम्भिक पहिचान) | पटक | १ | १ | १ | १ | | ४ | १० |
| १३ | न्यूनतम मापदण्ड अनुसार बाल विकास केन्द्र व्यवस्थापन | पटक | १ | १ | १ | १ | | ४ | १० |

| क्र सं | कार्यक्रमहरू | एकाइ | भौतिक लक्ष्य ( ५ वर्षको ) | | | | | | १० बर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ वर्षको जम्मा | |
| १४ | अभिभावक शिक्षा कार्यक्रम | पटक | १ | १ | १ | १ | | ४ | १० |
| १५ | प्रारम्भिक बाल विकास र शिक्षा सम्बन्धमा सरोकारवाला निकायहरूसँग अन्तरक्रिया कार्यक्रम | पटक | ० | १ | १ | १ | | ३ | ८ |
| १६ | अनुगमन तथा मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १७ | बाल विकास केन्द्रको लेखाजोखआ | पटक | ० | १ | ० | १ | ० | २ | ४ |

### ३.१.७ लगानी र स्रोत व्यवस्थापन

प्रारम्भिक बालविकास र शिक्षाका लागि योजना अवधिभरमा प्रस्ताव गरिएका कार्यक्रमहरुको कार्यान्वयनका लागि योजनमा विशेष गरी संघीय, प्रदेश तथा स्थानीय सरकारहरुलाई जिम्मेवार र जवाफदेही बनाइएको छ ।सो बमोजिमको दायित्व निर्वाह गर्नेगरी देहाय बमोजिम लगानी तथा स्रोतको अनुमान एवं प्रक्षेपण गरिएको छ ।

| क्र सं | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ बर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| १ | बाल विकास शिक्षकहारूलाई आधारभूत तालिम | जना | ० | ७१५ | ० | ० | ० | ७१५ | ० | ३५८ | ३५८ | ० |
| २ | बाल विकास शिक्षकहरूको तलब भत्ता | पटक | २६०० | २६०० | २६०० | २६०० | २६०० | १३००० | १३००० | ० | ० | ० |
| ३ | बाल विकास शिक्षकलाई कार्य सम्पादनका आधारमा पुरस्कार | पटक | ० | २० | २० | २० | २० | ८० | ० | ० | ८० | ० |
| ४ | बाल विकास केन्द्रलाई सिकाइ सामग्री व्यवस्थापन | केन्द्र | ० | ३०० | ३०० | ३०० | १०० | १००० | ० | ० | १००० | ० |

| क सं | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ बर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| ५ | बाल विकास केन्द्रलाई बाह्य खेल सामग्री | केन्द्र | ० | १५० | १५० | १५० | ५० | ५०० | ० | ० | ५०० | ० |
| ६ | बाल विकास केन्द्रमा न्यानो कपडा सहित बसाई व्यवस्थापन | केन्द्र | ० | १५० | १५० | १५० | ५० | ५०० | ० | ५०० | ० | ० |
| ७ | पोषण सहितको दिवा खाजा व्यवस्थापन | पटक | ९०० | ९०० | ९०० | ९०० | ९०० | ४५०० | ४५०० | ० | ० | ० |
| ८ | उमेर अनुसारको फर्निचर व्यवस्थापन | केन्द्र | ० | ३०० | ३०० | ३०० | १०० | १००० | 0 | 0 | १००० | 0 |
| ९ | भान्छाकोठा सामग्री व्यवस्थापन | केन्द्र | ० | ९० | ९० | ९० | ३० | ३०० | 0 | 0 | ३०० | 0 |
| १० | बालबालिकालाई न्यानो पोषाक व्यवस्थापन | पटक | ० | ३०० | ३०० | ३०० | ३०० | १२०० | 0 | 0 | १२०० | |
| ११ | बालबालिकाको अभिलेखीकरण तथा पोर्टफोलियो व्यवस्थापन | पटक | १५ | १५ | १५ | १५ | १५ | ७५ | ७५ | 0 | 0 | 0 |
| १२ | कार्यगत सीमितता भएका बालबालिकाहरू पहिचान गरी सिकाइमा सहयोग ( प्रारम्भिक पहिचान) | पटक | २५ | २५ | २५ | २५ | ० | १०० | १०० | 0 | 0 | 0 |
| १३ | न्यूनतम मापदण्ड अनुसार बाल विकास केन्द्र व्यवस्थापन | पटक | १५० | १५० | १५० | १५० | ० | ६०० | 0 | 0 | ६०० | 0 |
| १४ | अभिभावक शिक्षा कार्यक्रम | पटक | ५० | ५० | ५० | ५० | ० | २०० | 0 | 0 | ० | २०० |
| १५ | प्रारम्भिक बाल विकास र शिक्षा सम्बन्धमा सरोकारवाला निकायहरूसँग अन्तरक्रिया कार्यक्रम | पटक | ० | ५० | ५० | ५० | ० | १५० | 0 | 0 | 0 | १५० |
| १६ | अनुगमन तथा मूल्याङ्कन | पटक | १२ | १२ | १२ | १२ | १२ | ६० | १२ | 0 | 0 | 0 |
| १७ | बाल विकास केन्द्रको लेखाजोखआ | पटक | ० | ५० | ० | ५० | ० | १०० | 0 | 0 | १०० | 0 |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन तथा सामाजिक समायोजनमा सहयोग गर्छ र थप सिकाइ तथा माध्यमिक शिक्षाका लागि तयारीको सुनिश्चितता गर्दै आधारभूत ज्ञान, सिप तथा अभिवृत्तिको विकास गर्छ। यसले निरन्तर सिकाइका लागि मार्ग प्रशस्त गर्दै विद्यार्थीहरूको सर्वाङ्गीण विकासका साथै मुलुकको सामाजिक-आर्थिक रूपान्तरणमा सहभागी हुन लागि सक्षम बनाउँछ। आधारभूत शिक्षाका प्रारम्भिक वर्षहरू (कक्षा १-३) मा बालबालिकाहरूले आधारभूत सिकाइ सिपहरू (गणित, साक्षरता, व्यवहारकुशल सिप, अन्तरवैयक्तिक सिप) सिक्छन्। यसले उनीहरूलाई भविष्यको सिकाइमा मद्दत गर्छ। प्रारम्भिक बाल विकासको अनुभवसहित कक्षा १ मा भर्ना भएका बालबालिकाहरूले भविष्यमा बढी सिक्ने सम्भावना देखिएको छ, विद्यालयको तयारीका लागि यो मुख्य सूचक हो।

नेपालको संविधानले सबैका लागि अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गरेको छ। सबै बालबालिकाको गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्नु राज्यको दायित्व हो। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ का अनुसार बालबालिकाहरूलाई विद्यालय पठाउन अभिभावकका साथै सरकारका तीनै तह जिम्मेवार छन्। यस खण्डमा आधारभूत शिक्षाको सन्दर्भ, चुनौती तथा अवसरहरूको पुनरावलोकन गरिएको छ। यसका आधारमा उद्देश्य, रणनीति, लक्षित प्रतिफल तथा मुख्य क्रियाकलापहरूको रूपरेखा प्रस्तुत गरिएको छ।

### ३.२.२ वर्तमान अवस्था

मनाङ डिस्याङ गाउँपालिकामा आधारभूत तहमा १० वटा विद्यालयहरू सञ्चालनमा रहेका छन् । जस मध्ये १-५ कक्षा ६ र १-८ कक्षा ३ वटा विद्यालयहरू सञ्चालन रहेका छन् । यस गाउँपालिकामा आधारभूत तह सम्म १०३ बालबालिकाहरू अध्ययन गरिरहेका छन् । जस मध्ये ५० छात्रा, ५३ छात्र रहेका छन। यस गाउँपालिकामा आधारभूत तह(१-५) को खुद भर्ना दर ९५.५प्रतिशत र कुल भर्ना दर १०४.५ प्रतिशत रहेको छ । भने आधारभूत तह (१-५) कुल भर्ना दरमा लैङ्गिक समता सुचाङ्क १.२३ रहेको छ । आधारभूत तह (१-५) कक्षा दोहर्‍याउने दर १२.३% रहेको भने उत्तीर्ण दर ७९.९ प्रतिशत रहेको छ । यस गाउँपालिकामा ४.५ प्रतिशत बालबालिकाहरू आधारभूत तह(१-५) उमेर समूहका बालबालिकाहरू विद्यालय भन्दा बाहिर रहेका छन् । त्यसै गरी आधारभूत तह (१-८) को खुद भर्ना दर ९२.३ प्रतिशत र कुल भर्ना दर १०१.१ प्रतिशत रहेको छ भने लैङ्गिक समता सूचक १.०९रहेको छ। अझै पनि आधारभूत तहको उमेर समूहका ७.७ प्रतिशत बालबालिका विद्यालय बाहिर रहेको अवस्था विद्यमान छ । अझै पनि आधारभूत शिक्षाको पहुँचमा आर्थिक तथा सामाजिक अवस्था तथा भौगोलिक अवस्थितिमा आधारित केही असमानताहरू रहेका छन् ।आर्थिक तथा सामाजिक रूपले पछाडि परेका सीमान्तकृत समुदायका दलित जनजाति कठिन अवस्थामा रहेका तथा दुर्गम भौगोलिक क्षेत्रका बालबालिकाको पहुँचको अवस्था तुलनात्मक रूपले कमजोर छ । आधारभूत तहमा निःशुल्क र अनिवार्य व्यवस्थालाई पूर्णरुपमा कार्यान्वयन गरिनु जरुरी छ । विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री समावेशी र सुरक्षित बनाउन थप प्रयास गरिनु आवश्यक छ ।बालबालिकाको विकास तथा सिकाइलाई प्रभाव पार्ने पोषण स्वास्थ्य सरसफाइ तथा दिवा खाजा जस्ता सेवाहरूमा विस्तार तथा सुधार गर्नुपर्ने छ ।पेशागत रूपमा सक्षम योग्य योग्य शिक्षकको अपर्याप्तता र विद्यालयको नेतृत्व तथा व्यवस्थापनका पक्षमा भएका विभिन्न समस्याहरूले पनि आधारभूत शिक्षाको पहुँच र गुणस्तरमा असर परेको देखिन्छ । आधारभूत तहमा बालबालिकाको विद्यालय छाड्ने र कक्षा दोहोर्‍याउने उच्च दरका कारण तह पुरा गर्ने दरमा अपेक्षित सुधार नहुँदा यस तहको आन्तरिक सक्षमतामा सुधार गर्नु आवश्यक देखिएको छ ।

जनसाङ्ख्यिक परिवर्तन, बसाइँसराइ, बस्तीको स्वरूपमा आएको परिवर्तनका कारण आधारभूत तहका धेरै विद्यालयहरूको नक्शाङ्कन गरी समायोजन गर्न आवश्यक छ। विद्यालयका भौतिक तथा शैक्षिक (बाल/ लैङ्गिक/अपाङ्गतामैत्री) अवस्था पहुँचयोग्य तथा समावेशी बनाउन थप प्रयास आवश्यक छ। यसै गरी पोषण, स्वास्थ्य, पानी, सरसफाइ आदि जस्ता बालबालिकाहरूको विकास, कल्याण तथा सिकाइमा प्रभाव पार्ने सेवाहरूलाई विस्तार तथा एकीकरण गर्नु आवश्यक छ। मनाङ डिस्याङ गाउँ पालिकाको आधारभूत शिक्षासंग सम्बन्धित प्रमूख शैक्षिक सूचकहरु तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्रस | सूचकहरू | हालको अवस्था २०८१/२०८२ |
|---|---|---|
| १ | कक्षा १ मा कुल प्रवेश दर (GIR) | १०७.१ |
| २ | कक्षा १ मा खुद प्रवेश दर (NIR) | ६४.३ |
| ३ | कक्षा १-५ मा कुल भर्ना दर(GER) | १०४.५ |
| ४ | कक्षा १-५ मा खुद भर्ना दर(NER) | ९५.५ |
| ५ | कुल भर्ना दर (१-८) | १०१.१ |
| ६ | खुद भर्ना दर (१-८) | ९२.३ |
| ७ | कक्षा १-५ को औसत सिकाइ उपलब्धि दर ( GPA) | ३.३ |
| ८ | कक्षा १-८ को औसत सिकाइ उपलब्धि दर ( GPA) | ३.१ |
| ९ | कक्षा १-५ को कक्षा दोहोऱ्याउने दर | १२.३ |
| १० | कक्षा १-८ को कक्षा दोहोऱ्याउने दर | ० |
| ११ | कक्षा १-५ को कक्षा छाड्ने दर | ३.५ |
| १२ | कक्षा ६-८ को कक्षा छाड्ने दर | ० |
| १३ | उत्तिर्ण दर ( कक्षा १-५) | ७९.९ |
| १४ | उत्तिर्ण दर ( कक्षा ६-८) | ७८.३ |
| १५ | कक्षा १-८ मा खुद भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क (GPI) | १.०९ |
| १६ | कक्षा १-५ को तह पुरा गर्ने दर | ९२.५ |
| १७ | कक्षा ८ मा टिकाउ दर (Survival Rate) | ५०.०१ |
| १८ | आधारभूत शिक्षा(कक्षा १-८)को तह पुरा गर्ने दर | ५०.१ |
| १९ | आधारभूत तह (कक्षा १-५) मा विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ४.५ |
| २० | आधारभूत तह (कक्षा १-८) मा विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ७.७ |
| २१ | आधारभूत तह तालिम प्राप्त शिक्षकको प्रतिशत | १००.०० |

माथिको तालिका विश्लेषण गर्दा अधिकाँश शैक्षिक सूचकहरु राष्ट्रिय मानकसँग मिल्दोजुल्दो देखिएका छन् । कुल भर्नादर घटाई अधिकतम् १०० प्रतिशतमा ल्याउनुपर्ने तथा खुद भर्नादर बढाई शतप्रतिशत पुऱ्याउनु हाम्रो दायित्व रहेको छ ।आधारभूत तहमा मिश्रित उमेर समुहका बालबालिकाहरु (Under age, Correct age and Over age) भर्ना भएकोले यसको प्रतिशत उच्च देखिएको छ भने सही उमेर समूह (५-१२) मात्र भर्ना गर्ने वातावरण निर्माणका लागि प्रणालीको विकास गरिनु आवश्यक छ ।

यस गाउँपालिकामा आधारभूत शिक्षा कार्यान्वयनका लागि समस्या र चुनौतीहरू देहाय बमोजिम रहेका छ ।

- पाठ्यक्रमले तोके अनुसार सिकाइ उपलब्धि बढाउन,
- दिनानुदिन यस गाउँपालिकामा बालबालिकाहरूको पालिका भन्दा बाहिर रहेका विद्यालयमा भर्ना हुने दर बढ्दै गइरहेको छ, जसका करणले यस पालिकाको विद्यालयमा बालबालिकाहरूलाई टिकाई राख्न।
- विद्यालयमा बालमैत्री र अपाङ्गमैत्री भौतिक पूर्वाधार व्यवस्थापन गर्न ।
- अपाङ्गता भएका बालबालिकाहरूको आधारभूत शिक्षामा पहुँच वृद्धि गर्न ।
- यस गाउँपालिकामा हिउदमा हिमपात हुने भएकाले शैक्षिक सत्र भरि कक्षा सञ्चालन गर्न
- बिचमा कक्षा छोड्ने दर घटाउन

## ३.२.३ उद्देश्य

यस योजनाले आधारभुत शिक्षा कार्यक्रमका निम्नलिखित उद्देश्यहरू लिएको छ :

१. सबैको लागि समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गर्नु।

२. विद्यालयमा भर्ना भएका सबै बालबालिकाहरूलाई न्यूनतम सिकाइ उपलब्धिसहित आधारभूत तहको शिक्षाको पूर्ण चक्र पूरा गर्न समर्थ तुल्याउनु।
३. प्रारम्भिक कक्षाहरूका बालबालिकाहरूको आधारभूत साक्षरता तथा गणितीय सिपको सुनिश्चितता गर्नु।
४. आधारभूत तहमा अध्ययनरत सबै बालबालिकाहरूको सिकाइ उपलब्धि सुधार गर्नु।
५. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गर्नु र विद्यालय पद्धतिलाई समावेशी, उत्थानशील र जवाफदेही बनाउनु।

### ३.२.४ रणनीति

योजनाका उद्देश्यहरू प्राप्त गर्न निम्नलिखित रणनीतिहरू अबलम्बन गरिने छ :

१. सबै बालबालिकालाई पहुँचयोग्य शैक्षिक सुविधा तथा समान अवसर प्रदान गर्न औचित्यपूर्ण रूपमा विद्यालयको वितरण सुनिश्चित गर्न विद्यालय नक्साङ्कन गरिनेछ।

२. सबैका लागि निःशुल्क विद्यालय शिक्षा सुनिश्चित गर्न खास गरी विपन्न, सुविधाविहीन, विभिन्न कठिन परिस्थितिमा रहेका, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी हुन सहयोग हुने गरी छात्रवृत्ति प्रणालीको प्रभावकारी कार्यान्वयनमा सुधार ल्याईनेछ ।

३. स्थानीय स्वास्थ्यसम्बन्धी र अन्य सरकारी तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य तथा समन्यव गरी आधारभूत तहका बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सहयोग पुग्ने गरी विद्यालयमा दिवा खाजाको प्रबन्ध गरिनेछ ।

४. आधारभूत तहका बालबालिकालाई सुरक्षित पानी, सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य र पोषण सेवा तथा शिक्षा प्रदान गरिनेछ।

५. सबै विद्यालयले बृहत् विद्यालय सुरक्षा मापदण्ड पूरा गर्न विद्यालय सुरक्षाको अवधारणालाई प्रवर्धन गरिनेछ ।

६. कक्षा १-३ को एकीकृत पाठ्यक्रमअनुसार साक्षरता तथा गणितीय सिपको आधारभूत सक्षमतामा सुधार गरिनेछ ।

७. सिकाइ क्रियाकलापमा बालबालिकाहरूको सहभागिताका लागि भौतिक तथा शैक्षिक वातावरण सुधार गरी विद्यालयलाई भय, विभेद, दुर्व्यवहारमुक्त, समावेशी बालमैत्री तथा सुरक्षित बनाईने छ।

८. विद्यालय शिक्षालाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकूल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधताअनुकूलको माध्यम भाषाको उपयोग तथा सामाजिक सांस्कृतिक विविधताको सम्मान हुने गरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गरिनेछ ।

९. विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी सोका आधारमा सिकाइ सहजीकरणको प्रक्रिया तथा जवाफदेहीतामा सुधार गरिनेछ ।

१०. मापदण्डअनुसार पर्याप्त सङ्ख्यामा योग्य, उत्प्रेरित र सक्षम शिक्षक व्यवस्था गरिनेछ।

११. शिक्षकको अनुपस्थिति वा अन्य कुनै कारणले विद्यार्थीको सिकाइमा पर्ने बाधा न्यून गर्न शिक्षक सहायक, स्वयम् सेवी वा सट्टा शिक्षकबाट कक्षा सञ्चालन गरिनेछ ।

१२. एकीकृत पाठ्यक्रमको कार्यान्वयन गर्न र शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई व्यवस्थित शिक्षकको शैक्षणिक तथा डिजीटल सिपको विकास गरिनेछ ।

१३. आपत्कालीन तथा सङ्कटको परिस्थितिमा सिकाइको निरन्तरता सुनिश्चतता गर्ने गरी विद्यालयहरूको क्षमता विकास गरिनेछ ।

### ३.२.५ प्रमुख उपलब्धी तथा नतिजा

**क) उपलब्धी**

१. पाँच देखि बाह्र वर्ष उमेर समूहका सबै बालबालिका विद्यालयमा भर्ना भई सबैले आधारभूत शिक्षाको चक्र पूरा गरेका हुने।
२. विद्यार्थीको समग्र शैक्षिक उपलब्धिमा उल्लेख्य सुधार भई आधारभूत तहका सबै विद्यार्थीहरूले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका हुने।
३. लैङ्गिक, सामाजिक-आर्थिक अवस्था, अपाङ्गता, जातिगत, भाषिक पृष्ठभूमि, प्रादेशिक, क्षेत्रीय वा अन्य कुनै पनि आधारमा विद्यार्थीको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा हुने सबै प्रकारका विभेद न्यूनीकरण भएको हुने।

**ख) नतिजा र परिमाणात्मक लक्ष्य**

यस योजनाको कार्यान्वयनबाट आधारभुत शिक्षामा निम्नलिखित मुख्य नतिजा हासिल हुने छन:

| क्रस | सुचकहरू | आधार बर्ष २०८१/२०८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | कक्षा १ मा कुल प्रवेश दर (GIR) | १०७.१ | १०६.१ | १०५.०० | १०४. | १०३.० | १०२.०० |
| २ | कक्षा १ मा खुद प्रवेश दर (NIR) | ६४.३ | ६८.०० | ७२.०० | ७८.०० | ८१.०० | ८५.०० |
| ३ | कक्षा १-५ मा कुल भर्ना दर(GER) | १०४.५ | १०३.५ | १०३.०० | १०२.५ | १०२ | १०१.५ |
| ४ | कक्षा १-५ मा खुद भर्ना दर(NER) | ९५.५ | ९५.९ | ९६.०० | ९६.५ | ९७.०० | ९८.०० |
| ५ | कुल भर्ना दर (१-८) | १०१.१ | १०१.१ | १०१.१ | १०१.१ | १०१.१ | १०१.०० |
| ६ | खुद भर्ना दर (१-८) | ९२.३ | ९२.५ | ९३.०० | ९३.५ | ९४.५ | ९५.६ |
| ७ | कक्षा १-५ को औसत सिकाइ उपलब्धि दर ( GPA) | ३.३ | ३.४ | ३.५ | ३.६ | ३.८ | ४.० |
| ८ | कक्षा १-८ को औसत सिकाइ उपलब्धि दर ( GPA) | ३.१ | ३.४ | ३.५ | ३.६ | ३.८ | ४.० |
| ९ | कक्षा १-५ को कक्षा दोहोऱ्याउने दर | १२.३ | ११.५ | १०.० | ८.० | ६.५ | ४.५ |
| १० | कक्षा १-८ को कक्षा दोहोऱ्याउने दर | १७.४ | १३.५ | १२.५ | ११.०० | ८.५ | ७.४ |
| ११ | कक्षा १-५ को कक्षा छाड्ने दर | ३.५ | ३.०० | २.५ | २.० | १.० | ०.५ |
| १२ | कक्षा ६-८ को कक्षा छाड्ने दर | ० | ० | ० | ० | ० | ० |
| १३ | उत्तिर्ण दर ( कक्षा १-५) | ७९.९ | ८५.०० | ८९.०० | ९३.०० | ९७.०० | १००.०० |
| १४ | उत्तिर्ण दर ( कक्षा ६-८) | ७८.३ | ८५.०० | ८९.०० | ९३.०० | ९७.०० | १००.०० |
| १५ | कक्षा १-८ मा खुद भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क (GPI) | १.०९ | १.०७ | १.०६ | १.०४ | १.०२ | १.०१ |
| १६ | कक्षा १-५ को तह पुरा गर्ने दर | ९२.५ | ९२.६ | ९२.७ | ९३.०० | ९४.०० | ९५.५ |
| १७ | कक्षा ८ मा टिकाउ दर (Survival Rate) | ५०.०१ | ५७.०० | ६३.०० | ७२.०० | ७७.०० | ८०.० |
| १८ | आधारभूत शिक्षा (कक्षा १-८)को तह पुरा गर्ने दर | ५०.०१ | ५७.०० | ६३.०० | ७२.०० | ७७.०० | ८०.० |
| १९ | आधारभूत तह (कक्षा १-५) मा विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ४.५ | ४.०० | ३.५ | ३.२ | २.५ | २ |
| २० | आधारभूत तह (कक्षा १-८) मा विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ७.७ | ६.०० | ५.५ | ५ | ४ | ४.४ |
| २१ | आधारभूत तह तालिम प्राप्त शिक्षकको प्रतिशत | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० |

## ३.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

यस योजनाको प्रमुख उपलब्धी तथा नतिजा प्रासि गर्नको लागि निम्नलिखित प्रमुख क्रियापलाक र वार्षिक लक्ष्य अनुसार योजना कार्यान्वयन हुनेछ ।

| क्र सं | कार्यक्रमहरू | एकाइ | भौतिक लक्ष्य ( ५ बर्षको ) | | | | | | १० बर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ वर्षको जम्मा | |
| १ | शिक्षकहरूलाई शैक्षणिक सिकाइ सम्बन्ध सहित मागमा आधारित तालिम | जना | ० | ३० | २५ | ३० | २५ | ११० | २२० |
| २ | कार्यसम्पादनमा आधारित शिक्षक प्रोत्साहन | पटक | ० | १ | १ | १ | १ | ४ | ९ |
| ३ | कमजोर विद्यार्थीको लागी अतिरिक्त कक्षा सञ्चालन ( ReAL ) कार्ययोजना कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिलाई नेतृत्व विकास तालिम | पटक | ० | १ | १ | १ | १ | ४ | ९ |
| ५ | बालमैत्री कक्षा कोठा ब्याबस्थापन | संख्या | ० | १० | १२ | १३ | १४ | ४९ | ५० |
| ६ | न्यानो कोठा ब्यावस्थापन | संख्या | | १० | १२ | १३ | १४ | ४९ | ५० |
| ७ | सिकाई सामग्रीको ब्यावस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ८ | घुम्ती बिद्यालयको व्यावस्था | पटक | ० | ० | १ | १ | १ | ३ | ७ |
| ९ | आवसिय बिद्यालयको व्यवस्था | पटक | ० | ० | १ | १ | १ | ३ | ७ |
| १० | शिक्षक दरबन्दी मिलान तथा शिक्षक ब्यावस्थापन कार्यविधी निर्माण | पटक | ० | १ | ० | ० | ० | १ | २ |
| ११ | बिद्यार्थीलाई पोषाकको व्यवस्था | संख्या | ० | १५० | १५० | १५० | १५० | ६०० | ६०० |
| १२ | मातृभाषामा शिक्षण गर्ने व्यवस्था | पटक | ० | १ | १ | १ | १ | ४ | ९ |
| १३ | खेलकुद तथा शैक्षिक सामग्रीको व्यवस्था | पटक | ० | १ | १ | १ | | ३ | ६ |
| १४ | अग्रेजी भाषा शिक्षण शिक्षक तालिम | पटक | | १ | ० | १ | ० | २ | ४ |
| १५ | आधारभूत शिक्षकहरूको तलब भत्ता | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १६ | बिद्यालय ब्यवस्थापन अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

| क सं | कार्यक्रमहरू | एकाइ | भौतिक लक्ष्य ( ५ बर्षको ) | | | | | | १० बर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ वर्षको जम्मा | |
| १७ | विद्यार्थी भर्ना कार्यक्रम | पटक | १ | १ | १ | १ | | ४ | १० |
| १८ | प्रारम्भिक कक्षाका बालबालिकाहरूका लागि पठन सामग्री व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १९ | पाठ्यक्रम प्रबोधीकरण | पटक | १ | १ | १ | १ | | ४ | १० |
| २० | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २१ | शिक्षक विकास तथा सहायता प्रणालीको पूनर्संरचना | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २२ | अपाङ्गता भएका विद्यार्थीलाई पहिचान तथा सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २३ | निःशुल्क पाठ्पुस्तक | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २४ | पालिका स्तरीय परिक्षा सञ्चालन तथा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २५ | शैक्षिक सामग्री निर्माण तालिम | पटक | ० | १ | १ | १ | १ | ४ | ९ |
| २६ | शैक्षिक सामग्री प्रदर्शनी कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | ४ | ९ |
| २७ | अनुगमन तथा मुल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

### ३.२.७ लगानी र स्रोत व्यवस्थापन

आधारभुत शिक्षाका लागि योजना अवधिभरमा प्रस्ताव गरिएका कार्यक्रमहरुको कार्यान्वयनका लागि योजनमा विशेष गरी संघीय, प्रदेश तथा स्थानीय सरकारहरुलाई जिम्मेवार र जवाफदेही बनाइएको छ ।सो बमोजिमको दायित्व निर्वाह गर्नेगरी देहाय बमोजिम लगानी तथा स्रोतको अनुमान एवं प्रक्षेपण गरिएको छ ।

| क सं | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ बर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| १ | शिक्षकहरूलाई शैक्षणिक सिकाइ सम्बन्ध सहित मागमा आधारित तालिम | जना | ० | ४५० | ३७५ | ४५० | ३७५ | १६५० | ० | ० | १६५० | ० |
| २ | कार्यसम्पादनमा आधारित शिक्षक प्रोत्साहन | पटक | ० | ३ | ३ | ३ | ३ | १० | ० | ० | १० | ० |

| क सं | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ बर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| ३ | कमजोर विद्यार्थीको लागी अतिरिक्त कक्षा सञ्चालन ( ReAL ) कार्ययोजना कार्यान्वयन | पटक | ४३६ | ४३६ | ४३६ | ४३६ | ४३६ | २१८० | २१८० | ० | ० | ० |
| ४ | प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिलाई नेतृत्व विकास तालिम | पटक | ० | ३०० | ३०० | ३०० | ३०० | १२०० | ० | ० | १२०० | ० |
| ५ | बालमैत्री कक्षा कोठा ब्याबस्थापन | संख्या | ० | ५०० | ६०० | ६५० | ७०० | २४५० | ० | ० | २४५० | ० |
| ६ | न्यानो कोठा ब्यावस्थापन | संख्या | ० | ५०० | ६०० | ६५० | ७०० | २४५० | ० | ० | २४५० | ० |
| ७ | सिकाई सामग्रीको ब्यावस्थापन | पटक | १२० | १२० | १२० | १२० | १२० | ६०० | ० | ० | ६०० | ० |
| ८ | घुम्ती बिद्यालयको व्यावस्था | पटक | ० | ० | ४०० | ४०० | ४०० | १२०० | ० | ६०० | ६०० | ० |
| ९ | आवसिय बिद्यालयको व्यवस्था | पटक | ० | ० | २००० | २००० | २००० | ६००० | 0 | 3000 | 3000 | 0 |
| १० | शिक्षक दरबन्दी मिलान तथा शिक्षक ब्यावस्थापन कार्यविधी निर्माण | पटक | ० | ५० | ० | ० | ० | ५० | 0 | 0 | ५० | 0 |
| ११ | बिद्यार्थीलाई पोषाकको व्यवस्था | संख्या | ० | ३७५ | ३७५ | ३७५ | ३७५ | १५०० | 0 | 0 | १५०० | 0 |
| १२ | मातृभाषामा शिक्षण गर्ने ब्यवस्था | पटक | ० | १५० | १५० | १५० | १५० | ६०० | ० | ० | ६०० | 0 |
| १३ | खेलकुद तथा शैक्षिक सामग्रीको ब्यवस्था | पटक | ० | १०० | १०० | १०० | ० | ३०० | 0 | 0 | ३०० | 0 |
| १४ | अग्रेजी भाषा शिक्षण शिक्षक तालिम | पटक | ० | १५० | ० | १५० | ० | ३०० | 0 | 0 | ३०० | 0 |
| १५ | आधारभूत शिक्षकहरूको तलब भत्ता | पटक | २७८०० | २७८०० | २७८०० | २७८०० | २७८०० | १३९००० | १३९००० | 0 | 0 | 0 |
| १६ | बिद्यालय ब्यवस्थापन अनुदान | पटक | १०८ | १०८ | १०८ | १०८ | १०८ | ५४० | ५४० | 0 | 0 | 0 |
| १७ | विद्यार्थी भर्ना कार्यक्रम | पटक | ३० | ३० | ३० | ३० | ० | १२० | १२० | 0 | 0 | 0 |
| १८ | प्रारम्भिक कक्षाका बालबालिकाहरूका लागि पठन सामग्री व्यवस्था | पटक | ९० | ९० | ९० | ९० | ९० | ४५० | ४५० | 0 | 0 | 0 |
| १९ | पाठ्यक्रम प्रबोधीकरण | पटक | १५० | १५० | १५० | १५० | ० | ६०० | ६०० | 0 | 0 | 0 |

| क सं | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ बर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| २० | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | ३० | ३० | ३० | ३० | ३० | १५० | 0 | 0 | १५० | 0 |
| २१ | शिक्षक विकास तथा सहायता प्रणालीको पूनर्संरचना | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | 0 | 0 | 0 |
| २२ | अपाङ्गता भएका विद्यार्थीलाई पहिचान तथा सहयोग | पटक | १५० | १५० | १५० | १५० | १५० | ७५० | ७५० | 0 | 0 | 0 |
| २३ | निःशुल्क पाठ्पुस्तक | पटक | ६० | ६० | ६० | ६० | ६० | ३०० | ३०० | 0 | 0 | 0 |
| २४ | पालिका स्तरीय परिक्षा सञ्चालन तथा व्यवस्थापन | पटक | २५० | २५० | २५० | २५० | २५० | १२५० | १२५० | 0 | 0 | 0 |
| २५ | शैक्षिक सामग्री निर्माण तालिम | पटक | ० | १५० | १५० | १५० | १५० | ६०० | ६०० | 0 | 0 | 0 |
| २६ | शैक्षिक सामग्री प्रदर्शनी कार्यक्रम | पटक | ० | १५० | १५० | १५० | १५० | ६०० | ६०० | 0 | 0 | 0 |
| २७ | अनुगमन तथा मुल्याङ्कन | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | 0 | 0 | 0 |

## ३.३ माद्यामिक शिक्षा

### ३.३.१ परिचय

माध्यमिक शिक्षा (कक्षा ९-१२) ले आधारभूत मूल्य मान्यता सहितको कला, विज्ञान तथा प्रविधिसँग सम्बन्धित ज्ञान, सिप, दृष्टिकोण तथा व्यवहारयुक्त जनशक्तिको विकास गर्ने लक्ष्य लिएको छ। यस तहको शिक्षाले नागरिकलाई विश्वबजारमा प्रवेश गर्न र उच्च शिक्षा हासिल गर्न सक्षम बनाउने आधार प्रदान गर्छ। यसै दृष्टिकोणका आधारमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को विकास गरि यसका आधारमा २०७७ देखि नयाँ पाठ्यक्रमको कार्यान्वयन गरियो। नेपालको संविधानले माध्यमिक शिक्षा निःशुल्क पाउने अधिकारको प्रत्याभूतिका साथै सबै नागरिकलाई गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न सरकारका तीनै तहलाई जिम्मेवार बनाएको छ।

### ३.३.२ वर्तमान अवस्था

मनाङ डिस्याङ गाउँपालिकामा १ मात्र सामुदायिक माध्यमिक विद्यालय सञ्चालनमा छन्, जस मध्ये १ वटा विद्यालयमा कक्षा १० सम्म सञ्चालन भएको छ । सामुदायिक माध्यमिक विद्यालय (९-१०) तर्फ विद्यार्थी सङ्ख्या ११ रहेको छ जसमा छात्रा ८ र छात्र ३ रहेका छन् । माध्यमिक तह(९-१२) को कुल भर्दा दर (GER) १००.० प्रतिशत र खुद भर्ना दर (NER) ६०.० प्रतिशत रहेको छ । यसबाट विद्यालय उमेरका १३-१४ वर्षको जनसङ्ख्या मात्र नभई कम तथा बढी उमेरका बालबालिकाहरू पनि समावेश भएका छन् भन्ने स्पष्ट हुन्छ । अझै ४०.० प्रतिशत माध्यमिक तह उमेर सम्मका बालबालिकाहरू विद्यालय बाहिर रहेको स्पष्ट हुन्छ । यी विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयको मूल धारमा ल्याउनु पर्ने देखिन्छ । त्यसै गरी माध्यमिक तहमा सामुदायिक तर्फ शिक्षक सङ्ख्या ४ जना कार्यरत रहेको देखिन्छ । माध्यमिक तहको शिक्षक विद्यार्थी अनुपात २.७५ रहेको छ ।भौतिक अवस्था तर्फ १ वटा माध्यमिक विद्यालयमा ३ वटा भवन तथा कक्षाकोठा कच्ची रहेको देखिन्छ । १ वटा विद्यालयमा खानेपानी व्यवस्था भएको देखिन्छ । १ वटा विद्यालयमा घेरा बारको व्यवस्था रहेको छ । त्यसै गरी १ वटा विद्यालयमा खेलमैदानको व्यवस्था भएको, १ वटामा खेलमैदान भएको देखिन्छ भने सबै विद्यालयमा शौचालय, विज्ञान प्रयोगशाला, गणित प्रयोगशाला, सूचना प्रविधि प्रयोगशाला, पुस्तकालयको व्यवस्था छ तापनि पुग्दो मात्रामा छैन ।माध्यमिक तहको सिकाइ उपलब्धि जि.पि.ए. ३.०४ रहेको छ ।

मनाङ डिस्याङ गाउँपालिकाको माध्यमिक शिक्षाको अवस्था निम्नानुसार रहेको छः

| सि.नं. | सूचकहरू | हालको अवस्था | कैफियत |
|---|---|---|---|
| १ | माध्यमिक विद्यालय सङ्ख्या | १ | |
| २ | विद्यार्थी सङ्ख्या (९-१२) | ११ | |
| ३ | विद्यालय र विद्यार्थी अनुपात | ११.० | |
| ४ | कुल भर्ना दर (९-१०) | १००.०० | |
| ५ | खुद भर्ना दर(९-१०) | ६०.०० | |
| ६ | कुल भर्ना दर (९-१२) | २२.७ | |
| ७ | कक्षा १० पूरा गर्ने दर | १४.२८ | |
| ८ | कक्षा १० को टिकाउ दर | १४.२८ | |
| ९ | शिक्षक विद्यार्थी अनुपात (९-१२) | २.७५ | |
| १० | विद्यालयबाहिर रहेको माध्यमिक तह उमेर समूहको प्रतिशत | ४० | |
| ११ | तालिम प्राप्त माध्यमिक शिक्षक सङ्ख्या प्रतिशत | १००.० | |
| १२ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ४०.० | |
| १३ | न्यूनतम सबलीकरण मापदण्ड (Minimum Enabling Conditions) पुरा गरेका विद्यालय सङ्ख्या | २ | |
| १४ | माध्यमिक तह ( कक्षा ९-१०) को औसत GPA अंक | ३.०४ | |

यस गाउँपालिकामा माध्यमिक विद्यालय समस्या तथा चुनौतीहरू देहाय बमोजिम रहेका छन् ।

- समुदाय स्तरमा सिकाइ वातावरण सिर्जना गर्न
- निःशुल्क माध्यामिक शिक्षामा सबै वालबालिकाको समतामूलक पहुँच सुनिश्चित गर्न ।
- सबै विद्यालयहरूमा न्यूनतम तथा विषयगत शिक्षक दरबन्दीको व्यवस्थापन गर्न ।
- शिक्षकलाई सिकाइप्रति जिम्मेवार र नवीन प्रविधि तथा परिवर्तनप्रति उत्साहित बनाउन ।
- सबै माध्यमिक विद्यालयहरूमा न्यूनतम भौतिक पूर्वाधारसहित आकर्षक सिकाइ वातावरण विकास गर्नु ।
- शिक्षा क्षेत्रमा संस्थागत सुशासन तथा जवाफदेहिता कायम गर्न ।
- माध्यमिक तहमा कक्षा छाड्ने र दोहोर्‍याउने दरलाई शून्यमा झारी अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न।
- उपयुक्त पूर्वाधारको विकास र गुणस्तरको सुनिश्चिततासहित सार्वजनिक शिक्षाप्रतिको आकर्षण अभिवृद्धि गर्नु।
- विद्यार्थीको विद्यालय छाड्ने दरलाई न्युनिकरण गर्न ।
- अभिभावकहरूमा शिक्षा प्रति चासो बढाउन

## ३.३.३ उद्देश्य

यस योजनाले माध्यमिक शिक्षा कार्यक्रमका निम्नलिखित उद्देश्यहरू लिएको छ :

१. माध्यमिक शिक्षाको उमेर समूहका सबै बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु।
२. माध्यमिक शिक्षाको गुणस्तर र सान्दर्भिकता अभिवृद्धि गरी विद्यार्थीको सिकाइ उपलब्धि सुधार गर्नु।
३. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गर्नु र विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउनु।

## ३.३.४ रणनीति

योजनाका उद्देश्यहरू प्राप्त गर्न निम्नलिखित रणनीतिहरू अबलम्बन गरिनेछ :

१. माध्यमिक तहको शिक्षामा कक्षागत र विषयगत शिक्षकको व्यवस्थापन गर्ने आबश्यक प्रबन्ध गरिनेछ ।
२. बालबालिकाहरुको सिकाइलई नियमित गर्नको लागि घुम्ति विद्यालय व्यवस्थापनग गर्नको लागि कार्यविधी तयार गरी कार्यन्वयन गरिनेछ ।
३. माध्यमिक तहको शिक्षालाई कक्षा १२ सम्म सञ्चलान गर्नको लागि आवश्यक प्रबन्ध गरिनेछ ।
४. अभिभावकहरूलाई विद्यालय शिक्षामा सहभागिता बढाउनको अभिभावक सचेतनाका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
५. शिक्षक सरुवाको आवश्यक मापदण्ड विकास गरी कार्यान्वयन गर्ने प्रबन्ध गरिनेछ ।
६. माध्यमिक तह सम्म विद्यालय नर्स कार्यक्रम सञ्चालनको लागि आवश्यक प्रबन्ध गरिनेछ ।
७. सबैका लागि निःशुल्क माध्यमिक शिक्षाका साथै विपन्न, सुविधा विहीन, सङ्कटापन्न, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी हुन सहयोग हुने गरी छात्रवृत्ति प्रणालीलाई सुदृढ बनाउने।
८. बालबालिकामा रहेको विभिन्न प्रकारका अपाङ्गताको पहिचान गरी आवश्यकतानुसार आवासीय वा गैरआवासीय सुविधासहितको समावेशी वा विशेष सिकाइको प्रबन्ध गरिनेछ ।
९. शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ।
१०. राष्ट्रिय पाठ्यक्रम प्रारूप अनुरूप सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनका लागि व्यवहारकुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्न प्रयोगात्मक अभ्यास, परियोजना कार्य तथा सामुदायिक कार्य समावेश गरिनेछ ।
११. शिक्षक तयारी, विकास र सहायता प्रणालीलाई पुनर्संरचित गर्ने र मापदण्डअनुसार विज्ञान र गणित विषयमा आवश्यक सङ्ख्यामा योग्य र सक्षम शिक्षक व्यवस्था गरिनेछ।

१२. विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याउने र विद्यालयलाई गुणस्तरीय पानी, सरसफाइ, महिनावारी व्यवस्थापन सुविधालगायतका स्वास्थ्य सुविधा तथा विज्ञान तथा सूचना प्रविधिसहित सिकारुमैत्री बनाईनेछ।

१३. निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी जबाफदेहिता सुनिश्चत गर्ने र सुधारका क्षेत्र पहिचान गरिनेछ।

१४. आपत्कालीन तथा सङ्कटको परिस्थितिमा सिकाइका लागि वैकल्पिक व्यवस्था गरिनेछ।

१५. पातला बस्ती र जनसङ्ख्या कम भएका दुर्गम तथा हिमाली क्षेत्रमा एकीकृत आवासीय प्रबन्धसमेत गरी माध्यमिक शिक्षाको पहुँच र सहभागिता सुनिश्चित गरिनेछ ।

१६. शैक्षिक निकायको शासकीय पद्धतिमा सुधार गरी विद्यार्थीको नतिजाप्रति जवाफदेही बनाउन विद्यालयहरुको व्यवस्थापकीय क्षमतामा सुधार गरिनेछ

### ३.३.५ प्रमुख उपलब्धी तथा नतिजा

**क) उपलब्धी**

१. माध्यमिक तहमा भर्नादर वृद्धि हुने र भर्ना भएका विद्यार्थीमध्ये उक्त तहको शिक्षाको चक्र पूरा गर्ने दरमा उल्लेख्य रूपमा सुधार भएको हुने।

२. सबै विद्यार्थीहरूले माध्यमिक तहका लागि निर्धारित न्यूनतम शैक्षिक उपलब्धि हासिल गरेका हुने र विद्यार्थीको शैक्षिक उपलब्धिमा उल्लेख्य सुधार भएको हुने।

३. लैङ्गिक, सामाजिक-आर्थिक अवस्था, अपाङ्गता, जातिगत, भाषिक पृष्ठभूमि, प्रादेशिक, क्षेत्रीय वा अन्य कुनै पनि आधारमा विद्यार्थीको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धि जस्ता सबै प्रकारका विभेद न्यूनीकरण भएको हुने।

**ख) नतिजा र परिमाणात्मक लक्ष्य**

यस योजनाको कार्यान्वयनबाट माध्यमिक शिक्षामा निम्नलिखित मुख्य नतिजा हासिल हुने छनः

| क्स | सूचकहरू | आधार वर्ष २०८०/२०८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | कूल भर्ना दर कक्षा ९-१० (GER) | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० |
| २ | खुद भर्ना दर कक्षा ९-१० (NER) | ६०.०० | ६४.०० | ७२.०० | ७५.०० | ७८.०० | ८०.०० |
| ३ | कक्षा १० सम्मको टिकाउ दर (Survival Rate) | १४.२८ | २०.०० | ३५.०० | ५०.० | ६५.०० | ८०.०० |
| ४ | कक्षा ९-१० मा खुद भर्ना दरका आधारमा लैङ्गिक समता सूचकाङ्क (GPI) | ४.० | १.२ | १.२ | १.२ | १.२ | १.२ |
| ५ | तालिम प्राप्त माध्यमिक शिक्षक सङ्ख्या प्रतिशत | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० |
| ६ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ४०.०० | ३८.०० | ३३.०० | २८.० | २५.०० | २०.०० |
| ७ | न्यूनतम सबलीकरण मापदण्ड (Minimum Enabling Conditions) पुरा गरेका विद्यालय सङ्ख्या | १ | १ | १ | १ | १ | १ |
| ८ | कक्षा ९-१० को औसत सिकाइ उपलब्धि दर ( GPA) | ३.०४ | ३.२ | ३.५ | ३.७ | ३.८ | ४.०० |

| क्रस | सूचकहरू | आधार वर्ष २०८०/२०८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| ९ | कक्षा ९-१० को कक्षा दोहोऱ्याउने दर | ० | ० | ० | ० | ० | ० |
| १० | कक्षा ९-१० को कक्षा छाड्ने दर | ० | ० | ० | ० | ० | ० |
| ११ | उत्तिर्ण दर ( कक्षा ९-१०) | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० |
| १२ | माध्यमिक शिक्षामा महिला शिक्षकको प्रतिशत | ० | ० | ० | २५.०० | ४०.० | ४०.०० |

### ३.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

यस योजनाको प्रमुख उपलब्धी तथा नतिजा प्राप्ति गर्नको लागि निम्नलिखित प्रमुख क्रियापलाक र वार्षिक लक्ष्य अनुसार योजना कार्यान्वयन हुनेछ ।

| क सं | कार्यक्रमहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | १० बर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ वर्षको जम्मा | |
| १ | विषयगत शिक्षकको व्यवस्थापन | पटक | ० | १ | ० | ० | १ | २ | ४ |
| २ | आवासीय विद्यालयको व्यवस्थापन | पटक | ० | ० | १ | १ | १ | ३ | ७ |
| ३ | शिक्षक सरुवा मापदण्ड निर्माण | पटक | ० | १ | ० | ० | ० | १ | २ |
| ४ | धुम्ति विद्यालय सञ्चालन | पटक | ० | ० | १ | १ | १ | ३ | ७ |
| ५ | माध्यमिक तहका शिक्षकहरूको तलब व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | विद्यालय व्यवस्थापन अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ७ | बिषयगत तालिमको व्यवस्थापन | पटक | ० | १ | १ | १ | | ३ | ७ |
| ८ | मुल्याङ्कन प्रणाली सम्बन्धी बिशेष तालिम | पटक | ० | १ | १ | १ | १ | ४ | ९ |
| ९ | विषयत प्रयोगमा थप सामग्री व्यवस्थापन | पटक | ० | १ | १ | १ | १ | ४ | ९ |
| १० | खेलकुद शिक्षक व्यवस्थापन | पटक | ० | १ | १ | १ | १ | ४ | ९ |
| ११ | विद्यालय नर्स कार्यक्रम व्यवस्थापन | पटक | ० | १ | १ | १ | १ | ४ | ९ |
| १२ | फर्निचरको व्यवस्थापन | पटक | ० | १ | १ | १ | १ | ४ | ९ |
| १३ | निःशुल्क माध्यमिक शिक्षाका लागि अवश्यक कानुन, कार्यविधी र निर्देशिका तयारी | पटक | ० | १ | ० | ० | ० | १ | २ |
| १४ | शिक्षक क्षमता विकास कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | ४ | ६ |
| १५ | पछाडि परेका बालबालिकाहरूलाई छात्रवृत्ती सहयोग | संख्या | ० | १० | १० | १० | १० | ४० | ८० |
| १६ | कक्षाकोठामा आधारीत मुल्याङ्कन | पटक | ० | १ | १ | १ | १ | ४ | ९ |
| १७ | विद्यालयमा बुक कर्नर तथा सिकाइ सामग्री व्यवस्थापन र प्रयोग | पटक | ० | १ | १ | १ | १ | ४ | ९ |
| १८ | विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका पदाधिकारीलाई क्षमता | पटक | ० | १ | ० | १ | ० | २ | ३ |

| क सं | कार्यक्रमहरू | एकाइ | भौतिक लक्ष्य ( ५ वर्ष) | | | | | | १० बर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ वर्षको जम्मा | |
| | विकास तालिम | | | | | | | | |
| १९ | विद्यालयमा स्मार्ट बोर्डको प्रयोग | संख्या | ० | ४ | ३ | ४ | ५ | १६ | २० |
| २० | विद्यार्थीको अगुवाइमा अतिरिक्त क्रियाकलाप सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २१ | शैक्षिक सामग्री निर्माण तालिम | पटक | ० | १ | १ | १ | १ | ४ | ९ |
| २२ | सिकाइ उपलब्धिका आधारमा उत्कृष्ट शिक्षकलाई पुरस्कार | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २३ | विद्यालयलाई शैक्षिक गुणस्तर सुदृढीकरण तथा कार्यसम्पादन मा आधारित अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २४ | विभिन्न दिवस तथा समारोह कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २५ | शिक्षकको पेसागत सहयोगका लागि विज्ञ समुहद्वारा कक्षा अवलोकन पृष्ठपोषण प्रदान | पटक | ० | १ | १ | १ | १ | ४ | १० |
| २६ | विद्यालयलाई प्रकोप सङ्कट तथा आकस्मिक महामारी जस्ता परिस्थितिबाट उत्थानशिल बनाउन योजना निर्माण तालिम | पटक | ० | १ | १ | १ | १ | ४ | १० |

### ३.३.७ लगानी र स्रोत व्यवस्थापन

माध्यमिक शिक्षाका लागि योजना अवधिभरमा प्रस्ताव गरिएका कार्यक्रमहरुको कार्यान्वयनका लागि योजनमा विशेष गरी संघीय, प्रदेश तथा स्थानीय सरकारहरुलाई जिम्मेवार र जवाफदेही बनाइएको छ ।सो बमोजिमको दायित्व निर्वाह गर्नेगरी देहाय बमोजिम लगानी तथा स्रोतको अनुमान एवं प्रक्षेपण गरिएको छ ।

| क सं | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ बर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| १ | विषयगत शिक्षकको व्यवस्थापन | पटक | ० | १०० | ० | ० | १०० | २०० | २०० | ० | ० | ० |
| २ | आवासीय विद्यालयको व्यवस्थापन | पटक | ० | ० | १००० | १००० | १००० | ३००० | ० | १५०० | १५०० | ० |
| ३ | शिक्षक सरुवा मापदण्ड निर्माण | पटक | ० | २० | ० | ० | ० | २० | ० | ० | २० | ० |

| क सं | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ बर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| ४ | धुम्ति विद्यालय सञ्चालन | पटक | ० | ० | ४०० | ४०० | ४०० | १२०० | ० | ६०० | ६०० | ० |
| ५ | माध्यमिक तहका शिक्षकहरूको तलब व्यवस्थापन | पटक | ३७०० | ३७०० | ३७०० | ३७०० | ३७०० | १८५०० | १८५०० | ० | ० | ० |
| ६ | विद्यालय व्यवस्थापन अनुदान | पटक | २० | २० | २० | २० | २० | १०० | १०० | ० | ० | ० |
| ७ | बिषयगत तालिमको व्यवस्थापन | पटक | ० | १२० | १२० | १२० | ० | ३६० | ३६० | ० | ० | ० |
| ८ | मुल्याङ्कन प्रणाली सम्बन्धी बिशेष तालिम | पटक | ० | ५० | ५० | ५० | ५० | २०० | ० | ० | २०० | ० |
| ९ | विषयत प्रयोगमा थप सामग्री व्यवस्थापन | पटक | ० | १०० | १०० | १०० | १०० | ४०० | ० | २०० | २०० | ० |
| १० | खेलकुद शिक्षक व्यवस्थापन | पटक | ० | ६०० | ६०० | ६०० | ६०० | २४०० | ० | ० | २४०० | ० |
| ११ | विद्यालय नर्स कार्यक्रम व्यवस्थापन | पटक | ० | ६०० | ६०० | ६०० | ६०० | २४०० | ० | २४०० | ० | ० |
| १२ | फर्निचरको व्यवस्थापन | पटक | ० | १५० | १५० | १५० | १५० | ६०० | ० | ० | ६०० | ० |
| १३ | निःशुल्क माध्यमिक शिक्षाका लागि अवश्यक कानुन, कार्यविधी र निर्देशिका तयारी | पटक | ० | ५० | ० | ० | ० | ५० | ० | ० | ५० | ० |
| १४ | शिक्षक क्षमता विकास कार्यक्रम | पटक | ० | १२० | १२० | १२० | १२० | ४८० | ४८० | ० | ० | ० |
| १५ | पछाडि परेका बालबालिकाहरूलाई छात्रवृत्ती सहयोग | संख्या | ० | ५० | ५० | ५० | ५० | २०० | ० | ० | २०० | ० |
| १६ | कक्षाकोठामा आधारीत मुल्याङ्कन | पटक | ० | ५० | ५० | ५० | ५० | २०० | ० | ० | २०० | ० |
| १७ | विद्यालयमा बुक कर्नर तथा सिकाइ सामग्री व्यवस्थापन र प्रयोग | पटक | ० | ८० | ८० | ८० | ८० | ३२० | ३२० | ० | ० | ० |
| १८ | विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका पदाधिकारीलाई क्षमता विकास तालिम | पटक | ० | १२० | ० | १२० | ० | २४० | ० | ० | २४० | ० |

| क्र सं | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ बर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| १९ | विद्यालयमा स्मार्ट बोर्डको प्रयोग | संख्या | ० | ८०० | ६०० | ८०० | १००० | ३२०० | ० | १६०० | १६०० | ० |
| २० | विद्यार्थीको अगुवाइमा अतिरिक्त क्रियाकलाप सञ्चालन | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | ० | ० | २५० | ० |
| २१ | शैक्षिक सामग्री निर्माण तालिम | पटक | ० | १०० | १०० | १०० | १०० | ४०० | ० | ० | ४०० | ० |
| २२ | सिकाइ उपलब्धिका आधारमा उत्कृष्ट शिक्षकलाई पुरस्कार | पटक | ३० | ३० | ३० | ३० | ३० | १५० | ० | ० | १५० | ० |
| २३ | विद्यालयलाई शैक्षिक गुणस्तर सुदृढीकरण तथा कार्यसम्पादन मा आधारित अनुदान | पटक | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० | ० | ० | ० |
| २४ | विभिन्न दिवस तथा समारोह कार्यक्रम | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | ० | ० | २५० | ० |
| २५ | शिक्षकको पेसागत सहयोगका लागि विज्ञ समुहद्वारा कक्षा अवलोकन पृष्ठपोषण प्रदान | पटक | ० | ५० | ५० | ५० | ५० | २०० | २०० | ० | ० | ० |
| २६ | विद्यालयलाई प्रकोप सङ्कट तथा आकस्मिक महामारी जस्ता परिस्थितिबाट उत्थानशिल बनाउन योजना निर्माण तालिम | पटक | ० | ५० | ५० | ५० | ५० | २०० | ० | ० | २०० | ० |

## ३.४ प्राविधिक तथा व्यवसायिक तालिम

### ३.४.१ परिचय

नेपालमा माध्यमिक तहमा साधारण र प्राविधिक धारको शिक्षा प्रदान गरिन्छ। प्राविधिक धारको कक्षा ९-१२ मा बाली विज्ञान, पशु विज्ञान, कम्प्युटर इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ र सङ्गीत गरी ६ विषय क्षेत्रहरू छन्। माध्यमिक शिक्षाअन्तर्गतका प्राविधिक धारका अतिरिक्त प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सम्बन्धन प्राप्त प्राविधिक शिक्षा प्रदायक संस्थाहरूद्वारा एसईई पश्चात् तीन वर्षे प्राविधिक शिक्षा कार्यक्रम पनि सञ्चालन गरिरहेका छन्।जसले श्रमबजारको मागबमोजिमका प्राविधिक जनशक्ति उत्पादन गर्दछन्। यस योजनामा कक्षा ९-१२ को प्राविधिक धारका कार्यक्रम समेटिएको छ ।

नेपालको संविधान, शिक्षा ऐन र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०७५ ले प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्राथमिकतामा राखेको छ । प्राविधिक तथा व्यावसायिक शिक्षाको माध्यमबाट न्यून मध्यमस्तरका दक्ष जनशक्ति उत्पादन गरी रोजगारी सिर्जना गर्ने तथा व्यक्तिलाई आत्मनिर्भर बनाउने उद्देश्य राखेको छ । प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रभावकारिता उपलब्ध जनशक्ति, पूर्वाधार, विद्यार्थी, रोजगारी, पाठ्यसामग्री, आर्थिक लगानी जस्ता कुरामा भर पर्दछ ।

### ३.४.२ वर्तमान अवस्था

यस गाउँपालिकामा कुनै पनि प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययन गराउने शिक्षण संस्थाहरु रहेका छैनन् । गाउँपालिका भित्र प्राविधिक तथा व्यवसायिक सीप तालिम प्रदान गर्ने शिक्षण संस्था नभएका कारणले गर्दा यहाँका विद्यार्थीहरू प्राविधिक शिक्षा हासिल गर्न जिल्ला बाहिर वा छिमेकी स्थानीय तहमा जाने गरेका छन् । प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने शिक्षालय गाउँपालिका भित्र नभएता पनि यहाँका विद्यार्थीहरूलाई अन्यत्र जिल्ला तथा स्थानीयमा अध्ययन गर्नको लागि गाउँपालिकाले आवश्यक सहयोग गर्ने सकेमा विद्यार्थीहरूले अवसर प्राप्त गर्ने देखिन्छ । साथै यहाँका युवाहरूलाई छोटो अवधीको तालिम तथा व्यवसायिक तालिम सञ्चालन गर्ने सक्ने अवस्था देखिन्छ । यस गाउँपालिकामा प्राविधिक तथा व्यवसायिक तालिम कार्यक्रमका समस्या तथा चुनौतीहरू निम्नानुसार रहेका छन् ।

१. प्राविधिक शिक्षासम्बन्धी नीति तथा योजनाको प्रभावकारी कार्यान्वयन गर्न ।
२. प्राविधिक शिक्षामा विपन्न तथा कमजोर वर्गका बालबालिकाको सहज पहुँच पुऱ्याउन।
३. प्राविधिक शिक्षातर्फ अध्ययन गर्ने विद्यार्थीहरूलाई प्राविधिक शिक्षाको महत्त्व बारे बुझाउन ।
४. प्राविधिक जनशक्तिका लागि पर्याप्त अवसरको उपलब्ध गराउन ।
५. प्राविधिक जनशक्तिले आफ्नो विषयसँग सम्बन्धित व्यवसाय गर्न सक्ने बनाउन ।
६. स्थानीय तहले भौतिक एवं मानवीय स्रोतको विकासका लागि पर्याप्त लगानी गर्न ।
७. गाउँपालिकामा प्राविधिक धारका विद्यालय नभएका कारणले प्राविधिक शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीलाई स्थानीय स्तरमा नै सोको अवसर उपलब्ध गराउन ।

### ३.४.३ उद्देश्य

यस योजनाले प्राविधिक तथा व्यवसायिक तालिम कार्यक्रमका निम्नलिखित उद्देश्यहरू लिएको छ :

१. प्राविधिक, सीपयुक्त, व्यावसायिक तथा स्वावलम्बी जनशक्ति उत्पादन गर्नु ।
२. छोटो तथा लामो अवधिका आयमूलक तालिमहरू सञ्चालन गरी रोजगारी सिर्जना गर्नु ।
३. श्रमप्रति सम्मान गर्ने श्रमशील र आत्मनिर्भर नागरिक उत्पादन गर्नु ।

### ३.४.४ रणनीति

योजनाका उद्देश्यहरू प्राप्त गर्न निम्नलिखित रणनीतिहरू अबलम्बन गरिने छ :

१. गरिब तथा जेहेन्दार र पिछडिएको वर्गलाई प्राविधिक शिक्षा प्राप्त गर्नका लागि छात्रवृत्ति लगायत थप प्रोत्साहन तथा सुविधा उपलब्ध गराइनेछ ।
२. प्राविधिक शिक्षा प्राप्त युवाहरूले व्यवसाय गरी स्वरोजगार हुन चाहेमा उनीहरूलाई प्राथमिकताका साथ थप तालिम र लगानीका अवसरहरू उपलब्ध गराइनेछ ।
३. छोटो अवधिका विभिन्न किसिमका सिप मूलक तालिम प्रदान गरी गरिबी न्यूनीकरण गर्ने कार्यक्रमहरू लागु गरिनेछ ।
४. परम्परागत एवं स्थानीय पेसा व्यवसायहरूको स्तरोन्नतिका लागि आधुनिक प्रविधिको विकासमा जोड दिइनेछ ।

### ३.४.५ प्रमुख उपलब्धी तथा नतिजा

**क) उपलब्धी**

प्राविधिक तथा व्यावसायिक सीप विकास तालिमको अभिवृद्धि गरी युवाहरूको लागि सहज पहुँचको वातावरण निर्माणका साथै स्वरोजगारको सिर्जना हुनेछ ।

**ख) नतिजा र परिमाणात्मक लक्ष्य**

यस योजनाको कार्यान्वयनबाट प्राविधिक तथा व्यवसायिक तालिममा निम्नलिखित मुख्य नतिजा हासिल हुने छनः

१. विपन्न गरिब तथा जेहेन्दार विद्यार्थीका लागि सहज पहुँचको अवसर सिर्जना हुने
२. समाजको आवश्यकता र मागलाई सम्बोधन गर्न सक्ने वातावरण निर्माण हुने ।
३. प्राविधिक तथा व्यावसायिक तालिममा सबै नागरिकको आकर्षण बढ्ने ।
४. प्राविधिक तथा व्यावसायिक सिप विकास तालिम प्रदान गरी युवाहरूले स्वरोजगारको प्राप्त गरेका हुने ।

### ३.४.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

यस योजनाको प्रमुख उपलब्धी तथा नतिजा प्राप्ति गर्नको लागि निम्नलिखित प्रमुख क्रियापलाक र वार्षिक लक्ष्य अनुसार योजना कार्यान्वयन हुनेछ ।

| क्रस | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ( ५ बर्षको) | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | गरिब तथा जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्ति | जना | १५ | १५ | १५ | १५ | १५ | १५० |
| २ | प्राविधिक तालिम तथा व्यावसायिक सीपयुक्त युवालाई सहुलियतपूर्ण कर्जाको सुविधा | जना | १० | १० | १० | १० | १० | १०० |
| ३ | छोटो अवधिको व्यावसायिक तालिम प्रदान | जना | १० | १० | १० | १० | १० | १०० |

## ३.४.६ लगानी र स्रोत व्यवस्थापन

प्राविधिक तथा व्यवसायिक तालिम लागि योजना अवधिभरमा प्रस्ताव गरिएका कार्यक्रमहरुको कार्यान्वयनका लागि योजनमा विशेष गरी संघीय, प्रदेश तथा स्थानीय सरकारहरुलाई जिम्मेवार र जवाफदेही बनाइएको छ ।सो बमोजिमको दायित्व निर्वाह गर्नेगरी देहाय बमोजिम लगानी तथा स्रोतको अनुमान एवं प्रक्षेपण गरिएको छ ।

| क्र सं | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ बर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| १ | गरिब तथा जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्ति | जना | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | ० | ३७५० | ३७५० | ० |
| २ | प्राविधिक तालिम तथा व्यावसायिक सीपयुक्त युवालाई सहुलियतपूर्ण कर्जाको सुविधा | जना | २००० | २००० | २००० | २००० | २००० | १०००० | ० | ५००० | ५००० | ० |
| ३ | छोटो अवधिको व्यावसायिक तालिम प्रदान | जना | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | ० | ३७५० | ३७५० | ० |

## ३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

### ३.५.१ परिचय

सिकाइ जीवनपर्यन्त चल्ने प्रक्रिया हो। यसका लागि सिकाइका औपचारिकका अतिरिक्त अनौपचारिक तरिकाले पनि महत्त्वपूर्ण भूमिका खेल्छ। अनौपचारिक तरिकाबाट व्यक्तिले वैयक्तिक तथा सामाजिक विकास, जीविकोपार्जन तथा रोजगारीका लागि आवश्यक पर्ने ज्ञान, सिप तथा सक्षमताहरूको विकास गर्छ। सिकाइ समय, विधि वा माध्यममा मात्र सीमित हुन हुँदैन। जीवनपर्यन्त शिक्षा औपचारिक शिक्षा पद्धतिभन्दा भिन्न प्रकृतिको हुन्छ। विगतका दशकहरूमा औपचारिक शिक्षा पद्धति बाहिर/सँगै सिकाइलाई सहजीकरण गर्न धेरै प्रकारका कार्यक्रमहरू स्थापित भएका छन्।

अनौपचारिक शिक्षा कार्यक्रमले निरक्षरका लागि साक्षरता तथा साक्षरताको माथिल्लो तहमा जान चाहने र आफ्नो पेसागत तथा व्यावसायिक सिपको विकास गर्न चाहनेका लागि साक्षरोत्तर शिक्षा दुवैलाई समेट्छ। यस उपक्षेत्रले अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइमा पहुँच पुर्याउने तथा सिकाइ संस्कृतिको प्रवर्धन गर्ने रणनीति, प्रतिफल तथा कार्यक्रम प्रस्तुत गर्छ। यसले विद्यालय प्रणाली छोड्ने बालबालिका तथा किशोर किशोरीहरूका लागि निरन्तर तथा जीवनपर्यन्त सिकाइका लागि मार्ग प्रदान गर्छ।

### ३.५.२ वर्तमान अवस्था

राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार यस गाउँपालिकाको साक्षरता दर ६७.९ प्रतिशत रहेको छ । साक्षरमध्ये महिलाको साक्षरता दर ५७.७ रहेको छ । पुरूषको तुलनामा महिला साक्षरता दर कम रहेको छ । साथ १५ वर्ष देखि २४ वर्षको साक्षरता दर १७.८२ रहेको छ ।

शैक्षिक तथ्याङ्क २०८० का अनुसार यस पालिकाको आधारभूत तहको खूद भर्ना दर ९२.३ रहेको छ । यसले अझै पनि ७.७ बालबालिकाहरु विद्यालय वाहिर रहेको देखिन्छ । हाल २ वटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेका छन् । खुला तथा अनौपचारिक विद्यालयबाट नियमित विद्यालय भर्ना हुन समस्या रहेका बालवालिका तथा युवाहरुका लागि शिक्षा प्राप्त गर्ने अवसर सिर्जना भएको छ ।
विविध कारणबाट विद्यालय भर्ना हुन नसकेका बालबालिका तथा पढन चाहने युवाहरुको पहिचान गरी उनीहरुको आवश्यकता अनुसारको शैक्षिक कार्यक्रम सञ्चालन गर्न चुनौतीपूर्ण रहेको छ ।

### ३.५.३ उद्देश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ कार्यक्रमका निम्नलिखित उद्देश्यहरू लिएको छ :

१. गाउँपालिकाका सबै युवा तथा प्रौढहरूलाई साक्षरताको सिप प्रदान गर्नु।
२. कार्यमूलक साक्षरता, खुला तथा जीवनपर्यन्त सिकाइका अवसरहरूको विस्तार तथा विविधीकरण गर्नु।
३. सिकाइ स्थानीय परिवेश र संस्कृति सान्दर्भिक भएको सुनिश्चित गर्न अनौपचारिक शिक्षा, जीवनपर्यन्त तथा खुला सिकाइका लागि संस्थागत सुदृढीकरण गर्नु।

### ३.५.४ रणनीति

योजनाका उद्देश्यहरू प्राप्त गर्न निम्नलिखित रणनीतिहरू अबलम्बन गरिनेछ :

१. साक्षर नेपाल अभियान पूरा गर्न सामुदायिक सिकाइ केन्द्र, विद्यालय, गैरसरकारी क्षेत्र, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक र अन्य साझेदारहरू परिचालन गरिनेछ।
२. साक्षरता सिकाइमा रेडियो, टेलिभिजन, मोबाइल, अनलाइनजस्ता सञ्चार प्रविधि, सामुदायिक पुस्तकालय तथा सहभागीमैत्री सामग्री तथा विधिसमेतका आधारमा पहुँचको अभिवृद्धि गरिनेछ।

३. मौलिक एवम् परम्परागत ज्ञान तथा सिपको पहिचान, संरक्षण, प्रवर्धन, आधुनिकीकरण एवम् हस्तान्तरण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।
४. सामुदायिक सिकाइ केन्द्रहरूको आवश्यकतानुसार समायोजन, पुनर्संरचना तथा पुनर्वितरण गरी सामुदायिक सिकाइ केन्द्रलाई सुदृढ गरिनेछ।
५. साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गर्नुका साथै सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न बनाई समावेशी एवम् समतामा आधारित जीवनपर्यन्त सिकाइ थलोका रूपमा विकास गरिनेछ।
६. सार्बजनिक पुस्तकालयलाई सामुदायिक सिकाइ केन्द्रसँग आवद्ध गरी सामुदायिक सिकाइ तथा स्रोत केन्द्रको रूपमा विकास गरिनेछ।
७. अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको मापदण्ड निर्धारण तथा संस्थागत सुदृढीकरण गरिनेछ।
८. तीनै तहका सरकार तथा अन्य सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा समुदायमा आधारित शिक्षा, स्वास्थ्य, कृषि, वन तथा वातावरणसम्बन्धी संस्थाहरू एवम् जनशक्तिका लागि सामुदायिक सिकाइ केन्द्रलाई परिचालन गर्ने नीति निर्माण गरिनेछ।

### ३.५.५ प्रमुख उपलब्धी तथा नतिजा

**क) उपलब्धी**

१. सबै युवा तथा प्रौढहरू कार्यमूलक हिसाबले साक्षरता हासिल गरेको हुनुका साथै अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि भएको हुने।

**ख) नतिजा र परिमाणात्मक लक्ष्य**

यस योजनाको कार्यान्वयनबाट अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइमा निम्नलिखित मुख्य नतिजा हासिल हुने छनः

| क्रस | सुचकहरू | आधार बर्ष २०८१/२०८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ सम्बन्धी खण्डीकृत डाटाबेस तयार | ० | १ | १ | १ | १ | १ |
| २ | साक्षरता तथा निरन्तर कक्षा सञ्चालन भए | ० | ५ | ५ | ५ | ५ | ५ |
| ३ | छोटो अवधिको तालिम, समूह गठन तथा आयआर्जन सहयोग | ० | ३ | ३ | ३ | ३ | ३ |
| ४ | समुदाय स्तरमा पुस्तकालय स्थापना | ० | ४ | ४ | ४ | ४ | ४ |
| ५ | सामुदायिक सिकाइ केन्द्र | २ | २ | २ | २ | २ | २ |

### ३.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

यस योजनाको प्रमुख उपलब्धी तथा नतिजा प्राप्ति गर्नको लागि निम्नलिखित प्रमुख क्रियापलाक र वार्षिक लक्ष्य अनुसार योजना कार्यान्वयन हुनेछ ।

| क्र सं | कार्यक्रमहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्षको) | | | | | | १० बर्षे लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ वर्षको जम्मा | |
| १ | सामुदायिक सिकाइ केन्द्र मार्फत महिलाई आय आर्जनका तालिम | पटक | ० | १ | १ | १ | १ | ४ | ८ |
| २ | सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ३ | साक्षरता सम्बन्धि सचेतनाका कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | ४ | ८ |
| ४ | निरक्षरहरूको तथ्याङ्क संकलन र आजिवन सिकाइका सरोकारवालाहरूको खण्डिकृत तथ्याङ्कको डाटाबेस तयारी | पटक | ० | १ | ० | ० | १ | २ | ४ |
| ५ | सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण तथा डिजिटाईजेशन | पटक | ० | १ | १ | १ | १ | ४ | ८ |
| ६ | सामुदायिक सिकाइ केन्द्रका सहजकर्तालाको क्षमता विकास तालिम | पटक | ० | १ | ० | ० | १ | २ | ४ |
| ७ | सामुदायिक सिकाइ केन्द्रका सहजकर्तालाको पारिश्रमिक तथा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ८ | मागमा आधारित अनौपाचारीक कक्षा सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ | ८ |
| ९ | वडा स्तरमा सामुदायिक पुस्तकालय स्थापना र व्यवस्थापन | पटक | ० | १ | १ | १ | १ | ४ | ८ |
| १० | शैक्षिक पहुँच सुनिश्चितता (अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम, परम्परागत विद्यालय वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रमसमेत) | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

### ३.५.७ लगानी र स्रोत व्यवस्थापन

अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ लागि योजना अवधिभरमा प्रस्ताव गरिएका कार्यक्रमहरुको कार्यान्वयनका लागि योजनमा विशेष गरी संघीय, प्रदेश तथा स्थानीय सरकारहरुलाई जिम्मेवार र जवाफदेही बनाइएको छ ।सो बमोजिमको दायित्व निर्वाह गर्नेगरी देहाय बमोजिम लगानी तथा स्रोतको अनुमान एवं प्रक्षेपण गरिएको छ ।

| क्र सं | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ बर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |

| क सं | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ बर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| १ | सामुदायिक सिकाइ केन्द्र मार्फत महिलाई आय आर्जनका तालिम | पटक | ० | १२० | १२० | १२० | १२० | ४८० | ० | ० | ४८० | ० |
| २ | सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन | पटक | १५ | १५ | १५ | १५ | १५ | ७५ | ७५ | ० | ० | ० |
| ३ | साक्षरता सम्बन्धि सचेतनाका कार्यक्रम | पटक | ० | ५० | ५० | ५० | ५० | २०० | ० | ० | २०० | ० |
| ४ | निरक्षरहरूको तथ्याङ्क संकलन र आजिवन सिकाइका सरोकारवालाहरूको खण्डिकृत तथ्याङ्कको डाटाबेस तयारी | पटक | ० | ५० | ० | ० | ५० | १०० | ० | ० | १०० | ० |
| ५ | सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण तथा डिजिटाईजेशन | पटक | ० | १०० | १०० | १०० | १०० | ४०० | ० | ० | ४०० | ० |
| ६ | सामुदायिक सिकाइ केन्द्रका सहजकर्तालाको क्षमता विकास तालिम | पटक | ० | ५० | ० | ० | ५० | १०० | ० | ० | १०० | ० |
| ७ | सामुदायिक सिकाइ केन्द्रका सहजकर्तालाको पारिश्रमिक तथा व्यवस्थापन | पटक | ४० | ४० | ४० | ४० | ४० | २०० | २०० | ० | ० | ० |
| ८ | मागमा आधारित अनौपाचारीक कक्षा सञ्चालन | पटक | ० | १५० | १५० | १५० | १५० | ६०० | 0 | 0 | ६०० | 0 |
| ९ | वडा स्तरमा सामुदायिक पुस्तकालय स्थापना र व्यवस्थापन | पटक | ० | ५० | ५० | ५० | ५० | २०० | 0 | 0 | 0 | २०० |
| १० | शैक्षिक पहुँच सुनिश्चितता (अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम, परम्परागत विद्यालय वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रमसमेत) | पटक | १०५५ | १०५५ | १०५५ | १०५५ | १०५५ | ५२७५ | ५२७५ | 0 | 0 | 0 |

## परिच्छेद ४- अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

यस परिच्छेदमा आधारभूत तथा माध्यमिक शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, अनौपचारिक शिषा तथा जीवनपर्यन्त सिकाइमा पहुँच, सहभागिता, समता, समानता तथा सक्षमतालाई सुनिश्चित गर्ने महत्त्वपूर्ण अन्तरसम्बन्धित विषय क्षेत्रका रणनीति तथा कार्यक्रमहरु रहेका छन् । यी विषय क्षेत्र निम्नअनुसार छन्- (क) पाठ्यक्रम तथा मूल्याङ्कन (ख) शिक्षक विकास तथा व्यवस्थापन (ग) समता तथा समावेशिता (घ) विद्यालय सुरक्षा तथा आपतकालीन शिक्षा (ङ) शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग (च) विद्यालयको पूर्वाधार विकास। साथै विद्यार्थीको समग्र सर्वाङ्गीण विकासका लागि महत्त्वपूर्ण विषयहरू, जस्तैः दिवा खाजा, पोषण, स्वास्थ्य, सुरक्षित पानी तथा सरसफाइ, सुरक्षाको विस्तृत रूपमा चर्चा गरिएको छ। यी विषय क्षेत्रका विद्यमान अवस्था, उद्देश्य, रणनीति, अपेक्षित उपलब्धि तथा यसको नतिजा तथा लक्ष्य प्राप्तिका लागि अपनाउनुपर्ने क्रियाकलापहरू यहाँ प्रस्तुत गरिएको छ।

### ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

#### ४.१.१ परिचय

पाठ्यक्रमले बालबालिकाहरूको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक तथा बौद्धिकलगायत चौतर्फी विकासका लागि सिकाइका विषयहरू, शिक्षण सिकाइ क्रियाकलाप, मूल्याङ्कन तथा सिकाइ उपलब्धिको प्रारूप प्रदान गर्छ। राम्रो पाठ्यक्रमले सैद्धान्तिक/प्राज्ञिक र व्यावहारिक पक्षबिच सन्तुलन कायम राख्छ। यसले विषयवस्तु मात्र नभई सिप तथा सक्षमताको समेत विकास गर्छ। उपयुक्त प्रकारको शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रियाले विद्यार्थीहरूको ज्ञान, सिप, अभिवृद्धि गर्न सहयोग गर्छन्। पाठ्यक्रमले शिक्षकलाई बालबालिकाहरू जानकारी सहित, सक्रिय भई समाजमा वा सामाजिक प्रक्रियामा सहभागी हुन तयार छन् भन्ने कुरामा सुनिश्चित हुन दिशानिर्देश गर्छ। यसले अर्थपूर्ण रोजगारी, आर्थिक कार्यमा संलग्नता सहित दिगो रूपमा जीविकोपार्जन गर्न अगुवाइ गर्छ। पाठ्यक्रमले विविध सामाजिक बनोट तथा संस्कृतिको संरक्षण गर्दै महिला, बालिका र सङ्कटापन्न एवम् सुविधाविहीन समुदायका लागि गलत संस्कार तथा परम्परा रूपान्तरण गर्न मद्दत गर्छ।

पाठ्यक्रम र मूल्याङ्कन पद्दतिलाई समयसापेक्ष बनाई अपेक्षित नतिजा हासिल गराउन विभिन्न प्रयत्नहरू गरिएको भएतापनि पाठ्यक्रममा आधारित सिकाइ गर्न नसिकएको, विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयन गरी सिकाइका लागि मूल्याङ्कनको सुनिश्चितता गर्न नसकिएको, स्थानीय पाठ्यक्रम विकास भएको तर प्रभावकरी कार्यान्वयनले अपेक्षित गति लिन सकिरहेको छैन । यिनै परिदृश्यलाई मध्यनजर गरी यस खण्डमा विद्यालय शिक्षामा पाठ्यक्रम तथा पाठ्यपुस्तकको कार्यान्वयन, स्थानीय पाठ्यक्रम तथा पाठ्यसामाग्री विकास र कार्यान्वयन, विद्यार्थी मूल्याङ्कनसम्बन्धी वर्तमान अवस्थाको समीक्षामा रहेर चुनैतीहरू पहिचान गरिएको छ । पहिचान गरिएका चुनैतीहरूलाई सामना गर्ने गरी पाठ्यक्रम तथा मूल्याङ्कन उपक्षेत्र तर्फका उद्देश्य, रणनीति, मुख्य मुख्य कार्यक्रम तथा लक्ष्यहहरू तय गरिएको छ ।

#### ४.१.२ वर्तमान अवस्था

विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को कार्यान्वयन गर्ने सन्दर्भमा २०७७ देखि कक्षा १ र कक्षा ११ मा नयाँ पाठ्यक्रम लागु गरिएको छ । कक्षा १-३ को पाठ्यक्रमलाई अन्तरसम्बन्धित क्षेत्रका आधारमा सक्षमता र विषय क्षेत्र समेटी एकीकृत गरिएको छ। व्यवहारकुशल तथा गैर संज्ञानात्मक सिप तथा जीवनोपयोगी सिपहरूको विकास तथा कार्यान्वयन गरिएको छ।यस गाउँपालिकाको स्थानीय परिवेशमा आधारित आधारभूत तह (कक्षा१-५) सम्मको स्थानीय पाठ्यक्रम तयार गरी कार्यान्वयन गरिएको भए तापनि पाठ्यक्रमलाई सहायता गर्नको लागि स्थानीय पाठ्यपुस्तक र आवश्यक सिकाइ सामग्री विकास गर्न सकिरहेको छैन । पाठ्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्नको लागि आवश्यक पाठ्यसामग्री विकास गरि विद्यालयलाई उपलब्ध गराउनु पर्ने देखिन्छ ।

विषयको प्रकृतिअनुसार प्रयोग, परियोजना कार्य, सामुदायिक कार्यजस्ता प्रयोगात्मक अभ्यासका लागि २५-५० प्रतिशत भार छुट्याउने प्रावधान गरिएको छ। पाठ्यक्रम प्रारूपले मातृभाषा तथा बहुभाषिक सन्दर्भमा सिकाइ सहजीकरणका लागि स्थानीय भाषामा सिकाउने प्रावधान गरेको छ। यसले कक्षाकोठामा प्रयोग गरिने भाषा र सिकारुको घरमा बोल्ने भाषाबिच तादात्म्यता

राख्न सहयोग गर्छ।जसले सिकाइमा आउने बाधालाई पनि हटाउँछ सहयोग गर्छ। मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा मानिएको छ र सिकाइका लागि निरन्तर रूपमा पृष्ठपोषण प्रदान गर्न मूल्याङ्कन एक माध्यम रूपमा रहने पाठ्यक्रमको नीतिगत व्यवस्था छ।

माध्यमिक तहमा प्राविधिक धारको कार्यान्वयनमा देखा परेको जटिलतालाई हेर्दा बजारको मागअनुसारका सिप हासिल हुने गरी यसमा रहेका अन्तरको विश्लेषण गरी पाठ्यक्रममा सुधार तथा समायोजन/पुर्नसमायोजन गर्नुपर्ने देखिन्छ।

आधारभूत तहमा निर्माणात्मक तथा निरन्तर मूल्याङ्कन, माध्यमिक तहमा आन्तरिक तथा बाह्य मूल्याङ्कन पद्दति र सार्वजनिक परीक्षाहरू स्तरीकृत गरी परीक्षा तथा मूल्याङ्कनका क्षेत्रमा विगत वर्षहरूमा विभिन्न सुधारहरू गरिए । कक्षा ८ को परीक्षा सञ्चालन र व्यवस्थापन गाउँपालिकाबाटै गर्ने गरिएको छ । विद्यालयमा आधारित परीक्षाका नतिजाको विश्लेषण गर्न र तिनलाई व्यवस्थित रूपमा सिकाइ सुधारमा प्रयोग गर्न शिक्षकहरूलाई उपयुक्त किसिमले तालिम दिनु आवश्यक छ।

सामुदायिक विद्यालयको कक्षा १-१० मा अध्ययन गर्ने सबै विद्यार्थीले निःशुल्क रूपमा पाठ्यपुस्तक प्राप्त गर्ने व्यवस्था गरिएको छ। सामुदायिक विद्यालयहरूले पाठ्यक्रम विकास केन्द्रले प्रकाशन गर्ने पाठ्यपुस्तकहरू प्रयोग गर्छन् तथापि संस्थागत तथा केही सामुदायिक विद्यालयहरूले निजी क्षेत्रबाट प्रकाशित र पाठ्यक्रम विकास केन्द्रले सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्ने प्रयोजनका लागि सूचीकृत पुस्तकमध्येबाट छनोट गरी पाठ्यपुस्तकका रूपमा प्रयोग गर्छन्। सबै विद्यार्थीलाई समयमै पाठ्यपुस्तक उपलब्ध गराउने व्यवस्था स्थानीय तहबाट हुँदै आएको छ ।

यस पालिकामा गुरुङ तथा टिबटियन भाषी जनसंख्याको वाहुल्यता रहेको भएता पनि यस गाउँपालिकाका विद्यालयहरूमा नेपाली भाषा मार्फत नै शिक्षण क्रियाकपालहरू सञ्चालन गर्ने गरेका छन । सीमित स्रोतसाधन तथा सम्बन्धित भाषाका दक्ष जनशक्तिको उपलब्धता मातृभाषाका सामग्रीको विकास र प्रयोगका लागि चुनौतीका रूपमा रहेको छ। बालबालिकाको सिकाइलाई माध्यम भाषाका कारण अवरोध नहुने गरी उपयुक्त माध्यम भाषा छनोट तथा प्रयोग गर्ने कार्य पनि चुनौतीको रुपमा रहेको छ।

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था, विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन गर्नु आवश्यक छ। अपाङ्गता भएका बालबालिकाका लागि समायोजित पाठ्यक्रम तथा सिकाइ सामग्रीमा अपाङ्गताको प्रकृतिअनुसार अधिकतम लचकता प्रदान गर्ने कार्य पनि चुनौतीपूर्ण छ।

यस गाउँपालिकमा पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन प्रणालीमा देखा परेका समस्या तथा चुनौतीहरुलाई यसप्रकार छन :

१. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था र विद्यालयमा आधारित पेशागत सहयोग पद्धतिको स्थापना र सञ्चालन गर्न ।
२. स्थानीय पाठ्यक्रम अनुसार पाठ्यपुस्तक, पाठ्यसामग्री तथा सन्दर्भ सामग्रीको विकास गर्न ।
३. सबै शिक्षकलाई नयाँ पाठ्यक्रम र पाठ्यसामग्रीको अभिमुखीकरण तथा पाठ्यक्रम, शिक्षक निर्देशिकाको उपलब्धता गर्न
४. पाठ्यक्रम विकास र अध्यावधिक गर्ने कार्यलाई अनुसन्धानमा आधारित बनाउन ।
५. बालबालिकाको सिकाइलाई माध्यम भाषाका कारण अवरोध नहुने गरी छनौट, विशेषत प्रारम्भिक कक्षाहरुमा आवश्यकतानुसार मातृभाषा स्थानीय भाषा तथा बहुभाषाको प्रयोग गर्न ।
६. अपाङ्गता भएका बालबालिकाहरुका लागि पाठ्यक्रम तथा सिकाइ सामग्रीमा पर्याप्त विकल्पहरु प्रदान गरी अपाङ्गताको प्रकृति अनुसार लचकता प्रदान गर्न ।
७. पाठ्यपुस्तकको गुणस्तर सुधार तथा बहुपाठ्यपुस्तक नीतिको कार्यान्वयन गर्न ।
८. शिक्षक निर्देशिका लगायत विद्यार्थीका लागि मुद्रित तथा डिजिटल सन्दर्भ सामग्रीको विकास तथा उपलब्धता।
९. मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसँग जोड्ने परीक्षा पद्धतिलाई स्मरण र बोध जस्ता सामान्य संज्ञानात्मक पक्षको मात्र लेखाजोखा नगरी उच्च तहको संज्ञान तथा सीप परीक्षण गर्ने गरी कार्यान्वयन र विद्यार्थीको कार्यसम्पादन स्तरलाई मूल्याङ्कनको नतिजाले स्पष्ट गर्न ।
१०. योग्यता प्रमाणीकरणका लागि तहगत स्तर निर्धारण र समकक्षता प्रदानमा सहजता ल्याउन ।
११. सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग सहितको बैकल्पिक विधिको प्रयोग गर्न ।

मनाङ डिस्याङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

१२. पाठ्यक्रम विकास, परिमार्जन, कार्यान्वयन तथा मूल्याङ्कनमा स्थानीय तहको जवाफदेहिताको अभिवृद्धि गर्न ।
१३. विद्यार्थीको सिकाइ परिक्षण गर्ने प्रणालीको विकास गर्न
१४. अभिभावकहरूलाई अंग्रेजी भाषाको मोह बढ्दै गएकाले सो अनुसार प्रबन्ध गर्न ।
१५. स्थानीय भाषा ( टिवटियन ) मा पाठ्यक्रम, पाठ्यपुस्तक, तथा सिकाइ सामग्रीको विकास गर्न ।
१६. बालबालिकाहरूको सिकाइ उपलब्धी मापन गर्नको लागि एकिकृत मूल्याङ्कन गर्ने प्रणालीको विकास गर्न ।
१७. एकिकृत पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नको लागि शिक्षकहरूको क्षमता विकास गर्न।

### ४.१.३ उद्देश्य

यस योजनाले पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन कार्यक्रमका निम्नलिखित उद्देश्यहरू लिएको छ :

१. पाठ्यक्रम तथा मूल्याङ्कनको प्रभावकारी कार्यान्वयन गर्नु ।
२. स्थानीय परिवेशमा आधारित व्यावहारिक तथा जीवनोपयोगी पाठ्यक्रम तथा पाठ्यसमग्री विकास गरी कार्यान्वयन गर्नु ।
३. परीक्षा एवं मूल्याङ्कन पद्धतिको सुढृढिकरण गर्नु ।
४. सिकाइका लागि मूल्याङ्कनमार्फत परीक्षा एवं मूल्याङ्कन पद्धतिको सुढृढीकरण गर्नु ।

### ४.१.४ रणनीति

योजनाका उद्देश्यहरू प्राप्त गर्न निम्नलिखित रणनीतिहरू अबलम्बन गरिनेछ :

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप ,२०७६ अनुरूप पाठ्यक्रम कार्यान्वयन गरिनेछ ।
२. पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रबोधीकरण गरिनेछ
३. पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धि गरिनेछ ।
४. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वअध्ययन तथा सन्दर्भ सामग्री उपलब्ध हुने व्यवस्थाको सुनिश्चितता गरिनेछ ।
५. माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गरिनेछ ।
६. स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नको लागि आवश्यक पाठ्यपुस्तक र पाठ्यसामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गरिनेछ ।
७. विद्यालयमा आधारित विद्यार्थी सहयोग पद्धति विकास गरिनेछ ।
८. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाईने छ ।
९. स्थानीय पाठ्यक्रम निर्माण गर्दा समावेशिता, लैङ्गिक पक्ष, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन, वातावरण संरक्षण जस्ता विषयवस्तुलाई प्राथमिकताका साथ समावेश गरिनेछ ।
१०. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको बृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गरिने छ ।
११. निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा प्रयोग गरिनेछ ।
१२. विपत्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिनेछ ।
१३. विद्यालयमा अध्ययन रहेका विद्यार्थीहरूको सिकाइ परिक्षण गर्ने प्रणालीको विकास गरी उपलब्धी परिक्षणलाई व्यवस्थीत गर्ने प्रबन्ध गरिने छ ।
१४. कमजोर सिकाइ भएका बालबालिकाहरूलाई सिकाइमा थप साहयता गर्ने प्रणालीको विकास गरि त्यस्ता विद्यार्थीलाई सहायता गर्ने वातावरण सिर्जाना गर्ने व्यवस्था गरिनेछ ।
१५. मातृभाषामा आवश्यक पाठ्यसामग्री, सिकाइ सामग्रीको विकास गरी सो अनुसार अध्ययन गर्ने प्रबन्ध गरिनेछ ।
१६. मातृभाषाका साथै अन्य भाषा (अंग्रेजी) लाई पनि सिकाइको माध्यम गर्नको लागि आवश्यक प्रबन्ध गरिनेछ ।
१७. मातृभाषाको शिक्षणलाई प्रभावकारी कार्यान्वयन गर्न शिक्षकको क्षमता विकास गरिनेछ ।

### ४.१.५ प्रमुख उपलब्धी तथा नतिजा

**क) उपलब्धी**

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ ।
२. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ ।
३. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

**ख) नतिजा र परिमाणात्मक लक्ष्य**

यस योजनाको कार्यान्वयनबाट पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कनमा निम्नलिखित मुख्य नतिजा हासिल हुनेछनः

| क्रस | सुचकहरू | आधार बर्ष २०८१/२०८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय पाठ्यक्रम र पाठ्य सामग्रीको विव कार्यान्वयन | १ | १ | १ | १ | १ | १ |
| २ | पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि शिक्षक तालिम | ० | २५ | २५ | २५ | २५ | २५ |
| ३ | कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन | नभएको | ९ | ९ | ९ | ९ | ९ |
| ४ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सङ्ख्या | ९ | ९ | ९ | ९ | ९ | ९ |
| ५ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | ९ | ९ | ९ | ९ | ९ | ९ |
| ६ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ९ |
| ७ | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ० | ९ | ९ | ९ | ९ | ९ |

### ४.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

यस योजनाको प्रमुख उपलब्धी तथा नतिजा प्राप्ति गर्नको लागि निम्नलिखित प्रमुख क्रियापलाक र वार्षिक लक्ष्य अनुसार योजना कार्यान्वयन हुनेछ ।

| क्र सं | कार्यक्रमहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्षको) | | | | | | भौतिक लक्ष्य (५ बर्षे) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ वर्षको जम्मा | |
| १ | स्थानीय पाठ्यसामग्री, पाठ्यपुस्तकको विकास र वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | एकिकृत पाठ्यक्रम सम्बन्धि शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ३ | स्थानीय सिकाइ सामग्री विकास र प्रयोग | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | पालिका स्तरीय परिक्षा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ५ | त्रैमासिकरुपमा विद्यार्थीको उपलब्धी परिक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | कार्यमुलक अनुसन्धान समबन्धमा शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ७ | अतिरिक्त तथा सह क्रियाकलाप सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ८ | शिक्षक निर्देशिका उपलन्धता र प्रभाककारी प्रयोग | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ९ | कक्षाकोठामा आधारीत सिकाइ परिक्षण कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १० | निरन्तर विद्यार्थी मुल्याङ्कन कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ११ | सिकाइ सुधार योजना तयारी र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १२ | अंग्रेजी भाषा शिक्षण तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १३ | निःशुल्क पाठ्यपुस्तक उपलब्ध | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १४ | विपद् र संकटको समयमा विद्यालय तहमा प्रयोग गर्न सकिने सामग्रीको विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १५ | राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ को कार्यान्वयन र अनुगमन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १६ | कक्षा ६-८ को स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

| क सं | कार्यक्रमहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्षको) | | | | | | भौतिक लक्ष्य (५ बर्षे) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ वर्षको जम्मा | |
| १७ | पालिका स्तरीय परिक्षा सञ्चालन कार्यविधी तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

### ४.१.७ लगानी र स्रोत व्यवस्थापन

पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कनका लागि योजना अवधिभरमा प्रस्ताव गरिएका कार्यक्रमहरुको कार्यान्वयनका लागि योजनमा विशेष गरी संघीय, प्रदेश तथा स्थानीय सरकारहरुलाई जिम्मेवार र जवाफदेही बनाइएको छ ।सो बमोजिमको दायित्व निर्वाह गर्नेगरी देहाय बमोजिम लगानी तथा स्रोतको अनुमान एवं प्रक्षेपण गरिएको छ ।

| क सं | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ बर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| १ | स्थानीय पाठ्यसामग्री, पाठ्यपुस्तकको विकास र वितरण | पटक | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | ० | ० | २००० | ० |
| २ | एकिकृत पाठ्यक्रम सम्बन्धि शिक्षक तालिम | पटक | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० | ० | ० | ० |
| ३ | स्थानीय सिकाइ सामग्री विकास र प्रयोग | पटक | २०० | २०० | २०० | २०० | २०० | १००० | ० | ० | १००० | ० |
| ४ | पालिका स्तरीय परिक्षा व्यवस्थापन | पटक | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | १५०० | ० | ० | ० |
| ५ | त्रैमासिकरुपमा विद्यार्थीको उपलब्धी परिक्षण | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | ० | ० | ० |
| ६ | कार्यमुलक अनुसन्धान समबन्धमा शिक्षक तालिम | पटक | १५० | १५० | १५० | १५० | १५० | ७५० | ० | ० | ७५० | ० |
| ७ | अतिरिक्त तथा सह क्रियाकलाप सञ्चालन | पटक | १५० | १५० | १५० | १५० | १५० | ७५० | ० | ० | ७५० | |
| ८ | शिक्षक निर्देशिका उपलन्धता र प्रभाककारी प्रयोग | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | 0 | 0 | 0 |

| क सं | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ बर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| ९ | कक्षाकोठामा आधारीत सिकाइ परिक्षण कार्यान्वयन | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | 0 | 0 | 0 |
| १० | निरन्तर विद्यार्थी मुल्याङ्कन कार्यान्वयन | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | 0 | 0 | 0 |
| ११ | सिकाइ सुधार योजना तयारी र कार्यान्वयन | पटक | २५ | २५ | २५ | २५ | २५ | १२५ | 0 | 0 | १२५ | 0 |
| १२ | अंग्रेजी भाषा शिक्षण तालिम | पटक | १५० | १५० | १५० | १५० | १५० | ७५० | 0 | 0 | ७५० | 0 |
| १३ | निःशुल्क पाठ्यपुस्तक उपलब्ध | पटक | ५९ | ५९ | ५९ | ५९ | ५९ | २९५ | २९५ | 0 | 0 | 0 |
| १४ | विपद् र संकटको समयमा विद्यालय तहमा प्रयोग गर्न सकिने सामग्रीको विकास | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | 0 | 0 | ५०० | 0 |
| १५ | राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ को कार्यान्वयन र अनुगमन | पटक | ४० | ४० | ४० | ४० | ४० | २०० | २०० | 0 | 0 | 0 |
| १६ | कक्षा ६-८ को स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन | पटक | ३५० | ३५० | ३५० | ३५० | ३५० | १७५० | 0 | 0 | १७५० | 0 |
| १७ | पालिका स्तरीय परिक्षा सञ्चालन कार्यविधी तयारी | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | 0 | 0 | २५० | 0 |

# ४.२ शिक्षक व्यवस्थापन र विकास

## ४.२.१ परिचय

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य प्रतिबद्ध पेशाप्रति उत्प्रेरित व्यवसायिक रुपमा दक्ष र विद्यार्थीको सिकाइ प्रति जवाफदेही हुनु आवश्यक छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान , शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरुको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। सबै तहको शिक्षामा योग्य दक्ष समर्पित अभिप्रेरित शिक्षकहरुको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ । नेपालमा विद्यालय तहको शिक्षामा पहुँच गुणस्तर समता सान्दर्भिकता सुशासन प्रबर्द्धनका लागि विगतमा सञ्चालित विभिन्न योजना तथा परियोजना तथा कार्यक्रमहरुले शिक्षक व्यवस्थापन र शिक्षकको पेशागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरेको पाइन्छ । शौक्षिक प्रशासन विकास र सेवा प्रवाहको व्यवस्था, अवस्था र अनुभूतिको समग्र कार्यप्रक्रिया र पद्धतिको समष्टि नै व्यवस्थापन हो । सामान्यतया शिक्षक व्यवस्थापन भित्र पद स्वीकृत शिक्षक भर्ना सरुवा छनोट बढुवा वृत्तिविकास र शिक्षकको सेवा शर्त सम्बन्धी सम्पूर्ण व्यवस्थापकीय कार्य पर्दछन् । अझै स्पष्ट रुपमा भन्नुपर्दा यससँग सम्बन्धित कानुनी व्यवस्था संरचनागत व्यवस्था स्रोतसाधन आर्थिक र पर्यावरणीय व्यवस्थाको समग्रता नै शिक्षक व्यवस्थापन हो । यो आँफैमा बहुआयामिक विषय हो । यो शैक्षिक प्रक्रियाको एक निरन्तर प्रक्रिया पनि हो । शिक्षकको यथोचित क्षमता विकास नभएसम्म गुणस्तरीय शिक्षाको कल्पना गर्न सकिदैन र शैक्षिक गुणस्तर कायम नभएसम्म सामाजिक एवं आर्थिक विकास हुन सक्दैन । शिक्षा क्षेत्रका जीवित मस्तिष्क भनेका शिक्षकहरु नै हुन् ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृत्तिका लागि शिक्षण पेसालाई रोजाइको पेसाको रुपमा विकास गर्ने शिक्षक तयारी कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने शिक्षक पेशागत विकासलाई प्रभावकारी बनाउने विद्यार्थीको सिकाइ प्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरु पहिचान गरिएको छ । वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरिएका चुनौतीहरुको सामना गरी शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने सन्दर्भमा यस कार्यक्रमका उद्देश्य ती उद्देश्य पुरा गर्नका लागि अपनाइने रणनीतिहरु कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरु समावेश गरिएको छ ।

## ४.२.२ वर्तमान अवस्था

यस पालिकामा स्वीकृत दरवन्दि, राहत अनुदान, शिक्षण सहयोग अनुदानमा ५० जना शिक्षाकहरु कार्यरत रहेका छन् । प्रारम्भिक तथा बाविकास र शिक्षा १०, आधारभूत कक्षा १-५ २८ जना, कक्षा ६-८ मा ८ जना र माध्यमिक तह कक्षा ९-१० मा ४ जना शिक्षक दरवन्दि रहेको छ । आधारभूत तहमा शिक्षा विद्यार्थी अनुपात ३.७२ रहेको छ भने माध्यमिक तहमा विषयगत न्युनतम शिक्षक दरवन्दि पुग्न सकेको छैन ।कार्यरत शिक्षकमध्ये १०० प्रतिशत शिक्षकहरु तालिम प्राप्त छन । सङ्घीय संरचना कार्यान्वयनमा आएपछि विगतमा कार्यथलो वा कक्षाकोठामा शिक्षकहरूलाई पेसागत सहयोग उपलब्ध गराउन स्थापना गरिएका स्रोतकेन्द्रहरू खारेज गरिए। यी स्रोतकेन्द्रहरूको बिकल्पको रूपमा शिक्षकहरूलाई पेसागत सहयोग गर्न र कार्यरत शिक्षकहरूको अनुभव साटासाट गर्न स्थानीय तह जिम्मेवार रहेको छ । यसका लागि एक गतिशील शिक्षक पेसागत सहयोग प्रणालीको स्थापना गरी शिक्षक पेसागत सहायताको पद्दति कार्यान्वयनमा ल्याउनु आवश्यक छ।

विद्यालय शिक्षा क्षेत्र योजनाले स्थानीय तहमा शिक्षकहरूलाई पेसागत सहयोग गर्न शिक्षकहरूको रोष्टर तयार गरी परिचालन गर्ने कार्यक्रम रहेको छ । शिक्षकको पेशागत सहायतासम्बन्धमा मार्गदर्शनहरु तय भएका छन् । गुणस्तरीय शिक्षाको निर्धारणमा प्रधानाध्यापकको सक्षम नेतृत्व पहिचान गरिएको सन्दर्भमा विद्यालय क्षेत्र शिक्षा योजनामा शिक्षकहरूलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउन प्रधानाध्यापकलाई अझै जिम्मेवार बनाउने लक्ष्य राखेको छ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा सञ्चालन गरिने विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणले नेपाली र गणित विषयमा विद्यार्थीहरूको उपलब्धि सन्तोषजनक नभएको देखाएको छ भने यस पालिकाको शैक्षिक उपलब्धि पनि धेरै उत्साहजनक रहेको छैन ।

शिक्षकको नियमितता तथा कक्षाकोठामा विताउने समय वृद्धि गर्न सकिएको छैन । शिक्षक व्यवस्थापन तथा विकासको

चुनौतीपूर्ण कुरा भनेको शिक्षणलाई आकर्षक पेसाका रूपमा विकास गर्न नसक्नु हो। हाल प्रतिभावान व्यक्तिहरूलाई यस पेसामा आकर्षित गर्न तथा टिकाउन सकिएको छैन। विश्वविद्यालयका अधिकांश शिक्षक तयारीका कार्यक्रमहरू पर्याप्त विषयवस्तु तथा शिक्षण सिपयुक्त जनशक्ति उत्पादन गर्न नसक्दा क्षमतावान् शिक्षकहरूको आपूर्ति गर्न सकिएको छैन। विद्यमान सेवाकालीन तालिम तथा पेसागत विकासका कार्यक्रमले पनि शिक्षकहरूमा ज्ञान तथा सिप पूर्ण रूपमा सिकाउन सकेको छैन। सङ्घीयता कार्यान्वयनपश्चात् स्थानीय शिक्षक पेसागत सहयोग प्रणालीको पनि अभाव देखिएको छ।शिक्षा तालिम केन्द्रहरूको सङ्ख्यामा भएको कटौती तथा पर्याप्त क्षमता नहुनुले पनि चुनौती थपेको छ। शिक्षक पदस्थापनामा रहेको भिन्नता तथा विद्यार्थीको सिकाइ र शिक्षकको कार्यसम्पादन तथा वृत्ति विकासबिच सम्बन्ध कायम गर्न नसक्नुका कारण शिक्षकको उत्प्रेरणा, वृत्ति विकास तथा उत्तरदायित्वमा चुनौती छ।

यस गाउँपालिकामा शिक्षक व्यवस्थापन र क्षमता विकासका कार्यान्वयन गर्न देहाय अनुसारका समस्या र चुनौतीहरू रहेका छ ।

- विषयगत शिक्षक व्यवस्थापन गर्न
- शिक्षकको पेसागत दक्षता विकास गर्न ।
- शिक्षकको पेसागत सहयोग प्रणाली सुदृढ एवम् स्थापित गर्न ।
- शिक्षकको पेसागत विकासको अवसरको प्रबन्ध गर्न ।
- विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गर्ने कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न ।
- विपत् र सङ्कटपूर्ण अवस्थामा शिक्षण सिकाइ सञ्चालन गर्न सक्षम बनाउन
- पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि सुनिश्चित गर्न
- शिक्षकको पेसागत विकासको अवसर विस्तार र प्रभावकारितामा सुधार गर्ने गरी संस्थागत प्रबन्ध गर्न ।
- शिक्षकहरूमा आधुनिक सूचना तथा सञ्चार लगायत शिक्षण पद्धतिको प्रयोगका लागि उनीहरूको क्षमता विकास गर्न ।
- शिक्षकहरूलाई कक्षा कोठामा सहायता प्रणालीको कार्यान्वयन गर्न ।

### ४.२.३ उद्देश्य

यस योजनाले शिक्षक व्यवस्थापन र विकास कार्यक्रमका निम्नलिखित उद्देश्यहरू लिएकोछ :

१. तहगत, कक्षागत, तथा विषयगत रूपमा शिक्षकको व्यवस्थापन गर्नु
२. शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्नु
३. शिक्षकका लागि निरन्तर पेसागत विकासका अवसरको सुनिश्चितता गर्नु
४. शिक्षकको कार्यसम्पादनको मूल्याङ्कन प्रणालीलगायत प्रोत्साहन तथा वृत्ति विकासका अवसरहरूमा सुधार र विद्यार्थीको सिकाइप्रति जबाफदेही हुने पद्धतिको विकास गरी सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको व्यवस्था गर्नु।

### ४.२.४ रणनीति

योजनाका उद्देश्यहरू प्राप्त गर्न निम्नलिखित रणनीतिहरू अबलम्बन गरिनेछ :

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा व्यवस्थापन गरिनेछ ।
२. रिक्त दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकको व्यवस्थापन गरिनेछ ।
३. शिक्षकको निरन्तर पेसागत विकासका लागि सङ्घ तथा प्रदेशसँगको समन्वयमा शिक्षण सिप विकास लगायतका विषयमा सेवाकालीन तालिम सञ्चालन गरिनेछ ।
४. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ तथा मेन्टोरिङ पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।
५. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिनेछ ।

मनाङ डिस्याङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... गण्डकी प्रदेश, नेपाल २०७३

६. शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिनेछ ।
७. शिक्षक सरुवाको मापदण्ड सहित कार्यविधी तयार गरि कार्यान्वयन गरिनेछ ।
८. नव प्रवेशी शिक्षकहरूलाई विद्यालयमा हाजिर हुनु भन्दा पहिला सेवा प्रवेश तालिम उपलब्ध गराउने प्रबन्ध गरिनेछ ।
९. स्थानीय स्तरमा शिक्षक तथा प्रधानाध्यापक व्यवस्थापन मापदण्ड विकास गरी कार्यान्वयन गरिनेछ ।

## ४.२.५ प्रमुख उपलब्धी तथा नतिजा

**क) उपलब्धी**

१. सबै विद्यालयमा पर्याप्त सङ्ख्यामा योग्य, तालिम प्राप्त, सक्षम, उत्साहित तथा पेसाप्रति प्रतिबद्ध तथा कार्यसम्पादनप्रति जिम्मेवार शिक्षकको व्यवस्था भएको हुने।
२. दरवन्दी मिलान सम्पन्न भई विषयगत र कक्षागत रूपमा शिक्षकको व्यवस्थापन भएको हुनेछ ।
३. शिक्षकहरूलाई निरन्तर पेसागत विकासका अवसर प्राप्त भएको हुनेछ ।

**ख) नतिजा र परिमाणात्मक लक्ष्य**

यस योजनाको कार्यान्वयनबाट शिक्षक व्यवस्थापन र विकासमा निम्नलिखित मुख्य नतिजा हासिल हुने छनः

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | १० | १० | १० | १० | १० | १० |
| २ | आधारभूत तहमा कार्यरत शिक्षक तालिम प्राप्त शिक्षक (%) | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० |
| ३ | माध्यमिक तह (कक्षा ९-१०) मा कार्यरत तालिम प्राप्त शिक्षक (%) | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी नूनतम सक्षमता भएका शिक्षक (%) | | ६०.०० | ७०.०० | ८०.०० | ९०.०० | १००.०० |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | | ९ | ९ | ९ | ९ | ९ |

### ४.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

यस योजनाको प्रमुख उपलब्धी तथा नतिजा प्राप्ति गर्नको लागि निम्नलिखित प्रमुख क्रियापलाक र वार्षिक लक्ष्य अनुसार योजना कार्यान्वयन हुनेछ ।

| क्र सं | कार्यक्रमहरू | एकाइ | भौतिक लक्ष्य (५ बर्षको) | | | | | | १० बर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ वर्षको जम्मा | |
| १ | कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा दिने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | शिक्षक सरुवा मापदण्ड कार्यविधि तयारी | पटक | ० | १ | ० | ० | ० | १ | ३ |
| ३ | नवप्रवेशी स्थायी करार शिक्षक समेतलाई छोटो अवधिको सेवा प्रवेश तालिम | सख्या | ० | ३ | ३ | ३ | ३ | १२ | २४ |
| ४ | शिक्षकले कक्षाकोठामा विताउने समयको अभिलेखीकरण | शिक्षक | ० | ५ | ५ | ५ | ५ | २० | ४० |
| ५ | शैक्षणिक योजना निर्माण र कार्यान्वयनका लागि शिक्षकलाई तालिम | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० |
| ६ | शिक्षकको पेशागत सहयोगका लागि विज्ञहरुको सूची तयार तथा अद्यावधिक | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० |
| ७ | असल अभ्यास गरेका विद्यालयहरुको अवलोकन भ्रमण | पटक | ० | १ | ० | ० | १ | २ | ४ |
| ८ | विद्यालय सुपरीवेक्षण र पृष्ठपोषण प्रदान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ९ | शिक्षक मार्फत कार्यमुलक अनुसन्धान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १० | आधारभूत तहका शिक्षकहरुका लागि छोटो अवधिको पुनर्ताजगी तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ११ | प्रध्यानाध्यापकलाई नेतृत्व विकास तालिम | सङ्ख्या | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० |
| १२ | एकीकृत पाठ्यक्रम र मूल्याङ्कन प्रणाली सम्बन्धमा शिक्षकलाई तालिम | पटक | ० | ९ | ० | ० | ९ | १८ | ३६ |
| १३ | प्रध्यानाध्यापकहरुको लागि विद्यालय सुधार योजना | पटक | ० | ९ | ० | ९ | ० | १८ | ३६ |

| क्र सं | कार्यक्रमहरू | एकाइ | भौतिक लक्ष्य (५ बर्षको) | | | | | | १० बर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ वर्षको जम्मा | |
| | निर्माण तथा अध्यावधिक सम्बन्धी तालिम | | | | | | | | |
| १४ | स्थानीय विज्ञ समुह मार्फत सुपरीवेक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

## ४.२.७ लगानी र स्रोत व्यवस्थापन

शिक्षक व्यवस्थापन र विकासका लागि योजना अवधिभरमा प्रस्ताव गरिएका कार्यक्रमहरुको कार्यान्वयनका लागि योजनमा विशेष गरी संघीय, प्रदेश तथा स्थानीय सरकारहरुलाई जिम्मेवार र जवाफदेही बनाइएको छ ।सो बमोजिमको दायित्व निर्वाह गर्नेगरी देहाय बमोजिम लगानी तथा स्रोतको अनुमान एवं प्रक्षेपण गरिएको छ ।

| क्र सं | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ वर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| १ | कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा दिने | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | ० | ० | २५० | ० |
| २ | शिक्षक सरुवा मापदण्ड कार्यविधि तयारी | पटक | ० | ३० | ० | ० | ० | ३० | ० | ० | ३० | ० |
| ३ | नवप्रवेशी स्थायी करार शिक्षक समेतलाई छोटो अवधिको सेवा प्रवेश तालिम | सख्या | ० | ९० | ९० | ९० | ९० | ३६० | ३६० | ० | ० | ० |
| ४ | शिक्षकले कक्षाकोठामा विताउने समयको अभिलेखीकरण | शिक्षक | ० | ५० | ५० | ५० | ५० | २०० | २०० | ० | ० | ० |
| ५ | शैक्षणिक योजना निर्माण र कार्यान्वयनका लागि शिक्षकलाई तालिम | विद्यालय | ९० | ९० | ९० | ९० | ९० | ४५० | ० | ० | ४५० | ० |

| क सं | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ बर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| ६ | शिक्षकको पेशागत सहयोगका लागि विज्ञहरुको सूची तयार तथा अद्यावधिक | विद्यालय | १०८ | १०८ | १०८ | १०८ | १०८ | ५४० | ५४० | ० | ० | ० |
| ७ | असल अभ्यास गरेका विद्यालयहरुको अवलोकन भ्रमण | पटक | ० | १०० | ० | ० | १०० | २०० | ० | ० | २०० | |
| ८ | विद्यालय सुपरीवेक्षण र पृष्ठपोषण प्रदान | पटक | १२ | १२ | १२ | १२ | १२ | ६० | ६० | 0 | ० | 0 |
| ९ | शिक्षक मार्फत कार्यमुलक अनुसन्धान | पटक | ८० | ८० | ८० | ८० | ८० | ४०० | ० | 0 | ४०० | 0 |
| १० | आधारभूत तहका शिक्षकहरुका लागि छोटो अवधिको पुनर्ताजगी तालिम | पटक | १५० | १५० | १५० | १५० | १५० | ७५० | ७५० | 0 | 0 | 0 |
| ११ | प्रध्यानाध्यापकलाई नेतृत्व विकास तालिम | सङ्ख्या | १८० | १८० | १८० | १८० | १८० | ९०० | ९०० | 0 | 0 | 0 |
| १२ | एकीकृत पाठ्यक्रम र मूल्याङ्कन प्रणाली सम्बन्धमा शिक्षकलाई तालिम | पटक | ० | १८० | ० | ० | १८० | ३६० | ३६० | 0 | 0 | 0 |
| १३ | प्रध्यानाध्यापकहरुको लागि विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक सम्बन्धी तालिम | पटक | ० | १८० | ० | १८० | ० | ३६० | 0 | 0 | ३६० | 0 |
| १४ | स्थानीय विज्ञ समुह मार्फत सुपरीवेक्षण | पटक | ३० | ३० | ३० | ३० | ३० | १५० | १५० | 0 | 0 | 0 |

## ४.३ शिक्षामा समता र समावेशीकरण

### ४.३.१ परिचय

नेपाल सामाजिक-सांस्कृतिक रूपमा विविधता भएको मुलुक हो। यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातीय समुदायहरूको बसोबास छ। नेपाली समाजको यो विविधतालाई एकातिर पहिचान तथा सामर्थ्यका रूपमा लिने गरिन्छ भने अर्कोतिर ऐतिहासिक रूपमा यही भिन्नताका कारणले सामाजिक, आर्थिक तथा राजनीतिक रूपमा विभेद र वञ्चितीकरण परेका समुदायहरू पनि रहेका छन्। उदाहरणका लागि दलित तथा सीमान्तकृत समुदाय, नेपाली बाहेकका मातृभाषी समुदाय, अल्पसङ्ख्यक सांस्कृतिक समुदायहरू ऐतिहासिक रूपमा वञ्चितीकरणमा पर्न गई अहिलेसम्म पनि यसको असर कुनै न कुनै रूपमा शिक्षाको पहुँच, सहभागिता र उपलब्धिमा देखिने गरेको छ। त्यसैगरी  भौगोलिक तथा क्षेत्रगत, आर्थिक तथा  लैङ्गिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुँच, सहभागिता र नतिजामा परेको देखिन्छ। विभिन्न किसिका अपाङ्गता भएका बालबालिकाहरू तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूको शिक्षामा पहुँच र सहभागिता तुलनात्मक रूपमा कमजोर छ।

विद्यालयमा भर्ना भएका बालबालिकाहरूलाई भयरहित र सुरक्षित वातावरणमा स्वागत गर्दै विद्यालयको सामाजिक तथा शैक्षिक प्रक्रियामा सुरक्षित भावनाका साथ सहभागी बन्ने अवसर सिर्जना गर्नु आवश्यक हुन्छ। विभेदका कारक तत्त्व (लिङ्ग, जाति, स्थान, क्षमता, सामाजिक-आर्थिक अवस्था आदि) लाई सम्बोधन गरी प्रमाणमा आधारित तथा सन्दर्भअनुसारको अनुकूलित विधि अपनाई बालबालिकाहरूले पहुँच, सहभागिता तथा सिकाइमा भोग्नुपरेका बाधा हटाउनुपर्छ। एकीकृत समता रणनीति २०१४ ले शैक्षिक उपलब्धिमा हुने विभेद हटाउन स्थानीय तहमा विद्यमान असमानता र यसको तीव्रताको मापन गर्नका लागि समता सूचकाङ्कसहित अवधारणात्मक कार्यढाँचा प्रदान गरेको छ।

विविधताको सम्मान र समता तथा  समावेशिता अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच, सहभागिता तथा सिकाइका लागि नेपालको विद्यालय शिक्षा पद्धतिमा हाल सम्मका कार्य तथा प्रगतिको सङ्क्षिप्त समीक्षा गरिएको छ। यसमा जातीगत तथा भाषिक, लैङ्गिक, अपाङ्गता, विपन्नता, भौगोलिक, सङ्टापन्न परिस्थितिमा रहेका तथा अन्य कारणले शिक्षामा पछि परेका बालबालिका तथा समुदायलाई समेटिएको छ।

### ४.३.२ वर्तमान अवस्था

यस पालिकामा अध्ययनरत विद्यार्थी मध्ये २० जना दलित विद्यार्थी, जनजाति विद्यार्थीको भर्नादर २५६ र ३ जना अपाङ्गता भएका विद्यार्थीको संख्या रहेको छ । पिछडिएको समुदायबाट २०जना  विद्यार्थीहरु अध्ययनरत रहेका छन् । विद्यार्थी भर्नामा १.०९ समाता सुचाङ्क दर रहेको छ । कूल विद्यार्थीमध्ये छात्राको ५०.४८ प्रतिशत छात्राहरू रहेको छ विभिन्न प्रकारका छात्रवृत्ति तथा विद्यार्थी प्रोत्साहनमूलक कार्यक्रम जस्तै दिवा खाजा, निःशुल्क शिक्षाको प्रावधान कार्यान्वयन गरिएको छ ।

सामाजिक सचेतनासँगै विद्यालय सङ्ख्यामा भएको विस्तार, माध्यमिक तहसम्म निःशुल्क शिक्षा तथा निःशुल्क पाठ्यपुस्तकको प्रबन्ध, प्रारम्भिक बाल शिक्षा तथा विकासदेखि कक्षा ५ सम्म विद्यालय खाजा कार्यक्रम विस्तार जस्ता विभिन्न लक्षित कार्यक्रमहरूका कारण भर्नादरमा यो उत्साहजनक प्रगति सम्भव भएको हो।

नेपालको संविधानले नेपाललाई समावेशी बनाउने दृष्टिकोणलाई मार्गनिर्देश गरेको छ। संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकका रूपमा लिँदै आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुने सबै भाषिक समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरेको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले पनि शिक्षामा समता र समावेशिता अभिवृद्धिका लागि विभिन्न नीतिहरू तय गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली, २०७७ ले अपाङ्गता भएका व्यक्ति तथा आर्थिक सामाजिक रूपले पछाडि परेका समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले निर्धारण गरेबमोजिम शैक्षिक संस्थाद्वारा निःशुल्क रूपमा विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा उपलब्ध गराउने प्रावधान राखेको छ।

आर्थिक रूपले विपन्न तथा दुर्गम हिमाली क्षेत्रमा आवासीय विद्यालय सञ्चालन तथा घुम्ती विद्यालयसमेत सञ्चालनमा ल्याइएको छ । पहुँचमा वृद्धि भए तापनि विभिन्न सामाजिक समूह तथा क्षेत्रमा अझै पनि असमानता घटाउने कार्य चुनौतिपूर्ण रहेको छ। मनाङ डिस्याङ गाउँपालिकामा शिक्षामा समता र समावेशी शिक्षा कार्यान्वयनका निम्नानुसार समस्या तथा चुनौतीहरू देखिन्छ ।

१. सबै प्रकारका अपाङ्गता भएकाहरूका लागि शिक्षामा पहुँच सुनिश्चित गर्न ।
२. अपाङ्गता भएका कठिन भौगोलिक अवस्थामा रहेका र सामाजिक रूपले पछि परेका बालबालिकालाई विद्यालय शिक्षामा टिकाइ राख्न ।
३. लक्षित समूहको शिक्षामा सहभागिता तथा उपलब्धि सुनिश्चित गर्न
४. विद्यालयहरूमा लैङ्गिक र अपाङ्गतामैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्न ।
५. पाठ्यक्रम पाठ्यसामग्री शिक्षण सिकाइ प्रक्रिया लगायत समस्त शैक्षिक प्रणालीमा विविधता समता तथा समावेशिता अभिवृद्धि गर्न।
६. विद्यालयमा कुनै पनि प्रकारको विभेद दुर्व्यवहार हेपाइ नहुने सुनिश्चितता सहित बालमैत्री अपाङ्गमैत्री तथा बालिकामैत्री बनाउन

## ४.३.३ उद्देश्य

यस योजनाले शिक्षामा समता र समावेशीकरण कार्यक्रमका निम्नलिखित उद्देश्यहरू लिएको छ :

१. लक्षित समूहका बालबालिकाको शिक्षामा समावेशी रूपमा समतामूलक पहुँच सुनिश्चित गर्नु
२. लक्षित समूहका बालबालिकाको सिकाइ सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु
३. विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु

## ४.३.४ रणनीति

योजनाका उद्देश्यहरू प्राप्त गर्न निम्नलिखित रणनीतिहरू अबलम्बन गरिनेछ :

१. विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्था पूरा गरी अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउने । यसका लागि बालमैत्री विद्यालय प्रारूप (CFSF) तथा निर्धारित सिकाइका लागि आवश्यक पूर्वाधार पूरा गरिनेछ ।
२. अपाङ्गताको प्रारम्भिक लेखाजोखा (Disability Screening) गर्दै अपाङ्गताका किसिम तथा स्वरूप पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यकतानुसार विशेष विद्यालयको प्रबन्ध गरिनेछ ।
३. छात्रवृत्तिका लागि विपन्न  लक्षित गरी आर्थिक रूपले विपन्न, सुविधाविहीन, कठिन परिस्थतिमा रहेका र अपाङ्गता भएका बालबालिका सहभागी हुने व्यवस्था गरिनेछ ।
४. कार्यविधि तयार गरी आवश्यकताअनुसार थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्ने व्यवस्था गरिनेछ ।
५. विद्यालयमा सरसफाई तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरीलक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा प्रदान गरिनेछ ।
६. आाधारभूत तहमा मातृभाषा, स्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सिकाइको अवसर प्रदान गर्न प्राथमिकता दिईनेछ ।
७. पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, वातावरण, इतिहास तथा नागरिक ज्ञान तथा सिपका साथै बृहत यौनिकता शिक्षा तथा प्रजनन स्वास्थ्यसम्बन्धी विषयवस्तु समावेश गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गरिनेछ ।
८. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी  विविधता कायम तथा विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, बहिष्करण र हेपाइ नहुने सुनिश्चिततासहित बालमैत्री वातावरण सिर्जना गरिनेछ ।

### ४.३.५ प्रमुख उपलब्धी तथा नतिजा

**क) उपलब्धी**

लैङ्गिकता, सामाजिक-आर्थिक अवस्था, अपाङ्गता, जातीय, प्रादेशिक, क्षेत्रीय, भाषिक पृष्ठभूमि आदिका आधारमा विद्यार्थी भर्ना, कक्षा सहभागिता तथा सिकाइ उपलब्धिजस्ता शैक्षिक सूचकमा हुने विद्यमान असमानताहरू घटेको हुने।

**ख) नतिजा र परिमाणात्मक लक्ष्य**

यस योजनाको कार्यान्वयनबाट शिक्षामा समता र समावेशीकरणमा निम्नलिखित मुख्य नतिजा हासिल हुने छनः

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा( कक्षा १-८) विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | १६.०० | १३.५ | १२.५ | ९.५ | ५.५ | ५.५ |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | १.०९ | १.०१ | १.०१ | १.०१ | १.०१ | १.०१ |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | ४.० | १.२ | १.२ | १.२ | १.२ | १.२ |
| ४ | प्रारम्भिक पहिचान गर्ने विद्यालय संख्या | ० | ९ | ९ | ९ | ९ | ९ |
| ५ | विद्यालयमा लैङ्गिक सम्पर्क शिक्षक तोकिएको विद्यालय | ० | ९ | ९ | ९ | ९ | ९ |
| ६ | गुनासो सुनुवाई संयन्त्र कार्यान्वयन भएका विध्यालय | ० | ९ | ९ | ९ | ९ | ९ |

### ४.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

यस योजनाको प्रमुख उपलब्धी तथा नतिजा प्राप्ति गर्नको लागि निम्नलिखित प्रमुख क्रियापलाक र वार्षिक लक्ष्य अनुसार योजना कार्यान्वयन हुनेछ ।

| क्रस | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्षको) | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | बालबालिकाको अपाङ्गताको लेखाजोखा गरी सो का आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | पटक | १ | १ | १ | १ | १ | १० |
| २ | विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाई नहुने सुनिश्चित गर्न संयन्त्र स्थापना र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | १० |
| ३ | लैङ्गिक सञ्जाललाई स्थानीय तहहरूमा विस्तार गरी बालविवाह, लैङ्गिक हिंसा, हानिकारक लैङ्गिक अभ्यास तथा सकारात्मक पुरुषत्वका विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालनमा परिचालन गर्ने | पटक | १ | १ | १ | १ | १ | १० |
| ४ | पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई अपाङ्गमैत्री तथा लैङ्गिक उत्तरदायी | पटक | १ | १ | १ | १ | १ | १० |
| ५ | लक्षित वर्ग पहिचानका लागि सर्वेक्षण | पटक | १ | १ | १ | १ | १ | १० |
| ६ | विद्यालय बाहिर रहेका सबै बालबालिकालाई भर्ना गराउनका लागि जनचेतना अभियान सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १० |
| ७ | विद्यालयका भौतिक तथा शैक्षिक संरचनाहरु अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउने | पटक | १ | १ | १ | १ | १ | १० |
| ८ | दिवा खाजा कार्यक्रम सञ्चालन तथा सम्मानजनक र बालमैत्री वातावरण निर्माण | पटक | १ | १ | १ | १ | १ | १० |
| ९ | समता र समावेशीकरणमा अभिभावकको दायित्व विषयक सचेतना गोष्ठी | पटक | १ | १ | १ | १ | १ | १० |
| १० | सबै विद्यालयहरुमा लैङ्गिक संपर्क बिन्दुको स्थापना र जिम्मेवारी प्रदान | पटक | १ | १ | १ | १ | १ | १० |
| ११ | विद्यालयमा गुनासो सुनुवाई संयन्त्रको स्थापना र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | १० |

### ४.३.७ लगानी र स्रोत व्यवस्थापन

शिक्षामा समता र समावेशीकरणका लागि योजना अवधिभरमा प्रस्ताव गरिएका कार्यक्रमहरुको कार्यान्वयनका लागि योजनमा विशेष गरी संघीय, प्रदेश तथा स्थानीय सरकारहरुलाई जिम्मेवार र जवाफदेही बनाइएको छ ।सो बमोजिमको दायित्व निर्वाह गर्नेगरी देहाय बमोजिम लगानी तथा स्रोतको अनुमान एवं प्रक्षेपण गरिएको छ ।

| क सं | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ बर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| १ | बालबालिकाको अपाङ्गताको लेखाजोखा गरी सो का आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | पटक | ३० | ३० | ३० | ३० | ३० | १५० | १५० | ० | 0 | 0 |
| २ | विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाई नहुने सुनिश्चित गर्न संयन्त्र स्थापना र कार्यान्वयन | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | 0 | १२५ | १२५ | 0 |
| ३ | लैङ्गिक सञ्जाललाई स्थानीय तहहरूमा विस्तार गरी बालविवाह, लैङ्गिक हिंसा, हानिकारक लैङ्गिक अभ्यास तथा सकारात्मक पुरुषत्वका विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालनमा परिचालन गर्ने | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | 0 | ० | २५० | 0 |
| ४ | पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई अपाङ्गमैत्री तथा लैङ्गिक उत्तरदायी | पटक | १५० | १५० | १५० | १५० | १५० | ७५० | 0 | 0 | ७५० | 0 |
| ५ | लक्षित वर्ग पहिचानका लागि सर्वेक्षण | पटक | २५ | २५ | २५ | २५ | २५ | १२५ | ० | 0 | 0 | १२५ |
| ६ | विद्यालय बाहिर रहेका सबै बालबालिकालाई भर्ना गराउनका लागि जनचेतना अभियान सञ्चालन | पटक | १५० | १५० | १५० | १५० | १५० | ७५० | 0 | 0 | 0 | ७५० |
| ७ | विद्यालयका भौतिक तथा शैक्षिक संरचनाहरु अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउने | पटक | ७५ | ७५ | ७५ | ७५ | ७५ | ३७५ | 0 | ० | ३७५ | ० |
| ८ | दिवा खाजा कार्यक्रम सञ्चालन तथा सम्मानजनक र बालमैत्री वातावरण निर्माण | पटक | ६० | ६० | ६० | ६० | ६० | ३०० | ३०० | 0 | 0 | 0 |
| ९ | समता र समावेशीकरणमा अभिभावकको दायित्व विषयक सचेतना गोष्ठी | पटक | ७५ | ७५ | ७५ | ७५ | ७५ | ३७५ | 0 | 0 | ३७५ | 0 |
| १० | सबै विद्यालयहरुमा लैङ्गिक संपर्क बिन्दुको स्थापना र जिम्मेवारी प्रदान | पटक | ६० | ६० | ६० | ६० | ६० | ३०० | ३०० | 0 | 0 | 0 |
| ११ | विद्यालयमा गुनासो सुनुवाई संयन्त्रको स्थापना र कार्यान्वयन | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | 0 | 0 | 0 |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय

बालबालिकाको विकास तथा सिकाइसँग उनीहरुको स्वास्थ्य तथा पोषणको अवस्थाको प्रत्यक्ष सम्बन्ध हुन्छ । स्वस्थ बच्चाको मस्तिष्क पनि स्वस्थ हुन्छ । स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइ सहभागिता बढाई उपलब्धि सुधार गर्न प्रोत्साहित गर्छ । बालबालिकाको राम्रो स्वास्थ्यका लागि सरसफाइ तथा स्वच्छताको अभ्यास (Sanitation and hygiene practice) र प्रारम्भिक स्वास्थ्य जाँच तथा स्वास्थ्य सेवाहरुको प्राप्ति सहज रुपमा हुनुपर्छ । बालबालिकाले पोषणयुक्त खाना प्राप्त गर्नका लागि विद्यालयमा विताउने तथा आउन जाने समय समेतलाई गणना गर्दा हुन आउने ७-८ घण्टाको समयको करीब मध्यतिर खाजा खाजाको प्रबन्ध गर्ने कुरा एउटा विद्यालयमा हुनु जरुरी छ । त्यसैगरी १२ वर्षको उमेर देखिका बालिकाहरुका लागि सामान्य सरसफाइ तथा स्वच्छता सम्बन्धी अभ्यासका अतिरिक्त महिनावारी सम्बन्धी सरसफाइ तथा स्वच्छता (Menstrual hygiene) सम्बन्धी सहयोग तथा शिक्षा पनि उत्तिकै आवश्यक छ । विद्यालयमा आधारित स्वास्थ्य तथा पोषण सम्बन्धी यस्ता कार्यक्रमहरुले विद्यार्थीको भर्ना तथा टिकाउदर बढाउन र अनुपस्थित हुने र बीचैमा कक्षा छाड्ने दर घटाउन योगदान गरी सिकाइ उपलब्धि बढाउन मदत गर्दछ ।

नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा जारी सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका २०७६ ले बाल विकास केन्द्र देखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुका लागि विद्यालयमा उपस्थित हुँदा तोकिएका दुर्गम क्षेत्रका जिल्लाका हकमा प्रति व्यक्ति रु २० का दरले र अन्य जिल्लामा प्रति व्यक्ति रु १५ का दरले विद्यालयमा अनुदान निकासा हुने र सो रकमबाट विद्यालयले तोकिएको मापदण्ड बमोजिमको पौष्टिक गुणयुक्त खाजा खुवाउने प्रबन्ध गरेको छ । त्यसैगरी नेपाल सरकार मन्त्रिपरिषदबाट जारी सेनिटरी प्याड (बितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ बमोजिम सामुदायिक विद्यालयमा कक्षा ६ देखि १२ सम्म अध्ययनरत सबै बालिकाहरुका लागि निशुल्क सेनिटरी प्याड वितरण प्रयोग तथा व्यवस्थापन गर्ने कुरा उल्लेख गरिएको छ ।

स्वस्थ शरीरमा स्वस्थ मस्तिष्कले बास गरेको हुन्छ भने मूल धेयलाई मूर्त रुप दिँदै बालबालिकाका शारीरिक मानसिक संवेगात्मक पक्षको वृद्धि र विकास सँगै शिक्षा प्राप्त गर्न छात्रछात्राहरु सम्पन्न भई गुणस्तरीय शिक्षा प्राप्त गर्दछन् भन्ने मान्यता रहेको छ । यसका लागि एउटा बालकले खानाबाट प्राप्त गर्ने कुल पौष्टिक तत्व मध्ये ३०५ क्यालोरी दिवा खाजाबाट प्राप्त गर्नु पर्दछ भन्ने अन्तर्राष्ट्रिय मान्यतालाई परिपूर्ति गर्न गराउन नेपाल सरकार प्रतिवद्ध रहेको छ । विद्यालय एवं बालविकास केन्द्रहरुले स्थानीय तहमार्फत स्थानीय क्षेत्रमा पाइने अन्नबाली फलफूल तरकारी माछा मासु दुध जस्ता पशुजन्य आहारबाट नै सोको व्यवस्थापन भैरहेको छ । यसका लागि राष्ट्रिय एवं अन्तर्राष्ट्रिय मान्यता अनुसारको प्रतिदिन १५० ग्राम देखि २०० ग्राम सम्मको खाजा व्यवस्थापन गरिएको छ ।

### ४.४.२ वर्तमान अवस्था

सामुदायिक विद्यालयको प्रारम्भिक कक्षादेखि कक्षा ५ सम्मका विद्यार्थीका लागि संघीय सरकारको सशर्त अनुदानबाट दिवाखाजाका लागि बजेट प्राप्त हुँदै आएको छ । स्थानीय उत्पादनलाई प्रोत्साहन हुने गरी खाद्य सामग्रीको व्यवस्थाका लागि हाल स्थानीय तहले सशर्त अनुदानबाट आएको बजेटमा थप ७ रुपैया उपलब्ध गराउदै आएको छ ।

विद्यार्थीको स्वास्थ्य तथा सरसफाईका लागि सबै विद्यालयमा स्वच्छ पिउने पानी, शौचालय तथा स्वच्छताका कार्यक्रम सञ्चालनमा ल्याइएको छ ।

सरकारले प्रारम्भिक बालविकास तथा शिक्षादेखि कक्षा ५ सम्मका सार्वजनिक विद्यालयमा अध्यनरत सबै विद्यार्थीका लागि दिवा खाजाको प्रबन्धका लागि बजेट छुट्याएर महत्त्वपूर्ण उपलब्धि हासिल गरेको भए तापनि नीति तथा कानुनी व्यवस्था, वित्तीय पर्याप्तता तथा दिगोपन, कार्यक्रमका लागि उपयुक्त सङ्गठनात्मक व्यवस्था, उपयुक्त कार्यक्रम विकास र कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका क्षेत्रमा विभिन्न चुनौती देखिएका छन्।अझै पनि सबै विद्यालयमा स्वच्छ पिउने पानी तथा सरसफाईयुक्त शौचालयको व्यवस्था हुन सकेको छैन ।यस गाउँपालिकामा विद्यालय तथा स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताको वर्तमान अवस्थाको समीक्षाका आधारमा निम्नलिखित चुनौतीहरू देखिएका छन्

१. दिवा खाजा स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताका कार्यक्रमका लागि पर्याप्त तथा दिगो वित्तीय प्रबन्ध सुनिश्चित गर्न
२. सबै विद्यालयमा स्वास्थ्यकर्मीको व्यवस्था गरी नियमित स्वास्थ्य जाँच गराउन
३. विद्यालय खाजाका लागि उपयुक्त निर्धारण गरी पौष्टिक तथा स्वास्थ्यकर विद्यालय खाजा सुनिश्चित गर्न
४. विद्यालय खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्न ।
५. कार्यक्रमलाई प्रभावकारी रूपमा अनुगमन गर्ने र समयबद्ध कार्यक्रम मूल्याङ्कन पद्धति विकास गर्न ।
६. विद्यालय खाजा तथा स्वच्छता सम्बन्धी कार्यक्रममा एकरूपता र गुणस्तरीय कायम गर्न स्पष्ट मापदण्डको विकास गर्न ।
७. विद्यालय प्राथमिक उपचारको तालिम सहित आवश्यक सामग्रीहरूको व्यवस्थापन गर्न नसक्न ।

### ४.४.३ उद्देश्य

यस योजनाले विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमका निम्नलिखित उद्देश्यहरू लिएको छ :

१. बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त तथा रैथाने पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु
२. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

### ४.४.४ रणनीति

योजनाका उद्देश्यहरू प्राप्त गर्न निम्नलिखित रणनीतिहरू अबलम्बन गरिनेछ :

१. दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालाबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गरिनेछ ।
२. दिवा खाजाका लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधा विस्तार गरिनेछ ।
३. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गरिनेछ ।
४. विद्यालयमा प्राथमिक उपचार किट, बालबालिकाको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा शुक्ष्मपोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाईनेछ ।
५. दिवा खाजाका लागि स्थानीय उत्पादनमा आधारित वस्तुलाई प्राथमिकता दिईनेछ ।
६. दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनका लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गरिनेछ
७. दिवा खाजालगायत स्वास्थ्य , पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरवलोकन गरी थप प्रभावकारी बनाईनेछ ।
८. दिवा खाजामा विद्यालयमा पत्रु खानालाई निरुत्साहित गर्दै स्थानीय स्तरमा उत्पादन हुने खाद्य सामग्रीहरूको प्रयोग गर्न विद्यालयलाई प्रोत्साहन गरिनेछ ।
९. विद्यालय दिवा खाजाको स्थानीय स्तरमा उपलब्ध हुने तथा पोषिलो खाद्य उत्पादनलाई समाबेस गरि दिवा खाजाको मेनु तयार गरि गाउँपालिकाका सबै विद्यालयमा कार्यन्वयन गर्ने व्यवस्था गरिनेछ ।

### ४.४.५ प्रमुख उपलब्धी तथा नतिजा

**क) उपलब्धी**

१. गम्भीर रोगबाट सुरक्षित भई पर्याप्त पोषणका साथ बालबालिकाहरू स्वस्थ रूपमा विद्यालयमा सहभागी भएको हुने।
२. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुनेछ ।

**ख) नतिजा र परिमाणात्मक लक्ष्य**

यस योजनाको कार्यान्वयनबाट विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमका निम्नलिखित मुख्य नतिजा हासिल हुने छनः

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राथमिक उपचार किट, जुकाको औषधी चक्की वितरण गर्ने विद्यालय | १ | ९ | ९ | ९ | ९ | ९ |
| २ | पिउने पानी तथा स्वच्छता सहितको शौचालय भएका विद्यालय संख्या | ८ | ९ | ९ | ९ | ९ | ९ |
| ३ | दिवा खाजा प्राप्त गर्ने विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ९ |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | ० | ९ | ९ | ९ | ९ | ९ |
| ५ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | ० | १ | १ | १ | १ | १ |

## ४.४.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

यस योजनाको प्रमुख उपलब्धी तथा नतिजा प्राप्ति गर्नको लागि निम्नलिखित प्रमुख क्रियापलाक र वार्षिक लक्ष्य अनुसार योजना कार्यान्वयन हुनेछ ।

| क्रस | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ( ५ वर्षको) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ वर्षको जम्मा | |
| १ | पोषण सहितको दिवा खाजा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | विद्यालयको भान्छाको व्यवस्थापन | पटक | ० | १ | १ | १ | १ | ४ | ८ |
| ३ | छात्रा छात्रका लागि छुट्टै शौचालयको व्यवस्थापन | संख्या | ० | ४ | ३ | २ | ३ | १२ | १२ |
| ४ | शिक्षक तालिम सहित प्राथमिक उपचारको व्यवस्था | पटक | ० | १ | १ | १ | १ | ४ | ८ |
| ५ | दिवा खाजा मेनु निर्माण | पटक | १ | ० | ० | ० | ० | १ | २ |
| ६ | बालबालिकाहरूको नियमित स्वास्थ्य परिक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ७ | एक विद्यालय एक नर्स कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | ४ | ८ |
| ८ | विद्यालय स्वास्थ्य तथा पोषण सम्बन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ | ८ |
| ९ | विद्यालयमा फोहरको उचित व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १० | बालबालिकाहरूलाई जुकाको औसधी, भिटामिन र आइरन चक्कीको व्ययस्था | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ११ | विद्यालयलाई सरसफाइका सामग्रीहरू उपलब्ध | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १२ | बाल मैत्री धारा निर्माण | पटक | ० | ३ | २ | ३ | १ | ९ | १२ |
| १३ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | पटक | ० | १ | १ | १ | १ | ४ | ९ |
| १४ | विद्यालयमा स्वास्थ्य खाद्य सुरक्षा सफाइ तथा स्वच्छता पोषण र किशोरीहरुका लागि महिनावारी स्वच्छता सम्बन्धी शिक्षा | पटक | ० | १ | १ | १ | १ | ४ | ८ |
| १५ | सेनिटरी प्याडको सहि विसर्जन तथा व्यवस्थापनका लागि डिस्पोजल विनको व्यवस्था | संख्या | ० | ५ | ० | ५ | ० | १० | २० |
| १६ | दिवाखाजा सेनिटरी प्याडको व्यवस्थापन तथा प्रयोग तथा विद्यालय सरसफाइ तथा स्वच्छता सम्बन्धमा अनुगमन तथा सुपरीवेक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

### ४.४.७ लगानी र स्रोत व्यवस्थापन

विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमका लागि योजना अवधिभरमा प्रस्ताव गरिएका कार्यक्रमहरुको कार्यान्वयनका लागि योजनमा विशेष गरी संघीय, प्रदेश तथा स्थानीय सरकारहरुलाई जिम्मेवार र जवाफदेही बनाइएको छ ।सो बमोजिमको दायित्व निर्वाह गर्नेगरी देहाय बमोजिम लगानी तथा स्रोतको अनुमान एवं प्रक्षेपण गरिएको छ ।

| क्र सं | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ बर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| १ | पोषण सहितको दिवा खाजा व्यवस्थापन | पटक | ८३२ | ८३२ | ८३२ | ८३२ | ८३२ | ४१५८ | २६५८ | ० | ११५८ | ० |
| २ | विद्यालयको भान्छाको व्यवस्थापन | पटक | ० | ५० | ५० | ५० | ५० | २०० | ० | ० | २०० | ० |
| ३ | छात्रा छात्रका लागि छुट्टै शौचालयको व्यवस्थापन | संख्या | ० | ४८० | ३६० | २४० | ३६० | १४४० | ० | १४४० | ० | ० |
| ४ | शिक्षक तालिम सहित प्राथमिक उपचारको व्यवस्था | पटक | ० | १०० | १०० | १०० | १०० | ४०० | ० | ० | ४०० | ० |
| ५ | दिवा खाजा मेनु निर्माण | पटक | २० | ० | ० | ० | ० | २० | ० | ० | २० | ० |
| ६ | बालबालिकाहरूको नियमित स्वास्थ्य परिक्षण | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | ० | ० | ० |
| ७ | एक विद्यालय एक नर्स कार्यक्रम | पटक | ० | ६०० | ६०० | ६०० | ६०० | २४०० | ० | २४०० | ० | ० |
| ८ | विद्यालय स्वास्थ्य तथा पोषण सम्बन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन | पटक | ० | ५० | ५० | ५० | ५० | २०० | ० | ० | २०० | ० |
| ९ | विद्यालयमा फोहरको उचित व्यवस्थापन | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | ० | ० | ० | २५० |
| १० | बालबालिकाहरूलाई जुकाको औसधी, भिटामिन र आइरन चक्कीको व्यवस्था | पटक | १२० | १२० | १२० | १२० | १२० | ६०० | ० | ० | ० | ६०० |
| ११ | विद्यालयलाई सरसफाइका सामग्रीहरू उपलब्ध | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | ० | ० | २५० | ० |
| १२ | बाल मैत्री धारा निर्माण | पटक | ० | ९०० | ६०० | ९०० | ३०० | २७०० | ० | २७०० | ० | ० |

| क्र सं | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ बर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| १३ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | पटक | ० | ३० | ३० | ३० | ३० | १२० | ० | ० | १२० | ० |
| १४ | विद्यालयमा स्वास्थ्य खाद्य सुरक्षा सफाइ तथा स्वच्छता पोषण र किशोरीहरुका लागि महिनावारी स्वच्छता सम्बन्धी शिक्षा | पटक | ० | ५० | ५० | ५० | ५० | २०० | ० | ० | २०० | ० |
| १५ | सेनिटरी प्याडको सहि विसर्जन तथा व्यवस्थापनका लागि डिस्पोजल विनको व्यवस्था | संख्या | ० | २५० | ० | २५० | ० | ५०० | ० | ० | ० | ५०० |
| १६ | दिवाखाजा सेनिटरी प्याडको व्यवस्थापन तथा प्रयोग तथा विद्यालय सरसफाइ तथा स्वच्छता सम्बन्धमा अनुगमन तथा सुपरीवेक्षण | पटक | २० | २० | २० | २० | २० | १०० | ० | ० | १०० | ० |

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यनीकरण तथा उत्थानशीलता

### ४.५.१ परिचय

नेपाल सरकारले युद्ध, द्वन्द्व, महामारी वा प्राकृतिक प्रकोपजस्ता आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाहरूको शिक्षा प्राप्त गर्ने हक सुरक्षित गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। आपतकालीन अवस्थामा दिइने शिक्षाको मुख्य लक्ष्य विभिन्न कारणले उत्पन्न सङ्कटकालीन अवस्थामा बालबालिकालगायत परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित सङ्कटको व्यवस्थापन, सामाजिक द्वन्द्व तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो। भूकम्प, बाढीपहिरो, हावाहुरी, हिमपात, हिमपहिरो, आगलागी, चट्याङ, खडेरी, अति चिसो र तातो वातावरणमा सुरक्षा तथा सिकाइको निरन्तरता।

यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको प्रतिकार्य गर्ने र आपत्कालपश्चात् क्षतिको पुनर्लाभ गर्ने कार्यढाँचा समेटिने गरिन्छ।

### ४.५.२ वर्तमान अवस्था

राष्ट्रिय शिक्षा नीति, २०७६ ले विपद्को पूर्वतयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्लाभसम्बन्धी कार्यक्रमलाई विद्यालय सुधार कार्यक्रममा राख्ने कुरा उल्लेख गरेको छ। सुरक्षित सिकाइ वातावरणका लागि भौतिक तथा मानवीय प्रतिकार्यको व्यवस्थापन एवम् कार्यान्वयनका मापदण्ड तयार गर्ने, सरोकारवालाहरूलाई विपद् व्यवस्थापनसम्बन्धी सैद्धान्तिक एवम् व्यवहारिक ज्ञान दिई विद्यालयमा हुन सक्ने हेपाइ, हिंसा, असुरक्षा, भय, त्रास, गाली-बेइज्जती, विभेदलागयतका गैरसंरचनात्मक विपद् तथा जोखिमहरूको न्यूनीकरणका लागि विद्यार्थी, शिक्षक र समुदायका सदस्यहरूको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्दै विद्यालयहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री तथा सुरक्षित, हिंसारहित र भयरहित सिकाइ केन्द्रका रूपमा विकास गरिने उल्लेख गरिएको छ।

कोभिड-१९ का कारण विद्यालय शिक्षामा सिर्जना भएका चुनौतीहरूमा बालबालिकाको सिकाइ क्षतिलाई कम गर्ने, शिक्षकहरूको अभिप्रेरणा र प्रतिबद्धतालाई कायम राख्ने, विभिन्न समूहका लागि उपयुक्त वैकल्पिक सिकाइका माध्यमहरू प्रयोग गरी सिकाइलाई निरन्तरता दिने र सबै तहमा विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक क्षमता विकास गर्ने प्रमुख रहेका छन् । कोभिड-१९ बाट भएको क्षतिलाई कम गर्न, क्षतिको आपूरण गर्न र शिक्षण सिकाइलाई निरन्तरता दिन शिक्षा क्षेत्रमा कोभिड-१९ को प्रभाव तथा यसबाट भएको सिकाइ क्षतिको लेखाजोखा गरी आपूरणको योजना निर्माण तथा कार्यान्वयन आवश्यक छ।

यस पालिकामा प्रमूखरूपमा हिमपात, बाढी, सुख्खा हावा र खडेरी लगायतका विषयहरु बढी जोखिमपूर्ण रहेको छ।

यसमा देखिएका प्रमुख चुनौतिहरूमा आपत्कालीन अवस्थामा दिइने शिक्षालाई अन्तर सम्बन्धित विषयका रूपमा वा छुट्टै विधाका रूपमा सम्बोधन गर्ने, यसका लागि छुट्टै योजना बनाउने वा योजनाको हरेक अवयवमा समावेश गर्ने, यस योजनामा प्राकृतिक प्रकोप मात्र सीमित हुने वा महामारी तथा सामाजिक तथा राजनीतिक द्वन्द्वले सिर्जना गर्ने अवरोधको समेत सावधानी अपनाउने, योजनालाई अल्पकालीन बनाउने वा दीर्घकालीन बनाउने भन्ने विषय रहेका छन्। शिक्षा क्षेत्रमा कोभिड-१९ ले पारेको प्रभाव कम गर्न, क्षतिको आपूरण गर्न र सोका लागि योजनाको निर्माण गर्ने विषय चुनौती रहेको छ।

यस गाउँपालिकामा विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता कार्यक्रम सञ्चालनका मुख्य चुनौती र समस्याहरू निम्नानुसार रहेका छन् ।

१. आपत्कालीन अवस्थामा शिक्षा (**Education in Emergency - EIE**) लाई अन्तर सम्बन्धित विषयको रूपमा अलग्गै विधाका हिसाबले सम्बोधन गर्न
२. यस विषयलाई छुट्टै योजना बनाउने कि योजनाको हरेक अङ्गमा यस विषयलाई सम्बोधन गर्न ।

३. आपत्कालीन अवस्था अन्तर्गत पर्ने प्राकृतिक प्रकोप तथा अन्य सामाजिक सांस्कृतिक कारणबाट उत्पन्न हुने सबै खालका क्रियाकलापहरूलाई एकीकृत रूपमा सम्बोधन गर्न ।

४. अनुमान गर्नै नसकिने (Unpredictable) घटनाहरूलाई पनि यथोचित रूपमा योजनामा सम्बोधन गर्ने

५. अत्यधिक हिमपात हुने भएका करणले चिसो समयमा बालबालिकाहरूको सिकाइ निरन्तरता दिन

६. योजनामा आपत्कालीन अवस्थामा शिक्षालाई तात्कालिक र दीर्घकालीन गरी दुवै रूपमा सम्बोधन गर्न ।

७. सङ्कटकालीन अवस्थाको शिक्षाका बारेमा योजना बनाउँदा सम्बन्धित सरोकारवाला पक्षलाई सहभागी गराई यथार्थपरक र वास्तविक बनाउन ।

### ४.५.३ उद्देश्य

यस योजनाले विद्यालय सुरक्षा, विपत् न्यनीकरण तथा उत्थानशीलता कार्यक्रमका निम्नलिखित उद्देश्यहरू लिएको छ :

१. विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु
२. सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु ।
३. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु

### ४.५.४ रणनीति

योजनाका उद्देश्यहरू प्राप्त गर्न निम्नलिखित रणनीतिहरू अबलम्बन गरिनेछ :

१. विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापनासम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार गरिनेछ ।
२. सम्भावित प्रकोप तथा विपत्सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी गरिनेछ ।
३. कोभिड- १९ लगायतका महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक पूर्व तयारी गरिनेछ ।
४. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयारी गरिनेछ ।
५. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गरिने छ ।
६. विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्न विद्यालयको क्षमता विकास गरिने छ ।
७. स्थानीय स्तरमा शिक्षा समूह (Education Cluster) निर्माण तथा परिचालन गरिनेछ ।
८. शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गरिने छ ।
९. विपत् व्यवस्थापनका लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गरिनेछ ।
१०. हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गरिनेछ ।

### ४.५.५ प्रमुख उपलब्धी तथा नतिजा

**क) उपलब्धी**

१. विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुनेछ।
२. सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ ।
३. आपतकालिन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ ।

**ख) नतिजा र परिमाणात्मक लक्ष्यः**

यस योजनाको कार्यान्वयनबाट विद्यालय सुरक्षा, विपत् न्यनीकरण तथा उत्थानशीलतामा निम्नलिखित मुख्य नतिजा हासिल हुने छनः

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सिपसहित कोभिड जस्ता महामारी तथा विपत् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सङ्ख्या | १ | १ | १ | १ | १ | १ |
| २ | हरित विद्यालय सङ्ख्या | ० | ० | ९ | ९ | ९ | ९ |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | ० | १ | १ | १ | १ | १ |
| ४ | विपद वा संकटहरुको पूर्वानुमान तथा त्यसको मात्रा वा संकटासन्नता (Vulnerability) को संख्या | ० | ९ | ९ | ९ | ९ | ९ |
| ५ | विद्यालय शान्ति क्षेत्र कार्यान्वयन गर्ने विद्यालयको संख्या | ९ | ९ | ९ | ९ | ९ | ९ |

### ४.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

यस योजनाको प्रमुख उपलब्धी तथा नतिजा प्राप्ति गर्नको लागि निम्नलिखित प्रमुख क्रियापलाक र वार्षिक लक्ष्य अनुसार योजना कार्यान्वयन हुनेछ ।

| क्रस | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ( ५ बर्षको) | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | विपत् तथा प्रकोप व्यवस्थापन नीति पुनरवलोकन तथा निर्माण | पटक | ० | १ | ० | १ | ० | २ |
| २ | स्थानीय तह र विद्यालयको क्षमता विकास | पटक | ० | १ | ० | १ | ० | ३ |
| ३ | विपत् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताका लागि सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १० |
| ४ | शिक्षक तथा विव्यस तालिम | पटक | १ | १ | १ | १ | १ | १० |
| ५ | विद्यार्थीका लागि स्वास्थ्य तथा मनोवैज्ञानिक परामर्श सेवा उपलब्धता। | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ६ | विपद वा संकटहरुको पूर्वानुमान तथा त्यसको मात्रा वा संकटासन्नता (Vulnerability) अवस्थाको मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | १० |
| ७ | विद्यालयहरुमा विपद प्रतिरोधी भौतिक संरचना (**DRR resilient Schools)** निर्माण | पटक | ० | १ | ० | १ | ० | ४ |
| ८ | विपदका बेला आवश्यक पर्ने यन्त्र उपकरण औषधी खाद्यान्न पोशाक तथा अन्य राहत सामग्री (Relief materials) खरीद तथा प्रबन्ध | पटक | १ | १ | १ | १ | १ | ५ |
| ९ | विद्यालय शान्ति क्षेत्र (**School as a peace zone**) अवधारणा र समाजको दायित्व सम्बन्धी गोष्ठी | पटक | १ | १ | १ | १ | १ | १ |
| १० | हरित सफा शान्त र सुरक्षित (Green, Clean, Peace and safe schools)प्रबर्द्धन अभियान सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १० |
| ११ | निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्यसमूह (Self-learning action group) निर्माण र परिचालन | पटक | १ | १ | १ | १ | १ | १० |

### ४.५.७ लगानी र स्रोत व्यवस्थापन

विद्यालय सुरक्षा, विपत् न्यनीकरण तथा उत्थानशीलताका लागि योजना अवधिभरमा प्रस्ताव गरिएका कार्यक्रमहरुको कार्यान्वयनका लागि योजनमा विशेष गरी संघीय, प्रदेश तथा स्थानीय सरकारहरुलाई जिम्मेवार र जवाफदेही बनाइएको छ ।सो बमोजिमको दायित्व निर्वाह गर्नेगरी देहाय बमोजिम लगानी तथा स्रोतको अनुमान एवं प्रक्षेपण गरिएको छ ।

| क सं | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ बर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| १ | विपत् तथा प्रकोप व्यवस्थापन नीति पुनरवलोकन तथा निर्माण | पटक | ० | ८० | ० | ८० | ० | १६० | ० | ० | १६० | ० |
| २ | स्थानीय तह र विद्यालयको क्षमता विकास | पटक | ० | १५० | ० | १५० | ० | ३०० | ० | ० | ३०० | ० |
| ३ | विपत् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताका लागि सचेतना कार्यक्रम | पटक | १५० | १५० | १५० | १५० | १५० | ७५० | ० | ० | ७५० | ० |
| ४ | शिक्षक तथा विव्यस तालिम | पटक | १२० | १२० | १२० | १२० | १२० | ६०० | ० | ० | ० | ६०० |
| ५ | विपद वा संकटहरुको पूर्वानुमान तथा त्यसको मात्रा वा संकटासन्नता (Vulnerability) अवस्थाको मूल्याङ्कन | पटक | ९० | ९० | ९० | ९० | ९० | ४५० | ४५० | ० | ० | ० |
| ६ | विपदका बेला आवश्यक पर्ने यन्त्र उपकरण औषधी खाद्यान्न पोशाक तथा अन्य राहत सामग्री (Relief materials) खरीद तथा प्रबन्ध | पटक | २३० | २३० | २३० | २३० | २३० | ११५० | ० | ११५० | ० | ० |
| ७ | विद्यालय शान्ति क्षेत्र (School as a peace zone) अवधारणा र समाजको दायित्व सम्बन्धी गोष्ठी | पटक | ० | ५० | ० | ५० | ० | १०० | ० | ० | १०० | ० |
| ८ | निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्यसमूह (Self -learning action group) निर्माण र परिचालन | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | ० | ० | ० | २५० |
| ९ | शिक्षकलाई सामजिक मनोविमर्श तालिम | पटक | २५० | २५० | २५० | २५० | २५० | १२५० | ० | ० | १२५० | ० |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

विद्यालय सञ्चालनका लागि नभइ नहुने एउटा महत्वपूर्ण पक्ष भौतिक पूर्वाधार हो । बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय पढ्नका लागि कक्षाकोठा खेल्नका लागि खेलमैदान शौचका लागि शौचालय सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । एक विद्यार्थीका लागि सुविधाजनक रुपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत र माध्यमिक तहका लागि प्रति विद्यार्थी १.० वर्ग मिटर बराबरको क्षेत्रफल मापदण्ड शिक्षा नियमावलीमा उल्लेख गरिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरुमा भवन कक्षाकोठा फर्निचर प्रयोगशाला शौचालय पानी पुस्तकालय बुककर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने विद्यालय भवन लगायत संपुर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री हरित विद्यालयको रुपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरिएको छ । यस खण्डमा विद्यालयको भौतिक पूर्वाधारको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरु पहिचान गरी आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य रणनीति लक्ष्य नतिजा र प्रमुख क्रियाकलापहरु तर्जुमा गरी कार्यान्वयन गर्ने प्रयास गरिएको छ ।

### ४.६.२ वर्तमान अवस्था

हाल मनाङ ङिस्याङ गाउँपालिकामा सामुदायिक ९ र संस्थागत १ गरी कूल १० विद्यालयहरु सञ्चालनमा रहेका छन् । संस्थागत विद्यालयको भौतिक पूर्वाधार निर्माण तथा सुधारको जिम्मेवारी विद्यालय सञ्चालकको नै हुन्छ । सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्ने दायित्व नेपाल सरकार र समुदायको हुने गर्दछ । यस गाउँपालिकाका सामुदायिक विद्यालयहरु मध्ये अधिकाँश विद्यालयहरुको भौतिक पुर्वाधार मध्यम स्तरको रहेका छन् । विद्यालयका भवनहरु मिश्रित प्रकारका रहेका छन् । केही विद्यालय भवन माटोको गाह्रो लगाई काठ तथा जस्तापाताले छाएका छन् भने कतिपय ट्रस भवन रहेका छन् । आधारभूत तहमा अधिकांश विद्यालयमा माटोको गाह्रो र जस्तापाताको छाना तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेको डिजाइन बमोजिम ट्रसको भवन रहेका छन् भने माध्यमिक तहमा अधिकाँश विद्यालयहरुमा आर सि सी ढलान गरेका पक्की भवनहरु रहेका छन् ।माध्यमिक तहमा पनि सबै आधारभूत पूर्वाधारका लागि पर्याप्त कक्षाकोठाहरु छैनन् । प्रधानाध्यपक र शिक्षक स्टाफ रुम संयुक्त रुपमा रहेका छन् । अधिकांश विद्यालयहरुमा विज्ञान प्रयोगशाला सूचना प्रविधि प्रयोगशाला पुस्तकालय वाचनालय आदिका लागि अलग्गै कोठाको अभाव रहेको छ । यस गाउँपालिकाका सामुदायिक विद्यालयहरुमा पर्याप्त मात्रामा कक्षाकोठाहरु रहेता पनि प्रयाप्त मात्रामा फर्निचर, र वसाइ व्यवस्थापनको अभाव रहेको देखिन्छ । अधिकांश विद्यालयहरुमा खेलमैदान, चमेनागृह र सभाहल रहेका छैनन् । शौचालय भने अधिकांश विद्यालयहरुमा रहेका छन् । केही विद्यालयहरुमा पानीको अभाव देखिन्छ भने शौचालयमा सेनिटरी प्याड लगायतका फोहर डिस्पोज गर्ने संरचना बनेको देखिदैन । यस गाउँपालिकाका विद्यालयको भौतिक पूर्वाधारको अवस्था यसप्रकार रहेको छ ।

| क्र सं | कार्यक्रम | आवश्यक संख्या | हाल उपलब्ध | थप आवश्यक | कैफियत |
|---|---|---|---|---|---|
| १ | विद्यालय भवन | २५ | २० | ५ | |
| २ | कक्षाकोठा | ६३ | ६३ | ० | थप कक्षा कोठा आवाश्यक नभएता पनि मर्मत सम्भार गर्नु पर्ने |
| ३ | फर्निचर | | | ५० सेट | बालबालिकाको उमेर सुहाउदो फर्निचर व्यवस्थापन गर्नु पर्ने |
| ४ | विज्ञान प्रयोगशाला | १ | १ | १ | |
| ५ | सूचना प्रविधि प्रयोशाला | १ | १ | १ | |
| ६ | पुस्तकालय तथा वाचनालय | ९ | १ | ८ | |
| ७ | खेलमैदान | ९ | ९ | ० | |
| ८ | चमेनागृह | ९ | ० | ९ | |
| ९ | सभाहल | १ | ० | १ | |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | वास सुविधा सहितको शौचालय | ९ | ९ | ९ | |
| ११ | खानेपानी | ९ | ७ | २ | |
| १२ | कम्पाउण्ड वाल (घेरावार) | ९ | ८ | १ | |
| १३ | इन्टरनेट | १० | १० | ० | |

यस गाउँपालिकामा विद्यालयको भौतिक पुर्वाधारक समस्या तथा चुनौतीहरू देहाय बमोजिम रहेका छनः

- संरचना निर्माण गर्दा त्यसमा प्रयोग हुने स्थानीय, गुणस्तरीय र मितव्ययी हुने अवस्थालाई सुनिश्चितता गर्न
- एउटै खालको संरचनाका लागि गरिने लगत इष्टिमेट र दररेटमा एकरुपता कायम गर्न ।
- आवश्यक स्रोतको व्यवस्थापन गर्न ।
- हरेक पुर्वाधारहरु अपाङ्गतामैत्री र बालमैत्री बनाउनु ।
- विद्यालयको वातावरण सुरक्षित बालमैत्री र सिकाइयोग्य बनाउन ।
- बाल विकास र शिक्षामा खाने पानी र शौचालयको व्यवस्थापन गर्न
- शिक्षालयका भौतिक पूर्वाधार संरचना भुकम्प प्रतिरोधी बनाउन ।

## ४.६.३ उद्देश्य

यस योजनाले विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रमका निम्नलिखित उद्देश्यहरू लिएको छ :

१. विद्यालय शिक्षा पूर्वाधारका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु।
२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधाहरू सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत सम्भार तथा सबलीकरण गर्नु।

## ४.६.४ रणनीति

योजनाका उद्देश्यहरू प्राप्त गर्न निम्नलिखित रणनीतिहरू अबलम्बन गरिनेछ :

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गरिनेछ
२. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गरिनेछ ।
३. विद्यालय पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गरिनेछ ।
४. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुननिर्माण एवम् मर्मत सम्भार गरिनेछ ।
५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।
६. भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकारबिच समन्वय कायम गरी एकद्वार प्रणालीको अपनाईनेछ ।
७. विद्यालय भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय, सरकारी एवम् गैरसरकारी तथा समुदायमा आधारित सङ्घसंस्थाको परिचालन गरी साझेदारीमा निर्माण कार्य गरिनेछ ।
८. विद्यालयका भवनहरु निर्माण गर्दा शिक्षक आवास सहित चिसोमा ताल सञ्चित हुने भवनहरूको निर्माण गर्ने आवश्यक प्रबन्ध गरिनेछ ।
९. कक्षाकोठालाई न्यानो बनाउनको लागि आवश्यक पूर्वाधारको व्यवस्थाप गरिनेछ ।

### ४.६.५ प्रमुख उपलब्धी तथा नतिजा

**क) उपलब्धी**

१. सबै विद्यालयहरूमा बालमैत्री, अपाङ्गतामैत्री, प्रकोप उत्थानशील तथा सुरक्षित वातावरणसहित भौतिक पूर्वाधार भएको हुने।

**ख) नतिजा र परिमाणात्मक लक्ष्य**

यस योजनाको कार्यान्वयनबाट विद्यालय भौतिक पूर्वाधार विकासमा निम्नलिखित मुख्य नतिजा हासिल हुने छनः

| क्रस | सूचकहरू | आधार वर्ष २०८१/२०८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ९ |
| २ | सबलीकरण भएका कक्षाकोठा सङ्ख्या | | २० | २० | २० | २० | २० |
| ३ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य भएका विद्यालय सङ्ख्या | १ | ९ | ९ | ९ | ९ | ९ |

### ४.६.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

यस योजनाको प्रमुख उपलब्धी तथा नतिजा प्राप्ति गर्नको लागि निम्नलिखित प्रमुख क्रियापलाक र वार्षिक लक्ष्य अनुसार योजना कार्यान्वयन हुनेछ ।

| क सं | कार्यक्रमहरू | एकाइ | भौतिक लक्ष्य ( ५ बर्षको) | | | | | | भौतिक लक्ष्य ( १० बर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ वर्षको जम्मा | |
| १ | विद्यालयका भवन मर्मत सम्भार | संख्या | ० | १ | २ | ४ | २ | ९ | ९ |
| २ | नया विद्यालय भवन निर्माण | संख्या | ० | १ | १ | २ | १ | ५ | ५ |
| ३ | विद्यालयलाई फर्निचरको व्यस्थापन | सेट | ० | १० | १० | १० | २० | ५० | १०० |
| ४ | अपाङ्ता मैत्री संरचना निर्माण | पटक | ० | ३ | २ | २ | २ | ९ | ९ |
| ५ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षासम्बन्धी रुजुसूची भर्ने | पटक | ० | १ | १ | १ | १ | ४ | ५ |
| ६ | सभाहल निर्माण | सख्या | ० | ० | ० | ० | १ | १ | २ |
| ७ | कक्षा कोठामा हिटरको व्यवस्था( न्यानो कक्षा कोठा) | सख्या | ० | ० | २ | ३ | ४ | ९ | ९ |
| ८ | बाल मैत्री खानेपानी | पटक | १ | १ | ० | ० | ० | २ | ५ |
| ९ | खेल मैदान निर्माण तथा मर्मत | संख्या | ० | ० | १ | ० | ० | १ | २ |
| १० | विद्यालयमा सोलार | पटक | ० | १ | ० | १ | १ | ३ | ४ |
| ११ | चमेना गृह निर्माण | सख्या | ० | ३ | १ | १ | ४ | ९ | ९ |
| १२ | विद्यालयको सुरक्षित घेरावार | सख्या | ० | ० | ० | १ | ० | १ | २ |

### ४.६.७ लगानी र स्रोत व्यवस्थापन

विद्यालय भौतिक पूर्वाधार विकासका लागि योजना अवधिभरमा प्रस्ताव गरिएका कार्यक्रमहरुको कार्यान्वयनका लागि योजनमा विशेष गरी संघीय, प्रदेश तथा स्थानीय सरकारहरुलाई जिम्मेवार र जवाफदेही बनाइएको छ ।सो बमोजिमको दायित्व निर्वाह गर्नेगरी देहाय बमोजिम लगानी तथा स्रोतको अनुमान एवं प्रक्षेपण गरिएको छ ।

| क्र सं | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ बर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| १ | विद्यालयका भवन मर्मत सम्भार | संख्या | ० | ५०० | १००० | २००० | १००० | ४५०० | ० | ० | ४५०० | ० |
| २ | नया विद्यालय भवन निर्माण | संख्या | ० | ३५०० | ३५०० | ७००० | ३५०० | १७५०० | | १७५०० | ० | ० |
| ३ | विद्यालयलाई फर्निचरको व्यस्थापन | सेट | ० | २५० | २५० | २५० | ५०० | १२५० | १२५० | ० | ० | ० |
| ४ | अपाङ्ता मैत्री संरचना निर्माण | पटक | ० | ७५० | ५०० | ५०० | ५०० | २२५० | ० | ० | ० | २२५० |
| ५ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षासम्बन्धी रुजुसूची भर्ने | पटक | ० | ३० | ३० | ३० | ३० | १२० | ० | ० | १२० | ० |
| ६ | सभाहल निर्मा‍ण | सख्या | ० | ० | ० | ० | २००० | २००० | ० | २००० | ० | ० |
| ७ | कक्षा कोठामा हिटरको व्यवस्था( न्यानो कक्षा कोठा) | सख्या | ० | ० | २००० | ३००० | ४००० | ९००० | ० | ० | ४५०० | ४५०० |
| ८ | बाल मैत्री खानेपानी | पटक | ५०० | ५०० | ० | ० | ० | १००० | 0 | 0 | १००० | 0 |
| ९ | खेल मैदान निर्माण तथा मर्मत | संख्या | ० | ० | ३०० | ० | ० | ३०० | 0 | ३०० | 0 | 0 |
| १० | विद्यालयमा सोलार | पटक | ० | १००० | ० | १००० | १००० | ३००० | 0 | 0 | 0 | ३००० |
| ११ | चमेना गृह निर्माण | सख्या | ० | ९०० | ३०० | ३०० | १२०० | २७०० | 0 | १३५० | १३५० | ० |
| १२ | विद्यालयको सुरक्षित घेरावार | सख्या | ० | ० | ० | ४०० | ० | ४०० | 0 | 0 | ४०० | ० |

## ४.७ शिक्षामा सूचाना तथा प्रविधि

### ४.७.१ परिचय

नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकलाई आफनो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुने छ भनी मौलिक हकमा उल्लेख गरेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुऱ्याउनु पर्दछ । त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुऱ्याउने विषयमा नीति निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ । डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षासम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधिसम्बन्धी साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ । नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीतिहरू उल्लेख गरिएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षणसंस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुऱ्याउने, तालिम, शिक्षणसिकाइ तथा व्यवस्थपनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना २०१३–२०१७ ले १० हजार विद्यालयमा शिक्षणसकाइका लागि इनटरनेट कनेक्टिभिटीसहित सूचना प्रविधका संरचनाका विकास तथा प्रयोग गर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषय पाठ्यक्रम समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल सामग्री आदानप्रदान गर्ने प्लेटफर्म बनाउने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषयवस्तु पाठ्यक्रममा समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज गर्ने, स्रोतकेन्द्रलाई सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरिएका थिए ।

### ४.७.२ वर्तमान अवस्था

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगसम्बन्धी कतिपय नीति तथा कार्यक्रमहरू सञ्चालन गरिएका छन्। विद्युत र कम्प्युटरमा पहुँच, इन्टरनेट कनेक्टिभिटी, डिजिटल सिकाइ सामग्रीको विकास तथा ती सामग्रीमा पहुँच, शिक्षकको क्षमता समेतका मानव संशाधनको विकास र शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिसहित सूचना तथा सञ्चार प्रविधिको संरचनामा केही प्रगति भएको भए तापनि सुधारहरू आवश्यक छन्।

विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधारको विकासमा वर्षैपिच्छे सुधार हुँदै गएको र धेरैजसो माध्यमिक विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार भए तापनि यी सुविधाहरू पर्याप्त छैनन् र ज्यादै कम विद्यालयले मात्र शिक्षण सिकाइमा प्रयोग गर्ने गरेका छन्। कतिपय विद्यालयहरूले विभिन्न व्यक्ति तथा सङ्घसंस्थाबाट पनि यस्ता सूचना तथा सञ्चार प्रविधिसम्बन्धी उपकरण प्राप्त गर्ने गरेका छन्।

शैक्षिक तथ्याङ्क २०८० को प्रतिवेदन अनुसार यस पालिकामा सञ्चालित १० वटा विद्यालयमध्ये १० विद्यालयमा विद्युत सुविधा पुगेको छ । १ विद्यालयमा कम्प्युटर ल्यावको व्यवस्था रहेको छ भने १० विद्यालयमा इन्टरनेट जडान गरिएको छ । इन्टरनेट जडान सहित कम्प्युटर ल्याव स्थापना भएका विद्यालयमा डिजिटल सिकाइ सामग्रीको व्यवस्था, कम्प्युटर सम्बन्धी ज्ञान भएका शिक्षकहरुको कमी तथा शिक्षण सिकाइमा प्रविधिको प्रयोगको अवस्था कमजोर रहेको छ । सबै शिक्षकहरुलाई कम्प्युटर सम्बन्धी ज्ञान, सीप प्रदान गर्नु, नियमित विद्युत आपूर्ति तथा कक्षाकोठामा प्रविधिको प्रयोगलाई प्रभावकारी बनाउने कार्य चुनौतीपूर्ण

रहेको छ ।

१. सबै विद्यालयहरूमा भरपर्दो इन्टरनेटको व्यवस्था गर्न
२. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगका लागि डिजिटल ल्याब तथा डिजिटल पुस्तकालय सहितको एकीकृत प्रणालीको विकास गर्न
३. सबै विद्यालयहरूमा प्रविधि सम्बन्धी उपकरणको व्यवस्था तथा जनशक्तिको क्षमता विकास गर्न
४. प्रत्येक कक्षामा सूचना प्रविधिको प्रयोग गरी कक्षा शिक्षणलाई थप प्रभावकारी अर्थपूर्ण र दिगो बनाउन
५. शिक्षाको सेवा प्रवाह तथा व्यवस्थापनमा प्रविधिमैत्री सुशासन (E-governance) को प्रयोगलाई सहज बनाउन
६. आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा पनि सूचना प्रविधिको प्रयोगबाट सहज रूपमा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन।
७. पालिका स्तरीय परीक्षा तथा अन्य विद्यालय स्तरीय परीक्षा तथा मूल्याङ्कन प्रणालीलाई प्रविधिमैत्री र सहज बनाउन,

### ४.७.३ उद्देश्य

यस योजनाले शिक्षामा सुचना तथा प्रविधि कार्यक्रमका निम्नलिखित उद्देश्यहरू लिएको छ :

८. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुऱ्याउनु
९. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु

### ४.७.४ रणनीति

योजनाका उद्देश्यहरू प्राप्त गर्न निम्नलिखित रणनीतिहरू अबलम्बन गरिनेछ :

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिनेछ ।
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्बन्धमा सबै शिक्षकको क्षमता अभिवृद्धि गरिनेछ ।
३. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग गरिनेछ ।
४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरीनेछ ।
५. शैक्षिक स्रोत सामग्रीमा इन्टरनेटको सुविधामार्फत विद्यालय, शिक्षक र विद्यार्थीको पहुँच विस्तार गरिनेछ ।
६. कम्प्युटर लाइब्रेरी तथा डिजिटल पुस्तकालयको माध्यमबाट दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृश्य तथा श्रव्य सामग्रीको उचित प्रबन्ध र प्रयोग गरिनेछ ।
७. सिकाइलाई प्रविधिमैत्री बनाईनेछ , जसका लागि शिक्षकको क्षमता विकास र आवश्यक सुचाना प्रविधिका उपकारण उपलब्ध गर्ने प्रबन्ध गरिनेछ ।
८. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरिनेछ ।
९. EMIS लाई थप व्यवस्थित र भरपर्दो बनाई यसको प्रयोग गर्न क्षमता विकास गरिनेछ ।

### ४.७.५ प्रमुख उपलब्धी तथा नतिजा

**क) उपलब्धी**

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढङ्गबाट सिकाइमा सहजीकरण भएको हुनेछ ।
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

**ख) नतिजा र परिमाणात्मक लक्ष्य**

यस योजनाको कार्यान्वयनबाट शिक्षामा सुचना तथा प्रविधिमा निम्नलिखित मुख्य नतिजा हासिल हुने छन:

| कस | सूचक | आधार वर्ष २०८/८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|

| क्रस | सूचक | आधार वर्ष २०८/८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | ९ | ९ | ९ | ९ | ९ | ९ |
| २ | शिक्षण सिकाइ क्रियाकलापमा कम्प्युटर प्रविधिको उपयोग भएका विद्यालयको सङ्ख्या | १ | १ | १ | १ | १ | १ |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्य सामग्री प्रयोग गर्ने विद्यालयको सङ्ख्या | ० | १ | १ | १ | १ | १ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालयको सङ्ख्या | २ | २ | ९ | ९ | ९ | ९ |
| ५ | विद्युत्को पहुँच पुगेका विद्यालयको सङ्ख्या | ९ | ९ | ९ | ९ | ९ | ९ |

### ४.७.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

यस योजनाको प्रमुख उपलब्धी तथा नतिजा प्राप्ति गर्नको लागि निम्नलिखित प्रमुख क्रियापलाक र वार्षिक लक्ष्य अनुसार योजना कार्यान्वयन हुनेछ ।

| क्र सं | कार्यक्रमहरू | एकाइ | भौतिक लक्ष्य ( ५वर्षको) | | | | | | भौतिक लक्ष्य ( १० बर्षे) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ वर्षको जम्मा | |
| १ | एक शिक्षक एक ल्यापटक कार्यक्रम | संख्या | ० | १५ | १५ | १५ | १५ | ६० | ६० |
| २ | सूचना प्रविधि सम्बन्धी उपकरण सञ्चालन सम्बन्धी क्षमता विकास तालिम | पटक | ० | १ | १ | १ | १ | ४ | ८ |
| ३ | विद्यालयमा कम्प्यूटर ल्याव स्थापना अनुदान | संख्या | ० | ० | ३ | ३ | ३ | ९ | ९ |
| ४ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ५ | विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | संख्या | ० | ० | १ | १ | १ | ३ | ६ |
| ६ | एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) प्रणालीको सुदृढीकरण र अद्याबधिक | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ७ | विद्यालयका लागि कम्प्युटर, प्रिन्टर, स्क्यानर र फोटोकपि मेशिन खरीद तथा वितरण | पटक | ० | ० | १ | १ | १ | ३ | ९ |
| ८ | शिक्षण सिकाइ क्रियाकलापका लागि प्रोजेक्टरको व्यव्स्था | संख्या | ० | ५ | १० | १० | १० | ३५ | ७० |

### ४.७.७ लगानी र स्रोत व्यवस्थापन

शिक्षामा सुचना र प्रविधिका लागि योजना अवधिभरमा प्रस्ताव गरिएका कार्यक्रमहरुको कार्यान्वयनका लागि योजनमा विशेष गरी संघीय, प्रदेश तथा स्थानीय सरकारहरुलाई जिम्मेवार र जवाफदेही बनाइएको छ ।सो बमोजिमको दायित्व निर्वाह गर्नेगरी देहाय बमोजिम लगानी तथा स्रोतको अनुमान एवं प्रक्षेपण गरिएको छ ।

| क सं | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ बर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| १ | एक शिक्षक एक ल्यापटक कार्यक्रम | संख्या | ० | १२०० | १२०० | १२०० | १२०० | ४८०० | ० | ४८०० | ० | ० |
| २ | सूचना प्रविधि सम्बन्धी उपकरण सञ्चालन सम्बन्धी क्षमता विकास तालिम | पटक | ० | १५० | १५० | १५० | १५० | ६०० | ० | ० | ६०० | ० |
| ३ | विद्यालयमा कम्प्यूटर ल्याव स्थापना अनुदान | संख्या | ० | ० | १२०० | १२०० | १२०० | ३६०० | ३६०० | ० | ० | ० |
| ४ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | पटक | १२ | १२ | १२ | १२ | १२ | ६० | ६० | ० | ० | ० |
| ५ | विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | संख्या | ० | ० | ३०० | ३०० | ३०० | ९०० | ० | ० | ९०० | ० |
| ६ | एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) प्रणालीको सुदृढीकरण र अद्यावधिक | पटक | १२ | १२ | १२ | १२ | १२ | ६० | ६० | ० | ० | ० |
| ७ | विद्यालयका लागि कम्प्युटर, प्रिन्टर, स्क्यानर र फोटोकपि मेशिन खरीद तथा वितरण | पटक | ० | ० | २५० | २५० | २५० | ७५० | ० | ० | ० | ७५० |
| ८ | शिक्षण सिकाइ क्रियाकलापका लागि प्रोजेक्टरको व्यव्स्था | संख्या | ० | ३५० | ७०० | ७०० | ७०० | २४५० | 0 | 0 | 0 | २४५० |

# परिच्छेद ५- सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्व, पारदर्शिता, जिम्मेवारी बोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रिया व्यवस्थित गरिनुपर्छ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ । नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यबस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापनअन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याकंन जस्ता क्षेत्र समावेश गरिएको छ । यस परिच्छेदमा समावेश गरिएका क्षेत्रलाई पनि अरु परिच्छेदमा जस्तैः परिचय, वर्तमान अवस्था, उद्देश्य, रणनीति, उपलब्धि, नतिजा र मुख्य क्रियाकलाप र लक्ष्य निर्धारण गरि सातओटा उपशीर्षकहरूमा विभाजन गरी विश्लेषण गरिएको छ ।

## ५.१ संस्थागत संरचना तथा क्षमता विकास

### ५.१.१ परिचय

विद्यालय शिक्षा प्रति दायित्वबोध गर्दैं नेपालमा बदलिँदो राजनैतिक विकासक्रम तथा नयाँ संबैधानिक व्यवस्था अनुरुप संघ प्रदेश र स्थानीय तहमा शिक्षाका विभिन्न संस्थागत संरचनाहरुको विकास गरिएको छ । संघीय तहमा नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । त्यसैगरी प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र स्थानीय तहहरुमा शिक्षा युवा तथा खेलकुद शाखा/ शैक्षिक प्रशासन महाशाखा रहेका छन् ।संघीय शिक्षा मन्त्रालयले राष्ट्रको शिक्षा सम्बन्धी समष्टिगत नीति निर्धारण शिक्षा सम्बन्धी मापदण्ड र स्तर निर्धारण संघीय योजनाको विकास अनुगमन तथा मूल्याङ्कन गर्नु मन्त्रालयको दायित्व रहेको छ ।मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र पाठ्यक्रम विकास कन्द्र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रुपमा राष्ट्रिय परीक्षा बोरुड र शिक्षक सेवा आयोग क्रियाशील रहेका छन् ।

नेपालको संविधान जारी भैसकेपछि पनि संघीय शिक्षा ऐन जारी हुन नसक्दा कतिपय संघीय नियमावली प्रादेशिक र स्थानीय तहका शिक्षा सम्बन्धी ऐन तथा नियमावलीहरु निर्माण गर्न कठिनाइ परिरहेको छ । संघीय निकायको रुपमा रहेका २९ वटा शैक्षिक तालिम केन्द्रहरुलाई ७ वटामा रुपान्तरण गरी प्रादेशिक शिक्षा तालिम केन्द्रका रुपमा विकास गरिएको छ । विगतका क्षेत्रीय शिक्षा निर्देशनालयहरु हाल प्रदेश अन्तर्गत रहने गरी शिक्षा विकास निर्देशनालयको रुपमा रुपान्तरण भएका छन् । हाल संघीय प्रादेशिक र स्थानीय तहका शिक्षा हेर्ने निकायहरुमा शिक्षा सेवाको कर्मचारीको व्यवस्थापन गरिएको छ । नगरपालिकाहरुमा शिक्षा सेवाको उपसचिव र गाउँपालिकाहरुमा शिक्षा अधिकृतको दरबन्दी सिर्जना गरी कामकाजका लागि खटाइएको अवस्था छ । संविधानमा माध्यमिक शिक्षा सम्मको संपूर्ण अधिकार स्थानीय सरकारलाई सुम्पिएपछि सोही बमोजिम जारी स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लेखित शिक्षा सम्बन्धी विभिन्न २३ वटा काम कानुनतः स्थानीय सरकारले नै गर्ने गरी व्यवस्था गरियो । त्यसैगरी संघीय कार्यालयको रुपमा हरेक जिल्लामा शिक्षा विकास तथा समन्वय इकाइको रुपमा एक एक वटा कार्यालय स्थापना गरियो । यसले विशेषतः संघीय तह र स्थानीय तहका बीचमा समन्वय सूचना प्रवाह लगायत सेतुको काम गरिरहेको छ ।यसले विशेषतः एस इ इ परीक्षा सञ्चालन एवं संयोजन, जिल्लान्तर सरुवा विद्यालय शिक्षक किताबखाना र संघीय तहका विभिन्न निकायले प्रत्यायोजन गरेका कामहरु गर्ने जिम्मेवारी दिइएको छ । प्रदेश सरकारले पनि

सामाजिक विकास मन्त्रालयको शाखा कार्यालयको रुपमा प्रत्येक जिल्लामा सामाजिक विकास कार्यालयको स्थापना गर्दा एकै प्रकृतिका विभिन्न कामको डुप्लिकेशन तथा प्रशासनिक र आर्थिक व्ययभार थपिएको देखिएको छ ।यसर्थ यसमा संघीय र प्रदेश सरकार बीच समन्वयको खाँचो रहेको छ ।

संघीय तहमा रहेको परीक्षा नियन्त्रण कार्यालय र उच्च माध्यमिक शिक्षा परिषद गाभिएर राष्ट्रिय परीक्षा बोर्ड गठन भएको छ । कक्षा १० को परीक्षा प्रादेशिक रुपमा लिने भनिएपनि सोको संरचना तथा जनशक्ति लगायत कुनै व्यवस्था गरिएको छैन ।कक्षा ११ र १२ का लागि प्रत्येक प्रदेशमा शाखा कार्यालयहरु स्थापना भई क्रियाशील रहेका छन् । कक्षा १० को एस इइ परीक्षा तथा कक्षा ११ र १२ को परीक्षाका लागि रजिष्ट्रेशन फर्म भर्दा वा परीक्षा सञ्चालन गर्दा स्थानीय तहसँग कुनै समन्वय तथा सहकार्य गर्ने गरेको पाइएको छैन । प्राविधिक धार सञ्चालन भएका विद्यालयका विद्यार्थीहरुको परीक्षाका लागि संघीय तथा प्रादेशिक रुपमा के कस्तो संरचना आवश्यक हुनुपर्छ भन्ने विषयको अझसम्म पनि टुङ्गो लागेको छैन जहाँसम्म कि यस्ता विद्यालयहरु पनि सि टी इ भि टी र र तत्कालिन शिक्षा विभागबाट सम्बन्ध लिई सञ्चालन भैरहेका छन् । यी दुबै निकायहरु शिक्षा मन्त्रालय अन्तर्गतकै हुन् तथापि यी बीचमा यथोचित समन्वय नहुँदा, पाठ्यक्रममा एकरुपता नआउँदा, विद्यालयलाई दिइने सेवा सुविधामा एकरुपता नहुँदा र अनुगमन तथा मूल्याङ्कनका आधारहरुमा समानता नदेखिदा समग्र शिक्षालयको सञ्चालन र स्तर निर्धारणमा व्यवहारिक समस्या देखिएका छन् । यसैगरी विगतमा शिक्षा मन्त्रालय अन्तर्गत कार्यरत शिक्षा सेवाका प्राविधिक कर्मचारीहरुलाई शिक्षकको पेशागत सहयोगका लागि खटाउनु पर्नेमा हाल प्रदेश र स्थानीय तहहरुमा प्रशासनिक कर्मचारीका रुपमा काममा खटाउँदा शिक्षकको पेशागत सहयोगको काम प्रभावकारी हुन सकिरहेको छैन । यसले गर्दा शिक्षण सिकाइ क्रियाकलापमा सुधारका लागि गरिने कक्षा अवलोकन पृष्ठपोषण शिक्षक तालिम लगायत क्षमता विकासका विषयहरु ओझेलमा परेको महशुस गरिएको छ । स्थानीय तहमा रहेका शिक्षा सेवाका जनशक्तिहरुबाट आवश्यकता र अनुकुलताका आधारमा विद्यालय अनुगमन तथा सुपरीवेक्षण हुँदै आएको छ । विद्यालयको कामकारवाहीको समग्र पक्षको निरीक्षण सुपरिवेक्षण गरी सबै हरहिसाब जाँचबुझ समेत गरी यसको पारदर्शिता जवाफदेहिता मितव्ययिताका साथ सुशासन कायम गर्न गराउनका लागि सालबसाली रुपमा सामाजिक परीक्षण (**Social Audit**) गराउनु पर्ने र यसैका आधारमा विद्यालयको वित्तीय लेखापरीक्षण गराउने व्यवस्था रहेको छ ।

### ५.२.२ वर्तमान अवस्था

स्थानीय सरकार सञ्चालन ऐन २०७५ ले शिक्षासम्बन्धी २३ वटा अधिकारहरु तोकेको छ। यी कार्यबाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय एकाइ राखिएको छ। प्रदेश सरकारहरूले प्रदेश स्तरका सेवा प्रवाह गर्न जिल्लास्तरमा कार्यालय स्थापना गर्ने क्रम सुरु गरेका छन्।

विद्यालय निरीक्षक र स्रोत व्यक्तिले प्रदान गर्दै आएका सेवा निरन्तर हुन नसकेकोले विद्यालयहरूमा सुपरिवेक्षण र शिक्षक पेसागत सहयोग पद्धतिको अभाव भएको अवस्था छ। यसका लागि यस विद्यालय शिक्षा क्षेत्र योजनाले वैकल्पिक शिक्षक पेसागत सहयोग तथा सुपरिवेक्षणका लागि अल्पकालीन तथा दीर्घकालीन संयन्त्र बनाउने प्रस्ताव गरेको छ।

सरकारका तीनै तहहरूबिच सहजीकरण र समन्वयका पक्षमा सुधार गरी विद्यार्थीको नतिजा प्रतिको जवाफदेहितामा सुधार गर्नु आवश्यक छ। प्रत्येक तहका सरकारले साझा लक्ष्य हासिल गर्न आ-आफ्ना भिन्न भिन्न विशेषता र क्षमतालाई सम्बोधन गर्ने किसिमको संस्थागत व्यवस्था, क्षमता विकास र सोअनुसार कार्यान्वयन गर्ने परिपाटी र संस्कृतिको विकास गर्नु आवश्यक छ।

साबिकका जिल्ला शिक्षा कार्यालयहरू शिक्षा विकास तथा समन्वय एकाइमा रुपान्तरण भएका छन्। यिनले सङ्घीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमातहत काम गर्छन्। स्थानीय तहमा शिक्षा शाखा रहने व्यवस्था छ। स्थानीय तहको शिक्षा शाखामा शिक्षा सेवाको कर्मचारीको दरबन्दी निर्धारण गरी पदस्थापन गरिएको छ। सङ्घीयताका सन्दर्भमा शिक्षा प्रशासन तथा व्यवस्थापनलाई प्रभावकारी, सक्षम तथा नतिजामुखी बनाउनका लागि वर्तमान संरचना, कार्य विभाजन तथा क्षमताको पुनरावलोकन गर्न आवश्यक छ।

यस गाउँपालिकाको शिक्षाका कार्यक्रमहरूलाई व्यवस्थित तथा प्रभावकारी बनाउनको लागि स्थानीय शिक्षा समितिको प्रभावकारी भुमिका हुने गर्दछ । तसर्थ यस गाउँपालिकामा शिक्षा समितिलाई पुर्णता दिन सकिरहेको छैन । वडा स्तरमा वडा शिक्षा समिति गठन हुन सकिरहेका छैनन् जसले गर्दा वडा स्तरमा शिक्षाको गतिविधि प्रभावकारी हुन सकिरहेका छैनन् विद्यालय

व्यवस्थापन समिति गठन भएता पनि प्रभावकारीरुपमा हुन सकिरहेका छैनन् । विद्यालयमा शिक्षक अभिभावक समिति गठन भएको देखिन्छ भने तर शिक्षक अभिभावक समिति क्रियाशिल भएको देखिदैन् । विद्यालय स्तरमा आवश्यक पर्ने विभिन्न समितिहरूको सञ्चालन हुन सकिरहेको देखिदैन । समुदाय र विद्यालय स्तरमा बाल समुह गठन हुन सकेको देखिदैन् ।

शिक्षाको कार्यक्रमलाई प्रभावकारी नियमन गर्नको लागि आवश्यक पर्ने विभिन्न ऐन नियम, निति, कार्यविधि, निर्देशिकाहरू तयार हुन नसक्दा शिक्षाका कार्यक्रमहरू प्रभावकारी हुन सकिरहेका छैनन् । शिक्षासंग सम्बन्धि विभिन्न ऐन, नियम, निति, निर्देशिका, कार्यविधीहरूको निर्माण गरि कार्यान्वयन गर्न आवश्यक देखिन्छ ।

विद्यालयको लेखा प्रणाली व्यवस्थित बनाउनको लागि केहि विद्यालयले विद्यालय लेखा प्रणाली ( School Accounting System) स्फटवयर मार्फत लेखा व्यसस्थापन गरेता पनि सबै विद्यालयले प्रभावकारीरुपमा गर्न सकिरहेका छैन् । विद्यालयको लेखा प्रणालीलाई सबै विद्यालयमा प्रभावकारी कार्यान्वयन गर्नु पर्ने देखिन्छ । विद्यालय स्तरमा हुने सामाजिक परिक्षणलाई व्यापक जन सहभागिता हुन सकिरहेको छैन। विद्यालयलाई सुरक्षित र संरक्षित बनाउनको लागि विद्यालय स्तरमा गुनासो सुनुवाई संयन्त्र स्थापना हुन सकिरहेको छैन । तसर्थ विद्यालय स्तरमा सामजिक परिक्षणलाई प्रभावकारी बनाउनको लागि व्यापक जनसहाभागिता गर्नु पर्ने देखिनछ भने विद्यालय स्तरमा गुनासो सुनुवाई संयन्त्रको स्थापना गरि कार्यन्वयन गर्नु पर्ने देखिन्छ ।

मनाङ डिस्याङ गाउँपालिकामा संस्थागत क्षमता विकासका समस्या तथा चुनौतीहरू निम्नानुसार रहेका छन् ।

- स्थानीय तहमा शिक्षाको संस्थागत संरचना स्पष्ट गर्न
- आवश्यकता अनुसार शैक्षिक जनशक्ति व्यवस्थापन गर्न,
- आवश्यक स्रोत साधनको व्यवस्था गर्न ,
- शिक्षामा आवश्यक पर्याप्त बजेटको व्यवस्था गर्न,
- शिक्षा सम्बन्धी अधिकार सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार भएको हुँदा कार्यसम्पादनमा गर्न
- शिक्षाको उचित व्यवस्थापन गर्नको लागि आवश्यक पर्ने ऐन, कानुन बनाउन ।
- स्थानिय शिक्षा समितिको पूर्णता दिई सक्रिय बनाउन,
- विद्यालय स्तरमा आवश्यक पर्ने विभिन्न समितिहरूलाई पुर्णता दिन।

## ५.२.३ उद्देश्य

यस योजनाले संस्थागत संरचना तथा क्षमता विकास कार्यक्रमका निम्नलिखित उद्देश्यहरू लिएको छ :

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु
२. जनशक्तिका लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु
३. आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु
४. समग्र शैक्षिक नतिजाप्रति जबाफदेही बनाउन विद्यालय व्यवस्थापनलाई सक्षम बनाउनु।

## ५.२.४ रणनीति

योजनाका उद्देश्यहरू प्राप्त गर्न निम्नलिखित रणनीतिहरू अबलम्बन गरिने छ :

१. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गरिने छ ।
२. संस्थागत संरचनाअनुसार जनशक्तिको व्यवस्था गरिनेछ ।
३. कार्यरत जनशक्तिको क्षमता विकास गरिने छ ।
४. गाउँपालिका हमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गरिने छ।
५. प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई थप जिम्मेवार बनाई क्षमता विकास गरिने छ ।
६. कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्यसम्पादन गर्न आवश्यक स्रोत साधनहरूको व्यवस्थापन गरिने छ ।
७. विद्यालयमा विद्युतिय हाजिरी व्यवस्थापन गरि कार्यान्वयन गरिने छ ।

## ५.२.५ प्रमुख उपलब्धी तथा नतिजा

### क) उपलब्धी

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुनेछ ।
२. संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुनेछ ।
३. आवश्यक स्रोत साधानको व्यवस्थापन भई प्रभावकारी रूपपा कार्यसम्पादन भएको हुनेछ ।

### ख) नतिजा र परिमाणात्मक लक्ष्य

यस योजनाको कार्यान्वयनबाट संस्थागत संरचना तथा क्षमता विकासमा निम्नलिखित मुख्य नतिजा हासिल हुने छनः

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | नेतृत्व तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | ० | ९ | ९ | ९ | ९ | ९ |
| २ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | ९ | ९ | ९ | ९ | ९ | ९ |
| ३ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | ९ | ९ | ९ | ९ | ९ | ९ |
| ४ | प्रचलित कानुनमा व्यवस्था भएबमोजिम प्रधानाध्यापक विद्यालय सङ्ख्या | ९ | ९ | ९ | ९ | ९ | ९ |
| ५ | विद्यालय अभिभावक शिक्षक समिति भएका विद्यालय संख्या | ९ | ९ | ९ | ९ | ९ | ९ |
| ६ | समयमै शैक्षिक तथ्याङ्क भर्ने विद्यालय संख्या | ९ | ९ | ९ | ९ | ९ | ९ |
| ७ | नियमितरूपमा लेखापरीक्षण तथा सामाजिक परीक्षण गर्ने विद्यालय संख्या | ९ | ९ | ९ | ९ | ९ | ९ |

## ५.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

यस योजनाको प्रमुख उपलब्धी तथा नतिजा प्राप्ति गर्नको लागि निम्नलिखित प्रमुख क्रियापलाक र वार्षिक लक्ष्य अनुसार योजना कार्यान्वयन हुनेछ ।

| क सं | कार्यक्रमहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्षको) | | | | | | भौतिक लक्ष्य ( १० बर्षे) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ वर्षको जम्मा | |
| १ | गाउँ शिक्ष ऐन, नियमावली | पटक | ० | १ | १ | ० | ० | २ | ४ |
| २ | शिक्षक सहायता प्रणालीको स्थापना र सहजीकरण | पटक | ० | १ | १ | १ | १ | ४ | ८ |
| ३ | IEMIS को अद्यावधिकीकरण र अभिलेख व्यवस्थापनका लागि अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | अनुगमन, सुपरीवेक्षण र पृष्ठपोषण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ५ | आवश्यक कानूनी प्रबन्ध तथा मापदण्ड विकास | पटक | ० | ० | १ | १ | ० | २ | ४ |
| ६ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ७ | बार्षिक शैक्षिक प्रतिवेदन तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ८ | कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ९ | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्यांकन गर्ने, गराउन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १० | दिवा खाजा व्यवस्थापन कार्यविधि | पटक | ० | १ | ० | ० | ० | १ | २ |
| ११ | गाउँ शिक्षा समिति नियमित बैठक | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १२ | विद्यालयमा आचारसंहिता निर्माण तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १३ | विद्यालय लेखा व्यवस्थापन प्रणाली (SAS) सम्बन्धि तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १४ | विद्यालयमा लैङ्गिक सम्पर्क विन्दु सहितको गुनासो सुनुवाइ सयन्त्र व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १५ | विद्यालय सामाजिक परिक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

## ५.२.७ लगानी र स्रोत व्यवस्थापन

संस्थागत संरचना तथा क्षमता विकास लागि योजना अवधिभरमा प्रस्ताव गरिएका कार्यक्रमहरुको कार्यान्वयनका लागि योजनमा विशेष गरी संघीय, प्रदेश तथा स्थानीय सरकारहरुलाई जिम्मेवार र जवाफदेही बनाइएको छ ।सो बमोजिमको दायित्व निर्वाह गर्नेगरी देहाय बमोजिम लगानी तथा स्रोतको अनुमान एवं प्रक्षेपण गरिएको छ ।

| क्र सं | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ बर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| १ | गाउँ शिक्ष ऐन, नियमावली | पटक | ० | १०० | १०० | ० | ० | २०० | ० | ० | २०० | ० |
| २ | शिक्षक सहायता प्रणालीको स्थापना र सहजीकरण | पटक | ० | ५० | ५० | ५० | ५० | २०० | ० | ० | २०० | ० |
| ३ | IEMIS को अद्यावधिकीकरण र अभिलेख व्यवस्थापनका लागि अभिमुखीकरण | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | ० | ० | ० |
| ४ | अनुगमन, सुपरीवेक्षण र पृष्ठपोषण | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | ० | ० | ० |
| ५ | आवश्यक कानूनी प्रबन्ध तथा मापदण्ड विकास | पटक | ० | ० | १०० | १०० | ० | २०० | ० | ० | २०० | ० |
| ६ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | पटक | २० | २० | २० | २० | २० | १०० | ० | ० | १०० | ० |
| ७ | बार्षिक शैक्षिक प्रतिवेदन तयारी | पटक | ३० | ३० | ३० | ३० | ३० | १५० | १५० | ० | ० | ० |
| ८ | कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | पटक | २५ | २५ | २५ | २५ | २५ | १२५ | 0 | 0 | १२५ | 0 |
| ९ | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्यांकंन गर्ने, गराउन | पटक | २५ | २५ | २५ | २५ | २५ | १२५ | 0 | 0 | १२५ | 0 |
| १० | दिवा खाजा व्यवस्थापन कार्यविधि | पटक | ० | ५० | ० | ० | ० | ५० | 0 | 0 | ५० | 0 |
| ११ | गाउँ शिक्षा समिति नियमित बैठक | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | 0 | 0 | ५०० | 0 |
| १२ | विद्यालयमा आचारसंहिता निर्माण तथा कार्यान्वयन | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | 0 | 0 | २५० | 0 |
| १३ | विद्यालय लेखा व्यवस्थापन प्रणाली (SAS) सम्बन्धि तालिम | पटक | १५० | १५० | १५० | १५० | १५० | ७५० | 0 | 0 | ७५० | 0 |
| १४ | विद्यालयमा लैङ्गिक सम्पर्क विन्दु सहितको गुनासो सुनुवाइ सयन्त्र व्यवस्थापन | पटक | ७० | ७० | ७० | ७० | ७० | ३५० | ३५० | 0 | 0 | 0 |
| १५ | विद्यालय सामाजिक परिक्षण | पटक | ९० | ९० | ९० | ९० | ९० | ४५० | ४५० | 0 | 0 | 0 |

## ५.२ शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

यस योजनाले प्रस्ताव गरेका उद्देश्य तथा लक्ष्यहरूलाई नतिजा र उपलब्धिमा रूपान्तरण गर्न कार्यान्वयनको उपयुक्त र सबल संरचनात्मक प्रबन्ध आवश्यक हुन्छ। योजनाको कार्यान्वयन प्रबन्धअन्तर्गत आवश्यक सङ्गठन तथा संरचना, जनशक्ति, नीति, कानुन तथा मापदण्ड र जिम्मेवारी सहितको उत्तरदायित्वको संरचना पर्दछन। यसअन्तर्गत बार्षिक योजना तथा बजेट तर्जुमाको संयन्त्र, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन पर्दछन् ।

### ५.२.२ वर्तमान अवस्था

स्थानीय तहमा शिक्षा विभाग, महाशाखा वा शाखामार्फत शिक्षासम्बन्धी कार्यहरू भईरहेका छन्। स्थानीय तहका शिक्षा शाखाहरूले सम्बन्धित तहअन्तर्गत विद्यालयस्तरीय शिक्षा योजना निर्माण, कार्यक्रम कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्दछन्। प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षकमध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ।

स्थानीय तहलाई विद्यालय शिक्षाका सवालहरूमा प्राविधिक सहायता र सहयोग उपलब्ध गराउने र प्रादेशिक तथा सङ्घीय सरकारहरूले स्थानीय तहहरूसँग शिक्षाका विभिन्न विषयहरूमा साझेदारी तथा समन्वय गर्ने विषयमा स्पष्ट गर्नु जरुरी रहेको छ ।

स्थानीय तहले शिक्षा क्षेत्र विकासका लागि आवधिक योजना तयार गर्ने, सङ्घीय तथा प्रदेश तहबाट प्राप्त ससर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने, योजना कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, मापदण्ड तथा निर्देशिका विकास गर्ने, शिक्षा शाखाको क्षमता सुदृढ गरी कार्यक्रम कार्यान्वयनका लागि सरोकारवालाहरू संलग्न रहेको समन्वय समिति आवश्यकतानुसार अन्य समितिहरू निर्माण गर्ने कार्यहरु भैरहेका छन्। साथै शिक्षण सिकाइमा आवश्यक सहयोग आदान प्रदानका लागि स्थानीयस्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने, विद्यालयमा विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने कार्य हुँदै आएको छ ।

विद्यालय सुधार योजना बनाई वार्षिक रूपमा अद्यावधिक गर्ने, स्थानीय तहबाट प्राप्त बजेट तथा आफ्नै स्रोतका बजेट प्रयोग गरी विद्यालय व्यवस्थापन समितिले वार्षिक कार्यक्रम तथा बजेट निर्माण गर्ने र कार्यान्वयन गर्ने, विद्यालय सुधारसँग सम्बन्धित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापक जिम्मेवार बनाउने, विद्यालय व्यवस्थापनका लागि प्रधानाध्यापकहरूको सशक्तीकरण तथा क्षमता अभिवृद्धि गर्ने, वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षाकोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने, अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र विद्यालयको कार्यसम्पादनका सम्बन्धमा सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने, स्थानीय तहका सम्बन्धित शाखाहरू, स्थानीय सामुदायिक तथा गैरसरकारी संस्था तथा स्रोतव्यक्ति समेतको सहकार्यमा विद्यार्थीका लागि पोषण, स्वास्थ्य, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा विपद्को अवस्थामा समेत शिक्षाको निरन्तरताका लागि आवश्यक समिति वा संरचना तयार गर्ने जस्ता कार्यहरु विद्यालयस्तरबाट हुँदै आएको छ ।

### ५.२.३ वर्तमान अवस्था

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु
२. जनशक्तिका लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु
३. आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु

## ५.२.४ रणनीति

योजनाका उद्देश्यहरू प्राप्त गर्न निम्नलिखित रणनीतिहरू अबलम्बन गरिनेछ :

४. सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गरिनेछ।
५. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकताअनुसार कानुन कार्यविधि तथा निर्देशिका विकास गरिनेछ ।
६. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहज करण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गरिनेछ ।
७. एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गरिनेछ ।
८. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनमा सहजीकरण गरिनेछ ।
९. विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गर्न लगाइनेछ ।
१०. विद्यालय व्यवस्थापनलाई सशक्त कृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाइनेछ ।
११. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा बिताउने समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गरिनेछ ।
१२. अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गरिनेछ ।
१. सामाजिक परीक्षणलाई प्रभावकारी बनाइनेछ ।
२. विद्यालयहरूका वेबसाईट विकास गर्ने व्यवस्था गरिनेछ ।

## ५.२.५ प्रमुख उपलब्धी तथा नतिजा

**क) उपलब्धी**

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ ।

**ख) नतिजा र परिमाणात्मक लक्ष्य**

यस योजनाको कार्यान्वयनबाट योजना कार्यान्वयनको प्रबन्ध निम्नलिखित मुख्य नतिजा हासिल हुनेछनः

| क्रस | सुचक | आधार बर्ष (२०८०/८१) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | १ | १ | १ | १ | १ | १ |
| २ | आवश्यक कानुन निर्देशिका तथा कार्यविधि विकास | ० | १ | १ | १ | १ | १ |
| ३ | कानुन निर्देशिकाको प्राधिकरण | ० | १ | १ | १ | १ | १ |
| ४ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | ९ | ९ | ९ | ९ | ९ | ९ |
| ५ | एकीकृत शैक्षिक प्रणालीमा सुदृढीकरण | ९ | ९ | ९ | ९ | ९ | ९ |
| ६ | संयुक्त अनुगमन | ० | १ | १ | १ | १ | १ |
| ७ | सार्वजनिक सुनुवाई कार्यक्रम | ० | १ | १ | १ | १ | १ |
| ८ | शैक्षिक संवाद कार्यक्रम | ० | १ | १ | १ | १ | १ |
| ९ | अर्धबार्षिक समिक्षा कार्यक्रम | ० | २ | २ | २ | २ | २ |

### ५.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

यस योजनाको प्रमुख उपलब्धी तथा नतिजा प्राप्ति गर्नको लागि निम्नलिखित प्रमुख क्रियापलाक र वार्षिक लक्ष्य अनुसार योजना कार्यान्वयन हुनेछ ।

| क्रस | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ( पाँच वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | १० |
| २ | आवश्यक कानुन निर्देशिका तथा कार्यविधि विकास | पटक | १ | १ | १ | १ | १ | १० |
| ३ | कानुन निर्देशिकाको प्राधिकरण | पटक | १ | १ | १ | १ | १ | १० |
| ४ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | १० |
| ५ | एकीकृत शैक्षिक प्रणालीमा सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | १० |
| ६ | संयुक्त अनुगमन | पटक | १ | १ | १ | १ | १ | १० |
| ७ | सार्वजनिक सुनुवाई कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १० |
| ८ | शैक्षिक संवाद कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १० |
| ९ | अर्धबार्षिक समिक्षा कार्यक्रम | पटक | २ | २ | २ | २ | २ | २० |

### ५.२.७ लगानी र स्रोत व्यवस्थापन

योजना कार्यान्वयन र प्रबन्धको लागि योजना अवधिभरमा प्रस्ताव गरिएका कार्यक्रमहरुको कार्यान्वयनका लागि योजनमा विशेष गरी संघीय, प्रदेश तथा स्थानीय सरकारहरुलाई जिम्मेवार र जवाफदेही बनाइएको छ ।सो बमोजिमको दायित्व निर्वाह गर्नेगरी देहाय बमोजिम लगानी तथा स्रोतको अनुमान एवं प्रक्षेपण गरिएको छ ।

| क्र सं | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ बर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| १ | आवश्यक कानुन निर्देशिका तथा कार्यविधि विकास | पटक | १० | १० | १० | १० | १० | ५० | ० | ० | ५० | ० |
| २ | कानुन निर्देशिकाको प्राधिकरण | पटक | १५० | १५० | १५० | १५० | १५० | ७५० | ७५० | ० | ० | ० |
| ३ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १२० | १२० | १२० | १२० | १२० | ६०० | ६०० | ० | ० | ० |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | एकीकृत शैक्षिक प्रणालीमा सुदृढीकरण | पटक | १५० | १५० | १५० | १५० | १५० | ७५० | ७५० | ० | ० | ० |
| ५ | संयुक्त अनुगमन | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | ० | ० | २५० | ० |
| ६ | सार्वजनिक सुनुवाई कार्यक्रम | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | ० | ० | ५०० | |
| ७ | शैक्षिक संवाद कार्यक्रम | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | ० | ० | ५०० | ० |
| ८ | अर्धबार्षिक समिक्षा कार्यक्रम | पटक | २०० | २०० | २०० | २०० | २०० | १००० | ५०० | ० | ५०० | ० |

# परिच्छेद ६- लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

देश विकासको लागि "शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो" भनिन्छ । दिगो विकासका लागि राष्ट्रले प्राथमिकताका साथ शिक्षामा लगानी गर्नुपर्दछ । नेपालले विभिन्न कालखण्डमा शिक्षासम्बन्धी नीति तथा कार्यक्रम तय गर्दा शिक्षामा लगानी वृद्धि गर्ने लक्ष्य लिएको छ ।

नेपालमा बजेट निर्माणका चरणमा शिक्षा क्षेत्रको बजेट प्रमुख छलफलको विषय बन्ने गर्दछ । शिक्षामा राष्ट्रिय बजेटको २०% सम्म लगानी पुऱ्याउने लक्ष्य राखेको भए तापनि अहिलेसम्म उक्त लक्ष्य पूरा भएको पाइँदैन । अहिलेको विद्यालय क्षेत्र विकास योजनाको अन्त्यसम्ममा लगानी वृद्धि हुने आशा गर्न सकिन्छ ।

संविधानले आधारभूत शिक्षालाई निःशुल्क र अनिवार्य गराउने, माध्यमिक तहको शिक्षा निःशुल्क गर्ने र अपाङ्ग, महिला, जात तथा वर्ग विभेद नहुने गरी शिक्षालाई मौलिक हकका रूपमा प्राप्त गर्ने अवसर प्रदान गर्न राज्यको दायित्व हुने कुरा प्रस्ट पारेको छ । शिक्षा ऐन, नियम, राष्ट्रिय शिक्षा नीति –२०७६ र विद्यालय क्षेत्र विकास योजना २०७३ ले पनि यसै कुरालाई पछ्याएको छ ।

विद्यालय शिक्षामा लगानी गर्नु संघ, प्रदेश र स्थानीय तहको साझा दायित्व भएकोले यस विषयमा विशेष ध्यान पुऱ्याउनुपर्दछ। तहगत सरकारबाट तोकिएको क्रियालापमा आधारित लगानी नगरी पुरक लगानीको उत्तरदायित्व सयन्त्र विकास गरी कार्यान्वयन गर्नु पर्दछ। परिमाणस्वरुप विद्यालयका शिक्षक तथा कर्मचारीको पारिश्रमिक र भौतिक निर्माण लगायतका कार्यमा सङ्घीय तहबाट वित्तीय हस्तान्तरणमार्फत उपलव्ध हुने सशर्त अनुदानका अतिरिक्त स्थानीय सरकारले आफ्नै स्रोतबाट समेत बजेट विनियोजन गर्ने अपेक्षा गरिएको छ।

## ६.२ वर्तमान अवस्था

शिक्षालाई संवैधानिक रुपमा नै नागरिकको मौलिक हकको रुपमा स्थापित विषय भएको आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क हुने र माध्यमिक तहसम्मको शिक्षा निशुल्क हुने कुरा उल्लेख गरिएको छ । यसर्थ पनि शिक्षा राज्यको प्राथमकिताको क्षेत्र र धेरै लगानी हुने क्षेत्र मध्ये पर्दछ । नेपालका विभिन्न नीतिगत दस्तावेज तथा बौद्धिक जगतहरुबाट वा अनुसन्धान प्रतिवेदन आदिमा शिक्षामा हालको लगानी न्यून देखिन्छ र यसमा वृद्धि गर्नुपर्छ भन्ने कुरालाई सबैले जोड दिएका छन् । ती सबै दस्तावेजहरुमा राष्ट्रिय बजेटको न्यूनतम् २० प्रतिशत बजेट शिक्षामा विनियोजन गर्नुपर्छ भन्ने सुझाव समेत दिएको पाइन्छ । हाल शिक्षा क्षेत्रमा राष्ट्रिय रुपमा हाल कूल वार्षिक बजेटको १०.६४ प्रतिशत (१ खर्ब ८० अर्ब) विनियोजन भएको पाइन्छ ।

**शिक्षामा सरकार (सङ्घ, प्रदेश र स्थानीय तहको) को लगानी**

| क्र.स | सङ्घमार्फत आ व २०८०/०८१ मा निकासाको शीर्षक | रकम रू |
|---|---|---|
| १ | COVID 19 बाट भएको शैक्षिक क्षति न्यूनीकरण तथा विद्यार्थीको सिकाइ प्रवद्रधन कार्यक्रम | ४३६,०००.०० |
| २ | आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान विशेष शिक्षा परिषद अन्तर्गतका शिक्षक) कर्मचारीहरू समेत) | २७,८००,००.०० |
| ३ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | ३००,०००.०० |
| ४ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सामग्री व्यवस्थापनका लागि अनुदान | ४०,०००.०० |
| ५ | प्रारम्भिक बाल विकास सहजकर्ताहरूको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | २,६३२,०००.०० |

| क.स | सङ्घमार्फत आ व २०८०/०८१ मा निकासाको शीर्षक | रकम रू |
|---|---|---|
| ६ | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान विशेष शिक्षा परिषदअन्तरगतका(शिक्षक र कर्मचारी प्राविधिक धारका प्रशिक्षक समेत) | ३,७००,०००.०० |
| ७ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | ५४३,०००.०० |
| ८ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ५९०,०००.०० |
| ९ | शैक्षिक पहुँच सुनिश्चितता (अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम, परम्परागत विद्यालय वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रमसमेत) | १,०५५,०००.०० |
| १० | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मूल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | ५६६,०००.०० |
| ११ | सामुदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क सेनिटरी प्याड व्यवस्थापन (शैक्षिक कार्यक्रम) | १८,०००.०० |
| १२ | सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान | ५९,०००.०० |
| १३ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि छात्रवृत्ति (आवासीय तथा गैरआवासीय) | ६१,०००.०० |
| | कुल जम्मा | ३७,८००,०००.०० |

*स्रोतः मनाङ डिस्याङ गाउँपालिका लेखा शाखा २०८०*

**शिक्षामा स्थानीय सरकारको लगानी**

| क्रस | आर्थिक बर्ष २०८०/८१को विनियोजन शिर्षक | **बजेट** |
|---|---|---|
| १ | IEMIS तालिम | ५७,३००.०० |
| २ | SAS तालिम | १००००० |
| ३ | दिवा खाजा व्यवस्थापन | २००००० |
| ४ | शैक्षिक तथा खेलकुद सामग्री | ५०,०००.०० |
| ५ | स्थानीय पाठ्यपुस्तक छपाई | ३८,०१७.१७ |
| ६ | विद्यालय मर्मत सम्भार | १५००००० |
| | जम्मा | १९४५३१७ |

*स्रोतः मनाङ डिस्याङ गाउँपालिका लेखा शाखा २०८०*

शिक्षाका विभिन्न उपक्षेत्रमा विभिन्न सरोकारवालाहरूबाट भएको लगानीको अवस्था गाउँपालिकाको निम्न उपक्षेत्रहरूमा विभिन्न सरोकारवालाहरूको लगानी भएको अवस्था छ ।

| उपक्षेत्र | लगानीको अवस्था |
|---|---|
| प्रारम्भिक बालविकास तथा शिक्षा | २६३२००० |
| आधारभूत तह ९कक्षा १-८० | २७१३६३०० |
| माध्यमिक तह ९कक्षा ९-१२० | ५०१४००० |
| प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तथा तालिम | ० |
| पाठ्यक्रम र पाठ्यसामग्री | ९७०१७ |
| शिक्षक व्यवस्थापन र विकास | ३५००००० |

| | |
|---|---|
| निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा | १०५५००० |
| आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच/समावेशी शिक्षा | ३११००० |
| शिक्षामा सूचना प्रविधि | ० |
| जम्मा | ३९७४५३१७ |

*स्रोतः मनाङ डिस्याङ गाउँपालिका लेखा शाखा २०८०*

**शिक्षामा घरपरिवार र निजी लगानी**

**शिक्षामा घर परिवारको लगानी :**

विद्यालय शिक्षामा अभिभावक सहयोग सन्दर्भमा विद्यार्थी भर्ना गर्दा विद्यालयलाई आर्थिक सहयोग गर्नेबाहेक अन्य प्रत्यक्ष लगानी देखिएको छैन। निःशुल्क शिक्षा प्रत्याभुत गर्न बालबालिकालागि उपलब्ध गराइने व्यक्तिगत सिकाइ सामग्रीमा पाठ्यपुस्तकबाहेकको अन्य सामग्री जस्तै, झोला, कापी, कलम, पोसाक जस्ता सामग्री सम्बन्धित विद्यार्थीको परिवारले नै जुटाएको अवस्था छ ।

**निजी लगानी :**

पालिका अन्तर्गत सञ्चालित विद्यालयहरू तथा अन्य क्रियाकलापहरूमा निजी क्षेत्रको लगानी न्यून भएको अवस्था छ । तथापि कतिपय सामुदायिक विद्यालयहरूको स्थापना तथा थप भवन निर्माण तथा क्षेत्र विस्तारका लागि विभिन्न सामाजिक अगुवाहरूबाट जग्गा प्राप्त भएका छन् ।

## ६.३ उद्देश्य

१. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु
२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु
३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु

## ६.४ रणनीतिहरू

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट शिक्षामा लगानीमा वृद्धि गरिने छ ।
२. विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारीता बढाउईने छ।
३. वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिनेछ ।
४. शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई उचित नियमनका साथ प्रोत्साहन तथा प्रवर्द्धन गरिनेछ ।
५. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने छ ।
६. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याइ वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउईने छ ।
७. लागत साझेदारीमा आधारित कार्यक्रम सञ्चालन गरिने छ ।

## ६.५ स्रोत अनुमान र विश्लेषण

यस अन्तर्गत संघीय सरकारबाट सालबसाली रुपमा प्राप्त हुने सशर्त कार्यक्रम र बजेटको प्रस्तावित विवरण, प्रदेश सरकारबाट प्राप्त हुने कार्यक्रम र बजेटको प्रस्तावित विवरण र स्थानीय सरकारको आन्तरिक स्रोतको परिचालन गरी योजना अवधिभरमा सालबसाली रुपमा सञ्चालन गरिने प्रस्तावित कार्यक्रम र बजेटको समष्टिगत कार्यक्रमहरुलाई समेटिएको छ । यसमा संघीय सरकारले सालबसाली रुपमा हाल सञ्चालन गरिरहेका कार्यक्रमहरु चालु तथा पुँजीगत शीर्षकका बजेट अनुमान तथा यसमा हुनसक्ने थपघटको अवस्थालाई समेत विश्लेषण गरिएको छ । त्यसैगरी स्थानीय सरकारबाट सञ्चालन भैरहेका थप आर्थिक

व्ययभार पर्ने चालु तथा पुँजीगत कार्यक्रमहरु र योजना अबधिमा सञ्चालन गरिने विभिन्न कार्यक्रमहरु मध्ये ती कार्यक्रमको प्रगति, लागत अनुमान, सोको नर्म्स, संभाव्यता, सामर्थ्यता र नियमितताका हिसाबले समेत स्रोतको अनुमान तथा विश्लेषण गरिएको छ । कुनै कार्यक्रमको दररेटका सम्बन्धमा संघीय सरकारको लगत अनुमान सालबसाली रुपमा कायम भैरहेको दररेट र स्थानीय दररेटका आधारमा नर्म्स तोकी सोही बमोजिम बजेटको अनुमान गरिएको छ ।

यस अघि व्याख्या गरिएका उपक्षेत्रगत रुपमा अलग अलग भएका पाँच वर्षको बजेटलाई एकमुष्ट रुपमा राख्दा यस प्रकारको लगानी हुने देखिन्छ ।

| क सं | उपक्षेत्र | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४/०८५ | २०८५/०८७ | पाँच वर्षको जम्मा (रु. हजारमा) | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बाल विकास तथा शिक्षा | ३७५२ | ५८७७ | ५११२ | ५१६२ | ४१७७ | २४०८० | १७६८७ | ८५८ | ५१३८ | ३५० |
| २ | आधारभूत शिक्षा | २९३२४ | ३२२०२ | ३४५२७ | ३४८५२ | ३४४४७ | १६५३५० | १४६८९० | ३६०० | १४८६० | ० |
| ३ | माध्यमिक शिक्षा | ४३५० | ७५६० | ८४७० | ८७९० | ८८५० | ३८०२० | २२६६० | ६३०० | ९०६० | ० |
| ४ | प्राविधिक तथा व्यावसायिक शिक्षा | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | ० | १२५०० | १२५०० | ० |
| ५ | पाठ्यक्रम र मूल्याङ्कन | २३७४ | २३७४ | २३७४ | २३७४ | २३७४ | ११८७० | ३९९५ | ० | ७८७५ | ० |
| ६ | शिक्षक व्यवस्थापन र विकास | ७०० | १३३० | ८४० | १०२० | ११२० | ५०१० | ३३२० | ० | १६९० | ० |
| ७ | अनौपचारिक तथा जीवन पर्यन्त सिकाइ | १११० | १६८० | १५८० | १५८० | १६८० | ७६३० | ५५५० | ० | १८८० | २०० |
| ८ | शैक्षिक समता र समावेशीकरण | ७७५ | ७७५ | ७७५ | ७७५ | ७७५ | ३८७५ | १००० | १२५ | १८७५ | ८७५ |
| ९ | विद्यालय स्वास्थ्य र पोषण कार्यक्रम | ११४२ | ३६३२ | २९६२ | ३३९२ | २६६२ | १३७८८ | २९०८ | ६५४० | २६४८ | १३५० |
| १० | आपत्कालीन अवस्थामा शिक्षा | ८९० | ११७० | ८९० | ११७० | ८९० | ५०१० | ४५० | ११५० | २५६० | ८५० |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | ५०० | ७४३० | ७८८० | १४४८० | १३७३० | ४४०२० | १२५० | २११५० | ११८७० | ९७५० |
| १२ | शिक्षामा सूचना तथा प्रविधि | २४ | १७२४ | ३८२४ | ३८२४ | ३८२४ | १३२२० | ३७२० | ४८०० | १५०० | ३२०० |
| १२ | सुशासन तथा व्यवस्थापन | १५९० | १७९० | १८४० | १७४० | १६४० | ८६०० | ४३०० | ० | ४३०० | ० |
| १४ | अनुगमन तथा मूल्याङ्कन | १४० | २२० | १४० | १४० | २२० | ८६० | ३५० | ० | ५१० | ० |
|  | **जम्मा** | ५१६७१ | ७२७६३ | ७६२१३ | ८४२९८ | ८१३८८ | ३६६३३३ | २१४०८० | ५७०२३ | ७८२६६ | १६५७५ |

## परिच्छेद सातः अनुगमन तथा मुल्याङ्कन

### ७.१ परिचय

